ISSN: 2631-2077

# सिर्जना आलोक शृङ्खला

साहित्य, सङ्गीत र कलाको शृङ्खला

वर्ष ४, अङ्क ९, असोज-मंसिर २०७९ पूर्णाङ्क १८

**प्रमुख व्यवस्थापक**

लक्ष्मी थापा

**सम्पादक**

तारा प्रसाद तिमिल्सिना

**सम्पादन सदस्य**

लीला पण्डित

काजी गाउँले

विकास लुङ्गेली

विष्णु सुवेदी

**अर्थ व्यवस्थापक**

लक्ष्मण गौतम 'हिमाली'

**व्यवस्थापन**

सन्तोष न्यौपाने

गीता तिवारी

भक्त रसाइली

वीरेन्द्र सूर्यवंशी

**प्रकाशक**

साहित्य शृङ्खला, पोखरा

# समर्पण

"साहित्य, सङ्गीत र कलाका माध्यमबाट जनताका पक्षमा

अनवरत कलम चलाउने प्रगतिशील स्रष्टा

र द्रष्टा साधकहरूप्रति समर्पित !"

## सल्लाहकार

**श्री टेकनाथ बराल**

**प्रा.डा. रविलाल अधिकारी**

**श्री मञ्जु देवी गुरुङ (उपप्रमुख, पो.म.न.पा)**

**श्री नारायण परिश्रमी**

**डा. कृष्णराज अधिकारी**

**श्री यादव राज उपाध्याय**

**श्री पूर्ण लामा**

**प्रा.डा. यदुनन्दन उपाध्याय**

**श्री रामराज रेग्मी**

**श्री विष्णु 'अल्पविराम'**

**श्री स्टगल राना**

**श्री लोकनाथ पुडासैनी**


कृति : सिर्जना आलोक शृङ्खला

[वर्ष ४, अङ्क ९, असोज-मंसिर २०७९ पूर्णाङ्क १८]

प्रकाशक © : साहित्य शृङ्खला, पोखरा

सर्वाधिकार : प्रकाशकमा

आवरण :

मुद्रण : आदर्श अफ्सेट प्रिन्टर्स, बगर ०६१-५४४९६२

*ISSN* : *2631-2077*



सम्पर्क : ***aalokasp.74@gmail.com***

**९८४६०५४९२७**

# हाम्रो दायित्व

भन्दै आइएको छ, "साहित्य र कला समाजका ऐना हुन् ।" साहित्यका कतिपय विधामा संगीतले महत्वपूर्ण भूमिका निभाएको पाइन्छ । साहित्यका माध्यमले नियमित रूपमा समाजका हरेक विकृति विसङ्गतिलाई नागरिक समक्ष उजागर गर्नका लागि साहित्य शृङ्खलाले त्रैमासिक रूपमा सिर्जना आलोक शृङ्खला प्रकाशित गर्दै आएको हामी सबैलाई जानकारी भएको विषय रहेको छ ।

वास्तवमा हाम्रै देशको सन्दर्भमा भन्नुपर्दा प्राचीन कालदेखि नै प्राय जसो नागरिकहरू अन्याय, अत्याचार, शोषण जस्ता अमानवीय क्रियाकलापहरूले आक्रान्त छन् । देशमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सामन्तहरूकै शासन रहेको पाइन्छ । नागरिकहरू भोग र रोगबाट पीडित छन् । नीति, विधि, विधान केवल कागजमा मात्र सिमीत रहेको पाइन्छ । प्रायःजसो ग्रामीण क्षेत्रका बसोबास गर्ने नागरिकहरूले भोग्नु परेको यावत् पीडाहरूको वर्णन गरेर साध्य छैन । यस्ता विषयलाई उजागर गर्नु नै हाम्रो कर्तव्य र दायित्व समेत रहेको छ ।

व्यवस्था परिवर्तन भएर मात्र नागरिकले न्याय र सुशासन प्राप्त गर्छन् भन्नु पनि व्यार्थ प्रमाणित भएको पाइन्छ । शिक्षा, स्वास्थ्य जस्ता नागरिकका आधारभूत आवश्यकताहरू झन् झन् महँगो हुँदै गएको पाइन्छ । नागरिकले दैनिक रूपमा प्रयोग गर्नुपर्ने कतिपय सामान विदेशबाट आयात गर्नुपर्दा एकातर्फ नागरिक महँगीका भारमा पिल्सिएका छन् भने अर्कोतर्फ नागरिकले सरकारलाई बुझाएको कर प्रायःजसो विदेशिएका पाइन्छ । राज्यलाई क्रमिक रूपमा कसरी आत्मनिर्भर बनाउने बाटोतर्फ लैजाने भन्ने योजना कुनै पनि सरकारको देखिँदैन । झुटो आश्वासन दिएर निर्वाचित भई आफू र आफ्नालाई कसरी पोस्ने भन्ने घयाउन्न सरकार चेलाउनेको रहेको पाइन्छ ।

यस्ता विषयलाई निरन्तर नागरिक सामु प्रस्तुत गरी जनचेतना जगाउने कार्य साहित्य र कलाले गर्दछ । सिर्जना आलोक शृङ्खलाले पनि यी र यस्तै विषयलाई नागरिक समक्ष पुऱ्याउने प्रयास गरेको पाइन्छ ।

वास्तवमा हाम्रो देशमा हुँदा खाने नागरिकहरू निरीह छन् । प्रत्येक क्षेत्रमा संलग्न हुने– खानेहरूले आ–आफ्नो पकड जमाएका छन् । त्यसैले अब देशको विकास ती भुइँनागरिकका आँखाले देख्ने गरी र उनीहरूको मनले महशुस गर्ने गरी हुनु आवश्यक छ । उनीहरूले भोग्नु परेका विविध पीडाहरूलाई यथार्थ नै संबोधन गरिनु आवश्यक छ । त्यसैले कला कलाको लागि मात्र नभई कलाले सामाजिक विकृतिहरूलाई उजागर गरी जनसमक्ष ल्याउने र तिनको निराकरणको लागि उपयुक्त सुझाव दिने काम पनि गर्ने हुँदा सिर्जना आलोक शृङ्खलाले पनि यिनै पक्षमा ध्यान आकर्षण गराउने रचनाहरू पस्कने गरेको

छ ।

यसरी नै साहित्यको क्षेत्रमा अझ भन्दा प्रगतिशील साहित्यको क्षेत्रमा प्रत्येक महिनाको प्रथम शनिबार सञ्चालन हुँदै आएको साहित्य शृङ्खला र त्रैमासिक रूपमा प्रकाशित हुँदै आएको सिर्जना आलोक शृङ्खलाले देशमा नागरिकले भोग्नु परेको यावत् विकृति विसङ्गतिलाई हटाई प्रगति पक्षमा लाग्नुपर्ने पक्षमा वकालत गर्दै आएको पाइन्छ । यस कार्यमा संगम सांस्कृतिक मञ्च र सबै स्रष्टाहरूले रचना प्रस्तुत गरेर साहित्य शृङ्खलाको कार्यमा सहयोग गर्दै आएको पाइन्छ भने आगामी दिनहरूमा पनि यस्तै सुझाव  र सहयोगको अपेक्षा गर्दछौं ।

- सम्पादक

# विषय सूची


| शीर्षक | लेखक | पेज नं. |
|---|---|---|
| जनताको बहुदलीय जनवादका सूत्रहरू | रविलाल अधिकारी | १ |
| शीतांशु - जीवन र जगतसंग संवाद | शिव पलाँस | ८ |
| 'शुक्लागण्डकी' को किनारै किनार डुल्दा | डा.कृष्णराज अधिकारी | ११ |
| मेरो मानसपटलमा अमेरिका | तीर्थराज अधिकारी | २१ |
| कमरेड श्यामको स्मृति ग्रन्थ हात परेपछि ! | नारायण परिश्रमी | ३६ |
| विसङ्गत बस्तीका तस्वीरहरु | सरस्वती श्रेष्ठ 'सरू' | ४० |
| मिलाएर नखाए खानेकुरा पनि विष | कल्याण पन्त | ४५ |
| बौद्ध दर्शनको तत्व मिमांसा | रामराज रेग्मी | ४९ |
| निबन्ध - लेखन - एक युद्ध ! | विष्णु पादुका | ५२ |
| शीर्षक | नुमराज बराल | ५६ |
| छुटेको टोपी | रामजी प्रसाद आचार्य | ५८ |
| महावीर उर्फ सानो पावेल ! | बलराम तिमिल्सिना | ५९ |
| लोक कविता | डा ईश्वरमणि अधिकारी | ६१ |
| आमा प्रति स्रद्धाभाब ! | धर्म राज पौडेल अल्पायु | ६२ |
| चुनाव र मानिसहरु | यकिना अगाध | ६३ |
| बिहानी खोज्दा खोज्दै.... | अम्बिका भण्डारी | ६६ |
| महाकवि तिमी बाँचिरहेछौ | लीला पण्डित (के.सी.) | ६८ |
| जानेका नाममा | अजित उत्सव | ६९ |
| प्रतीक्षा | रीता अधिकारी "ऋतु" | ७१ |
| कविता | के.वि. सञ्जाली | ७२ |
| कठघरा | लोचना अधिकारी | ७३ |
| प्रकृति | बैरागी भिम बहादुर थापा | ७४ |
| बाँचेको छु | उपेन्द्र तिमिल्सिना | ७५ |

| | | |
|---|---|---|
| **पिता म आफैँ रहेछु दुःखको** | माधव खतिवडा | ७६ |
| **केबलपुरे किसानको सम्झना** | लक्ष्मण गौतम (हिमाली) | ७७ |
| **बदमासहरू !** | लोकनाथ पुडासैनी | ७८ |
| **परिवर्तन** | लता के सी | ७९ |
| **साँस्कृतिक रुपान्तरण** | स्ट्रगल राना | ८२ |
| **बाउबाजेको इज्जत !** | लेखनाथ खनाल | ८३ |
| **भोट** | गीता तिवारी | ८४ |
| **प्रमुख आमन्त्रित व्यक्तित्व** | अल्पविराम पोखरेली | ८६ |
| **सताको सकस** | शोभा लामिछाने | ८७ |
| **चार मुक्तक** | डा. पुष्पा के.सी. भण्डारी | ८९ |
| **तीन मुक्तक** | शकुन ज्ञवाली | ९० |
| **गजल** | रामकुमार श्रेष्ठ 'फुच्चे' | ९१ |
| **गजल** | दिलिप दोषी | ९२ |
| **केही हाइकु** | कृष्णप्रसाद पौडेल | ९३ |
| **परिश्रमी प्रतिभा पुरस्कार-२०७५ : सङ्क्षिप्त चिनारी** | | ९५ |
| **अक्षयकोषदाता/आजीवन सदस्यहरू** | | ९६ |

# जनताको बहुदलीय जनवादका सूत्रहरू

रविलाल अधिकारी

**१. विषय प्रवेश**

विद्वान् समालोचक गोविन्द भट्ट (१९९४-२०६८) को स्मृति ग्रन्थस्वरूप प्रकाशित गरिएको 'सम्झनामा गोविन्द भट्ट' भन्ने ग्रन्थको अध्ययन गर्दा गोविन्द भट्टले मदन भण्डारकिो प्रस्थापना 'जनताको बहुदलीय जनवाद' प्रतिपादन गर्दा सरसल्लाह दिएको र आफूले पनि त्यस प्रतिपादनमा समर्थन गरेको भन्ने कुरा जानकारीमा आयो । "चिन्तक गोविन्द भट्टः मार्क्सझैं दाह्रीमा चट्ट" भन्ने लेखमा भट्टसँग आफू र परशुराम दुलालले अन्तर्वार्ता लिएको सन्दर्भ जनाउँदै विनोद मञ्जनले भन्नु भएको छः "सन्दर्भ जोड्दै मित्र परशुले जबजको सम्झना गराउनु भयो । मैले जबजका बारेमा यहाँको लेखहरू अगाडि पछाडि कहिले निस्किएका थिए भनेर सोधेको उत्तरमा भट्ट सरले एमालेको पाँचौँ महाधिवेशनको अघिल्लो दिन साहित्यकार वासुदेव अधिकारीका साथ मदन भण्डारी घरमा आउनु भएको र एक घण्टा छलफल भएको उल्लेख गर्नु भयो । थप्दै भट्ट सरले त्यति बेला निर्भाक सिर्जनात्मक राष्ट्रवादी मदन भण्डारीको प्रभाव आफूमा परेको बताउँदै कम्युनिष्ट आन्दोलनलाई बचाउने कडी जबज नै हो, समग्रमा हेर्दा तपाईँलाई बधाई दिन्छु भने । मार्क्सवाद व्यावहारिक सिद्धान्त हो, नेपालको सन्दर्भमा कम्युनिष्ट आन्दोलनलाई बँचाउने दुरगामी सोच उन्नत छ । कति कुरा मैले नबुझेको पनि हुन सक्छ, केही अस्पष्ट पनि छन् भने पछि दिनभरी बसेर छलफल गर्ने प्रतिबद्धता साथ हामी छुट्टियौँ । पछिल्ला समयमा जबजबारे लेख लेखे । अन्तर्वार्ताहरूमा पनि आफ्ना दृष्टिकोण दिएँ । म जबजको समर्थक बने भन्नुभयो । उहाँ धाराप्रवाह बोल्दै हुनुहुन्थ्यो" (मञ्जन, २०७६ः ४६८) ।

विनोद मञ्जनजीका यस अभिव्यक्ति अनुसार भट्टले जबजका प्रतिपादक मदन भण्डारीलाई समर्थन गरेको र बधाई ज्ञापन गरेको कुरा स्पष्ट देखिन्छ । उहाँ कट्टर मार्क्सवादी नभएको र मार्क्सवादको सार्थकता खोज्ने भए पनि जबजलाई मानेर पार्टी सदस्य नबनेको सन्दर्भ श्याम श्रेष्ठले पनि उल्लेख गर्नुभएको छ । "मार्क्सवादी भएपनि उहाँ कट्टर खालको भने हुनुहुन्नथ्यो । कुनै पनि देशको समाजवादको अन्धनक्कल गर्ने पक्षमा उहाँ हुनुहुन्थ्यो । देशको गतिशील विशिष्टता र यथार्थ अनुसारको समाथवादी अभ्यास हुनुपर्छ भन्ने उहाँको धारणा थियो ।

थाहा आन्दोलनका प्रणेता रूपचन्द्र विष्टको जस्तै "राजनीति जनमुखी हुनुपर्छ, सिद्धान्त समाजवादी हुनुपर्छ" भन्ने उहाँको प्रबल धारणा थियो । पछिल्लो पटक चीनमा देङ सियराओ पिङले अपनाएको समाजवादको चिनिया शैलीको प्रयोग उहाँलाई निकै मन परेको थियो । उहाँ चीन जानुअघि वैचारिक रूपमा श्यामप्रसाद शर्माको गोप्य संगठनमा आबद्ध समेत रहेको बताइन्छ । तर चीनबाट फर्केपछि पछिल्लो जीवनकालमा उहाँको राजनीतिक समर्थन एमालेप्रति ढल्कियो । परन्तु त्यो पार्टीलाई गाह्रो साँघुरोमा धेरै साथ दिए पनि उहाँ त्यो पार्टीको सदस्य भने कहिल्यै हुनु भएन" (श्रेष्ठ, २०७६: ५३३-३४) ।

माथिका उद्धरणहरूले गोविन्द भट्टले मार्क्सवादलाई अर्काका देशको जस्तो अन्धो नक्कलका रूपमा प्रयोग नगरी आफ्ना देशको विशिष्टतामा प्रयोग गर्नुपर्छ र यो सिर्जना मूलक हुनुपर्छ भनी मानेको र मदन भण्डारीले त्यस्तै किसिमको नेपाली मौलिकता मूलक जनताको बहुदलीय जनवादको प्रस्थापना गर्न लागेकामा उहाँलाई बधाई ज्ञापन गरेको भन्ने कुरा देखाउँछन् । जडसूत्रवाद र विसर्जनवादका अन्धकारमा अलमलिएका नेपालका मार्क्सवादीहरूलाई युगानुरूपको सही बाटो पहिल्याउन र मार्क्सवादको सिर्जनात्मक प्रयोग गर्न अघि सारिएको जनताको बहुदलीय जनवाद एउटा महत्वपूर्ण अनुसन्धान कार्य हो भन्ने ठहरमा गोविन्द्र भट्ट पुग्नुभएको थियो र यसका प्रतिपादक भण्डारीलाई बधाई ज्ञापन गर्नु भएको थियो । भट्टद्वारा बधाई ज्ञापन गरिएका भण्डारीले एमालेको पाचौँ महाधिवेशनमा प्रस्तावमा लगेपछि जनताको बहुदलीय जनवाद स्वीकृत गरियो र छैटौँ सातौँ महाधिवेशनमा पनि पास गरिएपछि यसलाई मार्गदर्शक सिद्धान्तका रूपमा मानिएको छ । यस सम्बन्धमा नेकपा एमाले पोलिट ब्यूरो वैकल्पिक सदस्य बेदुराम भुसाल भन्नुहुन्छ- "ब्यवहारवाट नै जनताको बहुदलीय जनवाद सही सावित भैरहेको अवस्थामा २०६५ सालको फागुनमा आयोजित नेकपा (एमाले)को आठौँ महाधिवेशनबाट -" जबजका आधारभूत सिद्धान्तहरूले हामीलाई बदलिदो राष्ट्रिय र अन्तर्राष्टिय परिस्थितिको विश्लेषण गर्न, नेपाली समाजको उत्थान, विकास र वर्तमान अवस्थालाई बुझ्न; नेपाली समाजमा रहेका विभिन्न सामाजिक अन्तर्विरोधहरूको अध्ययन गर्न र बुझ्न, नेपाली समाजको वर्गसंघर्षलाई विकास गर्न, विसर्जनवाद, उग्रवादबाट जोगाएर अगाडि बढ्न; नेपाली जनवादी क्रान्तिलाई अघि बढाउन, एउटा स्वतन्त्र मुक्त जनवादी नेपालको निर्माण गर्न; लोकतान्त्रिक विधि र तरिकासाथ समाजको चौतर्फी रूपान्तरण गर्न; देशको स्वतन्त्रता, सार्वभौमसत्ता, राष्ट्रिय अखण्डता लाई सुदृढ बनाउन; हाम्रा विश्वसम्बन्धहरूलाई विकास र विस्तार गर्न र नेपाली समाजलाई क्रमशः समाजवादको उज्ज्वल भविष्यतिर रूपान्तरण गर्नको निम्ति प्रष्ट रूपले मार्गदर्शन गर्दछन् । त्यसैले जबज हाम्रो पार्टीको कार्यक्रम र सिद्धान्तमात्र नभएर यो हाम्रो पार्टीको वैचारिक, सैद्धान्तिक,

राजनैतिक र संगठनात्मक प्रणाली पनि हो । यसले अब उपर्युक्त प्रणालीको रूपमा विकास गरेको छ । यसै कारण यो मार्गदर्शक सिद्धान्त पनि हो" भन्ने निष्कर्ष निकालियो र सोही महाधिवेशनबाट पारित पार्टीको विधानमा "पार्टीको मार्गदर्शक सिद्धान्त मार्क्सवाद लेनिनवाद र जनताको बहुदलीय जनवाद हो" भनेर किटान गरियो (भुसाल, २०७०:४७) ।

पोलिट ब्यूरोका वैकल्पिक सदस्य वेदुराम भुसालले उल्लेख गरे बमोजिम नेकपा एमालेका आठौँ महाधिवेशनले मार्गदर्शक सिद्धान्तका रूपमा पारित गरेका जनताको बहुदलीय जनवादका सूत्रहरू समसामयिक, व्यापक क्षेत्रसम्म फैलेका र अनुकरणीय छन् । वर्तमान विश्वमा विशुद्ध मार्क्सवादको गफ हाँकेर पन्छिने जनसूत्रवादीहरू र उत्ताउला क्रान्तिकारी कुरा गरेर परिणाममा पुँजीवादकै पुच्छर बन्न पुग्ने विसर्जनवादीहरूले जनताको बहुदलीय जनवादलाई अनुपयुक्त देखे पनि मार्क्सवादको सिर्जनात्मक प्रयोगको कडी जनताको बहुदलीय जनवाद नै देखिन्छ ।

## २. जबजका १४ सूत्र

जनताको बहुदलीय जनवादले शोषित पीडित र तल्ला वर्गका जनताको हितलाई ध्यानमा राखेर मार्क्सवादको सिर्जनात्मक प्रयोग गर्ने सन्दर्भमा चौध ओटा सूत्रहरू अबलम्बन गरेको छ । ती सूत्रहरू यस प्रकार छन्ः

१. संविधानको सर्वोचच्चता- यस सूत्रले देशको संविधानलाई सर्वोच्च मानेर त्यसै अन्तर्गत आफ्ना गतिविधि परिचालन गर्ने सीमा स्वीकार गरेको छ ।

२. बहुलवादी खुल्ला समाज- धेरै थरी विचार भएका मानिसहरू समाजमा हुनुपर्छ र ती सबैले आ–आफ्ना विचार समाजमा खुला रूपमा व्यक्त गर्न पाउनु पर्छ भन्ने स्वतन्त्रताका सन्दर्भलाई प्रस्तुत सूत्रले व्यक्त गरेको छ ।

३. शक्ति पृथकीकरणको सिद्धान्त- राज्यको सम्पूर्ण शक्ति कुनै एक व्यक्ति वा संस्थाका हातमा नरही विभिन्न निकायमा वितरित हुनुपर्छ भन्ने कुरालाई यस सूत्रले संकेत गर्छ । राजा वा राजसंस्थाका हातमा अथवा कुनै पार्टी हाक्ने अध्यक्षका हातमा राज्यको शक्ति रहँदा मनपरी र विकृति आएका सन्दर्भलाई मनन गरिएको एकाधिकार कसैमा रहनुहुन्न भन्ने अर्थ यहाँ बुझ्न सकिन्छ ।

४. मानवअधिकारको रक्षा- यस सूत्रले कम्युनिष्टहरूको मानवअधिकार सम्बन्धी उदासीनतालाई संकेत गरेको छ । यस सम्बन्धमा कानुनका ज्ञाता डा. गोपाल सिवाकोटीको भनाई मननीय छ- "दुनियाँमा कम्युनिष्टहरू मानवअधिकारको पक्षमा छैनन् भन्ने पुँजीवादपन्थीहरूको व्यापक प्रचार छ । कतिपय कम्युनिष्टहरू पनि मानवअधिकारको रक्षा गर्ने काम र कार्यक्षेत्र होइन भन्ने ठान्छन् । तर बहुदलीय जनवाद मानव अधिकारको पक्षमा छ र लामो समयदेखि त्यस निम्ति संगठित रूपमा लड्दै आएको र साँचो अर्थमा कम्युनिष्ट नै मानव अधिकारको सबैभन्दा दृढ योद्धा हो र हुन सक्छ" (सिवाकोटी, २०७५:४७) ।

५. बहुदलीय प्रतिस्पर्धाको प्रणाली– यस सूत्रले धेरै दलहरू भएर उनहिरूका विचमा चुनावी प्रतिस्पर्धा हुँदै सुधारिने र जनताको सेवा गर्न सक्ने हुन आवश्यक छ भन्ने कुरो व्यक्त गरेको छ ।
६. आवधिक निर्वाचन– यस सूत्रले समय–समयमा चुनाव भएर नयाँ नेताले पनि पालो पाउने हुनुपर्छ भन्ने कुरो देखाएको छ ।
७. कानुनको शासन– राज्य सञ्चालन गर्ने शासकहरूले कानुनलाई मिचेर मनपरी गर्न हुँदै र कानुनलाई माथि राखेर काम गर्नुपर्छ भन्ने कुरो यस सूत्रले सीमा बाँधेको छ ।
८. बहुमतको सरकार–अल्पमतको विपक्ष– यस सूत्रले पार्टीहरूका मतका आधारमा धेरै मत (बहुमत) ल्याउनेले सरकार चलाउँछ र थोरै मत (अल्पमत) ल्याउने पार्टी विपक्षमा बस्नुपर्छ भन्ने कुरालाई स्वीकार गरेको छ ।
९. जनताको जनवादी व्यवस्थाको सुदृढीकरण– जनताको बहुदलीय जनवाद जनतामा केन्द्रित सिद्धान्त हो र सबै विपन्न वर्गका जनताको स्थिति सम्पन्न अवस्थामा पुऱ्याउनका निम्ति समय लिएर धैर्यसँग काम गर्नुपर्छ भन्ने कुरालाई यस सुत्रले इसारा गरेको छ । यस सम्बन्धमा पनि डा. सिवाकोटीको तलको भनाइ मननीय छ– "स्वाभाविक रूपमा कुनै पनि नयाँ व्यवस्थालाई सुदृढ गर्नका निम्ति अपेक्षित समय चाहिन्छ । त्यसमा पनी जनताको जनवादी सत्ताले मूलभूत रूपमा तीनवटा विशेष चरणहरू पार गर्नु अनिवार्य हुन्छ, पहिलो, पुरानो व्यवस्थाका शोषण–उत्पीडनका अवशेषहरू सबै क्षेत्रबाट अन्त्य गर्ने काममा केन्द्रित भएर लाग्ने चरण, दोसो, नयाँ उत्पादन सम्बन्धका आधारमा समाजका सबै क्षेत्रमा भौतिक र चेतनागत दुवै हिसाबले विकास गर्ने कुरामा केन्द्रित भएर लाग्ने चरण र तेस्रो, समाजवादमा संक्रमणका निम्ति केन्द्रित भएर भौतिक तथा चेतनागत तयारी गर्ने चरण । यस्ता ठोस कुराहरू सम्पादन गर्न स्वाभाविक रूपमा एउटा अपेक्षाकृत लामो समय चाहिन्छ । यस कारण अन्य कतिपय देशहरूमा जस्तो समाजवादमा पुग्ने हतारोले नयाँ व्यवस्था र समाजको जग कमजोर छँदै एउटा खुट्टो दरोसँग नटेकी अर्को खुट्टो उचाल्ने पक्षमा छैन । अझ नयाँ जनवादी व्यवस्था पनि बहुदलीय पद्धति अपनाउन प्रतिबद्ध छ । यो राम्रै कामका निम्ति पनि जनतालाई जबर्जस्ती गर्ने होइन, यो स्वैच्छिक समर्थन हासिल गर्ने तरिका हो । राम्रो काम पनि नराम्रो तरिकाले होइन, सकेसम्म राम्रो तरिकाले सम्पन्न गर्न पर्छ भन्ने कुराको पक्षमा रहेका कारण जनताको जनवादी व्यवस्था एउटा अपेक्षाकृत लामो समयसम्म रहने सामाजिक व्यवस्थाका रूपमा स्वीकार गरिएको छ" (ऐजनः ४९) । जनताको जनवादी व्यवस्थालाई सुदृढ बनाउनका लागि धैर्यले काम लिनुपर्छ भन्ने आशय यस सूत्रको छ ।
१०. विदेशी पुँजी र प्रविधि– सामान्यतया कम्युनिष्टहरूले पुँजीवादी देशहरूसँग सम्पर्क गर्नु हुँदैन भन्ने पुरानो मानसिकता कम्युनिष्टहरूमा कायम रहेका

परिवेशमा आफ्ना देशको विकास गर्न पर्ने परिस्थितिमा पुँजीवादी देशबाट पनि ऋण लिएर अथवा विदेशी उद्योगहरूलाई छुट दिएर अनि विदेशी प्रविधिलाई प्रयोग गरेर पनि आफ्ना देशको विकास गर्न पर्ने हुन्छ भन्ने मान्यतालाई यस सूत्रले माग गरेको छ ।

११. क्षतिपूर्ति– साहू, सामन्त र शोषकहरूले हडपेर राखेको अचल सम्पत्ति–खास गरेर जग्गा जमिनलाई हदबन्दी कायम गरी बढी भएको जमीन उपभोग गर्दा त्यसको क्षतिपूर्ति जग्गाका हकवालालाई दिनेभन्ने यस सूत्रले जनाएको छ । "तर यो प्रगतिशील अग्रगतिको विरोध गर्नेहरू माथि बल प्रयोग गर्नुपर्ने अनिवार्यता र बल प्रयोग गरिएकाहरूले क्षतिपूर्ति नपाउने कुरा पनि स्वतः स्पष्ट छ" (ऐजनः ५०) ।

१२. राष्ट्रिय हित अनुकूलको विदेश नीति– परराष्ट्र नीतिलाई आफ्ना देशका हितका अनुकूलतामा अबलम्बन गर्ने कुरो यस सूत्रले जानकारी गराएको छ ।

१३. नेतृत्व र अधिनायकत्व– जनताको बहुदलीय जनवादले मार्क्सवादले अवलम्बन गरेको सशस्त्र संघर्षले वर्ग शुत्रलाई खतम पार्ने र जनतालाई अधिनायक बनाउने भन्ने नीति लिएर संसदीय प्रणालीका आधारमा सत्ता लिने नीति बनाए पनि त्यसको नेतृत्व शोषित पीडित जनतालाई लिन लगाउने र अधिनायकत्व (राज्यसत्ता) पनि त्यस्तै जनतामा निहित रहने हुनुपर्छ भन्ने यस सूत्रले जनाएको छ ।

१४. जनताको बहुदलीय जनवाद– यस सूत्रले जनताको बहुदलीय जनवादको कार्यक्रम बहुदलीय कार्यक्रम भए पनि यो कार्यक्रम नयाँ जनवादकै कार्यक्रम हो र सशस्त्र संघर्षका ठाउँमा बहुदलीय चुनावको संसदीय कार्यशैली बनाएको यसको सार नयाँ जनवादको प्रयोग संसदमा शान्तिपूर्ण निर्वाचन हो, मार्क्सवादबाट अनुप्राणित नयाँ जनवादलाई यसले छाडेको छैन भन्ने आशय यस सूत्रले बुझाएको छ । नयाँ जनवादका कार्यक्रममा माथिका सूत्रात्मक विशेषता थप गरिएको जानकारी नेकपा एमालेका नेता शंकर पोखरेलले यसरी गराउनु भएको छः "जनताको बहुदलीय जनवादले– संविधानको सर्वोच्चता, बहुलवादी खुला समाज, शक्ति पृथकीकरणको सिद्धान्त, मानव अधिकारको रक्षा, बहुदलीय प्रतिस्पर्धाको प्रणाली, आवधिक निर्वाचन, बहुमतको सरकार– अल्पमतको विपक्ष, कानुनको शासन, जनताको जनवादी व्यवस्थाको सुदृढीकरण, विदेशी पुँजी र प्रविधि, क्षतिपूर्ति, राष्ट्रिय हित अनुरूपको विदेशनीति, नेतृत्व र नायकत्व र जनताको बहुदलीय जनवाद नेपाली क्रान्तिको कार्यक्रममा थप गरेका विशेषता रहेको कुरा अघि सारेको छ । उपरोक्त विशेषताका कारणले जनताको बहुदलीय जनवाद कम्युनिष्ट आन्दोलनमा प्रजातान्त्रिकरणको सिद्धान्त बन्न पुगेको छ । यही सिद्धान्तका कारणले आजको चुनौतीपूर्ण खुला तथा प्रतिस्पर्धात्मक विश्वमा समेत कम्युनिष्ट आन्दोलनको रक्षा र विकासका लागि नयाँ आधार प्राप्त

भएको छ" (पोखरेल, २०५९:२९-३०) । पोखरेलका भनाइका आधारमा जनताको बहुदलीय जनवादका सिद्धान्तका कारणले आजको प्रतिस्पर्धात्मक, खुला र चुनौतीपूर्ण विश्वमा कम्युनिष्ट आन्दोलनको रक्षा भएको छ । दलित, शोषित र उत्पीडित वर्गले सशस्त्र संघर्ष गरेर सत्ताँ लिन सक्ने स्थिति नभएको तथा धनी र गरिबका बिचको ढुलमुले मध्यवर्गका जनाको बहुल्य रहेको वर्तमान विश्वमा जनताको बहुदलीय जनवाद जनपक्षमा इमानदार भएर काम गर्नका निम्ति यौटा समसामयिक उपयोगिताको सिद्धान्त देखिन्छ । यो कुरो सबै सचेत मार्क्सवादीले स्वीकार नगरी सुख छैन । मार्क्सवादलाई मन्त्रका रूपमा जप्नेहरूले स्वीकार नगर्नु अर्को कुरो हो ।

## ३. निष्कर्ष

माथि उल्लेखित गरिएका १४ ओटा सूत्रात्मक विशेषतालाई राज्यसञ्चालन र सुशासनको आधार बनाएको 'जनताको बहुदलीय जनवाद' युगज्ञाता मदन भण्डारीद्वारा प्रतिपादन गरिएको र नेकपा एमालेको पाँचौ महाधिवेशनमा पारित गरिएको सिद्धान्त हो, यसलाई पछिपछिका महाधिवेशनहरूले मान्दै र मार्गदर्शक सिद्धान्तका रूपमा पारित गर्दै आएको पनि देखिन्छ । यस सिद्धान्तका आधारमा दलित, उत्पीडित र मुक्तिकामी जनतालाई वास्तविक कुरो बुझाएर जनताको ठुलो भाग जागरूक, नैतिक र शान्तिद्वारा (निर्वाचनका माध्यमद्वारा) पुरानो सत्ता फाली नयाँ सत्ता कायम गर्न सक्ने बनाउनु नेतृत्व हाँक्नेहरूको दायित्वको काम हो । नेपालका परिवेशमा एकादुई पुँजीपति र केही पुँजीपतिहरूका दलालबाहेक मध्यवर्गका सबैजसो जनताको झुण्ड जनताको बहुदलीय जनवादप्रति आकर्षित हुनु स्वाभाविक हो । नेताहरूले यस सिद्धान्तलाई अवलम्बन गरी व्यापहारिकतामा पनि इमानदार देखिएर मार्क्सवादी परिवर्तनका पक्षमा जान खोज्ने हो भने जनताको बहुदलीय जनवाद अचुक निशाना देखिन्छ । तर यस सिद्धान्तका प्रतिपादक मदन भण्डारीको निधनपछि नेतृत्व हाँक्नेहरूले नीतिमा जवजलाई नै मान्दछौँ भने पनि व्यावहारिकतामा इमान्दार भएर राम्रो काम गरी नेतृत्व हाँक्न सकेको देखिएन । सिद्धान्त यौटा हतियार हो; तर त्यो हतियार प्रयोग गर्ने नेतृत्वले कसरी प्रयोग गर्छ त्यसका आधारमा सफलता वा असफलताको नतिजा प्राप्त हुन्छ । हतियार राम्रो छ भन्दैमा राम्रो नियत नभएका खराब मान्छेको हातमा परेर पनि काममा सफलता पाइने सवाल आउँदैन । राम्रो नीति र त्यो नीति हाँक्ने नेता पनि राम्रै भए मात्र सिद्धान्तले सफलता प्राप्त गर्छ ।

नेकपा एमालेको नेतृत्व हाँक्ने नेताहरूले आफू नेतृत्वमा छँदा जबजका सिद्धान्तलाई अवलम्बन गरी दलित, शोषित र उत्पीडित वर्गका जनतालाई राहत दिने उद्देश्य बनाएर जनताको स्थिति सुधारी देशलाई समुन्नत बनाउन खोजेको भए चुनावमा विजयी भएर देशको स्थिति सुधार गर्न सक्ने थिए,

जबजका सिद्धान्तले त्यो सम्भावना देखाएकै छ; तर जोगी हुनका लागि राजनीति गरेको होइन भनेर व्यक्तिगत सम्पत्ति थुपार्ने, भोगविलास गर्ने, भन्नका निम्ति 'समृद्ध नेपाल र सुखी नेपाली' बनाउने भन्ने नारा दिएर शोषित, पीडित र दलित नेपालीहरूलाई भ्रममा पारेर झुक्याई लात हान्ने अनि आफूलाई जनताको सेवक होइन, म जनता झुक्याउन सक्ने जनताको भगवान् हुँ ठान्ने अहंकारी, संकीर्ण र क्षुद्र ब्यक्तिहरूले नेतृत्व समालेर आफ्नै साथीका विरोधमा गुट र उपगुट सिर्जना गरी लड्न र लडाउन थालेपछि नेतृत्व असफल हुनु स्वाभाविक हो । त्यसैले अहिले नेकपा एमालेको दयनीय स्थिति देखापरेको छ । यस सन्दर्भमा सुखद् पक्ष के छ भने यसरी नै लोभी, पापी, जनद्रोहीहरूले सधै भरी जनतालाई अल्मल्याउन सक्ने छैनन् र शिक्षित, सामाजिक र जनताप्रति इमानदार नागरिकहरूले यिनीहरूलाई गलहत्ती लगाएर लखेट्ने छन् र जनताको बहुदलीय जनवादका नीतिलाई सही रूपमा अवलम्बन गर्नेछन् । 'जनताको बहुदलीय जनवाद' सही सिद्धान्त सावित हुनेछ ।

**४. सन्दर्भकृति सूची**


क) पोखरेल, शंकर (२०५९); "जनताको बहुदलीय जनवादको राजनैतिक विशेषता" नवयुग मासिक, वर्ष १२, अंक ८ ।

ख) भुसाल, बेदुराम (२०७०); "जनताको बहुदलीय जनवादका दार्शनिक मान्यता" गण्डकी-१५, नेपाल कम्युनिष्ट पार्टी एमाले गण्डकी ।

ग) मञ्जन, विनोद (२०७६); "चिन्तक गोविन्द भट्टः मार्क्सझैं दाह्रीमा चट्ट" सम्झनामा गोविन्द भट्ट, सम्पा- विष्णु प्रभात, वासुदेव अधिकारी र सुदर्शन श्रेष्ठ, काठमाडौँः इन्दिरा भट्ट, लूना भट्ट र शिरीष भट्ट ।

घ) श्रेष्ठ, शयाम (२०७६); "गोविन्द भट्टलाई सम्झँदा" सम्झनामा गोविन्द भट्ट, माथि झैं ।

ङ) सिवाकोटी गोपाल (२०७५); समकालीन नेपाली राजनैतिक विचारधारा काठमाडौंः पैरवी प्रकाशन ।


२०७९/०७/२५
बुद्धचोक, पोखरा-१०

# शीतांशु - जीवन र जगतसंग संवाद

शिव पलाँस

चार दशक यता साहित्य लेखनमा निरन्तर क्रियाशिल डा. शिव गौतमको चौथो कविता कृति हो शीतांशु । यसलाई समकालीन साहित्य प्रतिष्ठान बेलायतले प्रकाशित गरेको हो । यसभन्दा अघि नै सपनाका रङहरू, मुटुनेरीको सिस्नेरी र बाटो हेरिरहने बाटाहरू गरी उनका तीन कविता संग्रह प्रकाशित छन् । कविताका साथसाथै उनी निबन्ध पनि लेख्छन् । उनको निबन्ध संग्रह 'झ्याम्ली बाख्राको पाठो' लाई बौद्धिकता र प्रयोगको हिसाबले तारिफयोग्य संग्रह भन्ने गरिन्छ । उनी लामो समयदेखि अमेरिकाका विभिन्न विश्वविद्यालयमा अध्यापन र अनुसन्धानमा पनि व्यस्त रहँदै आएका छन् ।

शीतांशु एक सय बाइस ओटा कविताहरूको संगालो हो । छोटा गध्यकविता । तर यी कविताहरू छोटा कविताहरू मात्रै हैनन् । भावका दृष्टिकोणले जेन कविताका नजिक र लेखनको बान्कीका दृष्टिकोणले जापानी परम्पराका छोटा गध्यकविताका रूपमा प्रयोग भएका देखिन्छन् भनि डा. बिदुर चालिसेले भूमिकामा समग्र कविताहरूको रूप र सारलाई प्रष्ट पार्ने जमर्को गरेका छन् । ध्यानमा आधारित जेन कविताको उत्पत्ति र विकासक्रमलाई परै राखेर पढ्दा पनि धेरै कविताको मीठो रसपान गर्न सकिन्छ । यदाकदा मन्त्रजस्ता लाग्ने छोटा- छोटा कविताहरूले लामा- लामा अर्थ दिने सामर्थ्य राख्दछन् ।

तिमीले जान्छु भनेपछि
मैले पनि तिमीलाई रोकिनँ
तर यो न सम्झ
तिम्रो कुराले
मेरो मनमा भुइँचालो जाँदै गएन ।

अपरिग्रह नामको यो पहिलो कवितामा त्यस्तो मनस्थितिको चित्रण गरिएको छ जसमाआफ्नो प्रिय चिजाई चुपचाप बिदा त गरिन्छ तर मुटुमा गाँठो पारेर । त्यो प्रिय चीज के हो ? त्यो चाँहि कविको हृदयमा जे बसेको छ त्यही हो । पाठकको आँखामा जे लुकेको छ त्यही हो । प्रेमी, प्रेमीका, इच्छा, आकाङ्क्षा, सपना, चाहना, योजना वा अन्य केही ।

जीवनले बाँच्न दिँदैन
मृत्युले मर्न दिँदैन
जतिसुकै चढाए पनि आँशुका यी फूल ।

प्रेमीथीअस् शीर्षकको यो कविताले भन्छ हामी कुनै न कुनै रूपले प्रमिथीअसकै नियति भोग्न अभिसप्त छौं । निष्फल कर्म दोहोर्याईरहने नियति । मान्छे बाँच्नका निम्ति कठिन संघर्ष गर्छ । आँशु बगाउछ, पसिना बगाउछ, नंग्रा खिँयाउछ र पनि बाँच्न सक्दैन । बाँच्नु भनेको श्वास फेर्नु मात्र त पक्कै हैन । खोइ त मान्छे मनको परम आनन्द लिएर बाँच्न जानेको । बाँच्न सकेको ? फेरि मर्न पनि त कहाँ सजिलो छ र ? दुःख पर्यो भनेर फ्याट्ट मर्न पनि सकिदैन । अहो तैंले दुःख पाईस् भनेर मृत्युले टपक्क टिपेर पनि लादैन । पीडा मात्र दिईरहन्छ । मृत्युले बाटो त छेकेकै छ ।

मेरो देशभक्ति पनि
दिलमायाको पतिप्रतिको पिरती जस्तै छ
दिलमाया बारम्बार पतिबाट पिडित हुन्थी
प्रताडित हुन्थी
अब त सुद्रिन्छ भन्दै
पहिलेको सबै बिर्सेर
त्यही मोरालाई माया गर्थी ।

मेरो देशभक्ति कवितामा हामी नेपालीहरूको देशप्रतिको माया पनि दिलमायाको लोग्नेप्रतिको माया सरह भयो भन्ने व्यङ्ग्य उक्ति भेटिन्छ । देश भनेको ढुंगा, माटो, पानी र सिमाना मात्र त हैन । त्यहाँ नागरिक पनि हुनुपर्छ होला । जीवन पनि हुनुपर्छ होला । खोई आजसम्म राज्यले आफ्ना नागरिक प्रतिको कर्तव्य निभाएको छ ? छैन । फेरि राज्यले हामीलाई नचिने पनि हामीले कर्तब्य भुल्न, देश बिर्सिन वा जन्मभूमिको कुभलो चिताउन त किमार्थ सक्दैनौं । हाम्रो मनले त्यो मान्दैन भन्ने भाव यो कविताले बोकेको छ ।

माटो मुछेर
ढुंगा कुँदेर
हामी देउता बनाउँछौं
फेरि हामी आफूलाई
यो ढुंगामाटाले बनेको शरीर हो भन्दै

यसलाई देउताले बनायो भन्छौं ।

देउता र मान्छेको एउटा सम्बन्ध शीर्षकको कवितामा देउताले हामीलाई बनाएको कि हामीले देउतालाई बनाएको ? शायद कवि गौतम यो भन्न चाहान्छन् कि मान्छेको देउता मान्छे नै हो । दुखी, गरिबका आँशु पुछ्ने हातहरू नै साक्षात् देउता हुन् । ढुंगामाटोको देउता त केवल आस्था हो ।

तिम्रा बातहरू
बादहरूमा बाँधिएका छन्
तिम्रा हातहरू जिन्दाबादले साँधिएका छन्
तिम्रा रातलाई कसैले मताएको छ
तिम्रा दिनलाई  तिम्रै जीवनले सताएको छ
तिमी सोच्छौ र भन्छौ
तिमी स्वतन्त्र छौ
तिमीलाई तर अरू कसैले नचाएको छ ।

हामी निश्चित बादका दाम्लोहरूमा बाँधिएर आफूलाई स्वतन्त्र भएको मीठो भ्रम बाँचिरहेका छौं । कसले जिन्दाबादको कुन गीत गाउ भन्छ हामी त्यही गीत गाइदिन्छौं । हामी कहाँ स्वतन्त्र छौं र ? हाम्रो भाग्य र भविष्यको फैसला कोही छिमेकी आएर गरिदिन्छ । हामी ताली ठोक्छौं । हामी रङ्गमञ्च जस्तो यो दुनियाँका कलाकार हौं । कथाकार होईनौं । हामी आफूलाई जुन भूमिका दिईन्छ त्यसमै नाचिदिन्छौं । आफ्नो भूमिका आफै लेख्न सक्दैनौं ।

कवि गौतमले कवितालाई जीवन र जगतसंग संबाद गर्ने माध्यमका रूपमा ग्रहण गर्छन् । जीवन, मृत्यु, सृष्टि प्रकृति, आशा, आक्रोश, देशभक्ति, मानवप्रेम, राजनीति, बेथिति आदि उनका लेखनका बिषय हुन् । कतिपय कविता औसत छन् भने कतिपय कविता ट्वाक्कै हृदयमा स्पर्श गर्ने क्षमताका छन् । शब्द थुपार्नु पनि पर्दो रहेनछ । माधव प्रसाद घिमिरेले भनेजस्तै कविताले मन पराए भने सानो रूपमा पनि आउँछन् । मन पराएनन् भने केही गरे पनि आउदैनन् । सिधा भन्दा बहुआयाममा छरितो कविता लेखनको यो शिल्प र स्वादलाई पाठकहरूले रूचिपूर्वक ग्रहण गर्ने विश्वास गर्न सकिन्छ ।

- अमेरिका

# 'शुक्लागण्डकी' को किनारै किनार डुल्दा

डा.कृष्णराज अधिकारी

प्राक्कथन

कविता, खण्डकाव्य, महाकाव्य र आत्मकथाका करिव एक दर्जन कृति प्रकाशित गरिसकेका पोषराज पौडेल (जन्म-वि.सं.२००१) पुनः अर्को महाकाव्य 'शुक्लागण्डकी'(२०७८) लिएर उपस्थित भएका छन् । कास्कीको घार्मीबाट चितवन बसाइँ सरेपछि त्यहीँ नै आफ्नो शिक्षा र साहित्य सेवा गर्दै आएका पौडेल जीवनको उत्तरार्द्धमा केही बर्ष पोखराको दक्षिणी भेकमा समेत बस्न पुगे । करिव चार-पाँच बर्षको उनको पोखरा बसाइ सिर्जन-कर्मका दृष्टिले निकै उर्बर बन्न पुग्यो । पोखरा बसाइकै क्रममा कविले आफ्नो आन्तरिक पीडालाई सिर्जनासँग साट्दै 'स्वप्न बिम्ब', 'जन्मदाता', 'अतीतका पाइलाहरू' लगायत अन्य अप्रकाशित कृतिहरू जन्माउन पुगे । यतिले मात्र नपुगी प्रस्तुत 'शुक्लागण्डकी' महाकाव्यका अधिकांश सर्ग पनि त्यही बसाइको उपज थिए । नेपाली समाजको प्रगतिशील रूपान्तरणमा निरन्तर सक्रिय रहेका उनको साहित्यिक-सांस्कृतिक आन्दोलनमा पनि उत्तिकै योगदान रहेको पाइन्छ । आन्दोलनकै क्रममा जेल र हिरासतको यातनासमेत भोगेका पौडेल आफ्नो सिर्जन-कर्ममा निरन्तर लागिरहेको उदाहरण पनि हो 'शुक्लागण्डकी' महाकाव्य ।

साहित्य जीवनको प्रतिबिम्ब हो भने महाकाव्य जीवनको महान् रूपको वा महान् जीवनको प्रतिबिम्ब हो । यसैले यसलाई व्यष्टिको नभएर समष्टिको महागीत मानिन्छ, जसमा उदात्त र समष्टि-भाव प्रकटित भएको हुन्छ । महाकाव्यमा जीवनको उदात्तता र महत्ताको खोजी गरिन्छ । यसैले लामो कविताभ्यास र दीर्घ साधनाविना महाकाव्य लेखन सहज र सम्भव हुँदैन । तर, पछिल्लो केही दशक यता आएर हाम्रा कतिपय कविहरूले महाकाव्यीय गुण-गरिमाको उपेक्षा गर्दै आठभन्दा बढी सर्ग भएका सबैजसो कवितात्मक कृतिहरूलाई महाकाव्य भन्ने धृष्टता गरेको पाइन्छ । यसै पनि कम पढिने र लेखिने महाकाव्यलाई पछिल्ला केही कविहरूको धृष्टताले झनै तुषारापात गरिदिएको छ । लामो कविताभ्यास गरेर 'शहीदगाथा' जस्तो महाकाव्य लेखिसकेका कवि पोषराजबाट पाठकहरूले पछिल्लो महाकाव्यमा झनै उदात्तता र भव्यताको अपेक्षा राख्नु स्वाभाविक पनि हो । आयामका दृष्टिले ' शहीदगाथा' भन्दा दोब्बरबढी ठूलो प्रस्तुत महाकाव्य कथानक, उद्देश्य,

भाव र शैलीका दृष्टिले के कति भव्य र उदात्त हुन सक्यो वा सकेन यहाँ त्यसको गहन समालोचकीय विश्लेषण र निरूपण नगरी महाकाव्यलाई सरसर्ती हेर्ने प्रयास गरिएको छ ।

महाकाव्य प्रबन्धकाव्य भएकाले यसलाई लामो काव्यिक–यात्रा तय गर्नुपर्ने हुन्छ । तर, तीब्र भाव–संवेग भएको कवित्व एक्लैले लामो यात्रा गर्न नसक्ने हुँदा यसलाई आख्यानको सहारा लिनुपर्ने हुन्छ । यसैले महाकाव्यकारमा काव्यशिल्प मात्र भएर पुग्दैन, आख्यानशिल्पको पनि अपेक्षा रहन्छ । आख्यान र कवित्वको उचित तालमेलबाटै महाकाव्यीय यात्रा सुखद र सफल हुन पुग्छ । आख्यान र कवित्वको उचित संयोजन नभएकै कारण धेरैजसो महाकाव्य दुर्घटित हुने गरेका छन् । देवकोटा जस्ता प्रतिभाशाली कवि पनि आख्यान र कवित्वको उचित संयोजन गर्न नसकी कवित्वकै जोडबलमा महाकाव्यिक यात्रा गर्न पुग्छन् र आख्यानात्मक क्षतिलाई कवित्वले पूर्ति गर्न खोज्छन् । सुन्दर कवित्व र सुदृढ कथानक महाकाव्यीय मेरूदण्ड हुन् भने उदात्त भाव (विचार)लाई रक्त सञ्चार र शैलीलाई यसको मांशपेसीका रूपमा लिन सकिन्छ । काव्यिक भावलाई वहन गर्नसक्ने पात्रहरूको चयन र तदनुकूलको वातावरण र परिवेशले महाकाव्यलाई जीवन्त र प्रभावकारी बनाउँछ ।

जम्मा बीस सर्ग र १२६६ श्लोकमा संरचित प्रस्तुत महाकाव्य शार्दूलविक्रीडित, अनुष्टुप्, वसन्ततिलका, द्रुतविलम्वित, शिखरिणी, मन्दाक्रान्ता जस्ता दर्जनबढी शास्त्रीय छन्दहरूमा बुनिएको छ । प्रारम्भमा मङ्गलाचरण, सर्गको सुरू र अन्त्यमा छन्दपरिवर्तन, विभिन्न रसको प्रयोग, प्रकृति वर्णन, वीररसको प्राधान्य जस्ता लक्षणहरूले प्रस्तुत महाकाव्यले पूर्वीय महाकाव्य–मान्यतालाई पछ्याउन खोजेको देखिन्छ । यद्यपि कथावस्तु र नायक भने तदनुकूल देखिँदैनन् । निर्विघ्नतापूर्वक काव्य समाप्त होस् भनेर सुरूमा नमस्कारात्मक, आशीर्वादात्मक वा वस्तुनिर्देशनात्मक मङ्गलाचरण गर्ने पूर्वीय मान्यतालाई पछ्याउँदै यहाँ कविले पहिलो श्लोक आशीर्वादात्मक र त्यसपछि भने वस्तुनिर्देशनात्मक मङ्गलाचरण गरेको पाइन्छ –

'हे मेरी जननी ! निहार्दछु तिमीलाई र टोलाउँछु
केही सङ्कटमा परेछु म भने सम्झेर बोलाउँछु
पौडूँ सागर यै गर्‍यो हृदयले इच्छा, कसोरी तरूँ ?
मेरो माथ मुसार आसिक दिई यो काव्य पूरा गरूँ' – आशीर्वादात्मक(१/१)

कथानक

नेपालको पछिल्लो राजनीतिक–सामाजिक अवस्थालाई लिएर लेखिएको 'शुक्लागण्डकी' महाकाव्य वैचारिक दृष्टिले प्रगतिवादी देखिन्छ । कविले आफ्ना भावना र विचारहरू काव्यको सुरूदेखि अन्तसम्मै कतै पात्रका माध्यमबाट कतै स्वकथनबाट प्रस्तुत गरेका छन् । देशको शासन व्यवस्थाप्रति कविको असन्तुष्टि

ठाउँ–ठाउँमा यसरी व्यक्त भएको पाइन्छ–
दुःखी गरिवको निम्ति बाँच्न गाह्रो हुँदै गयो
लोकतन्त्र यहाँ नौलो सुनको पिंजडा भयो
बलात्कारीहरूलाई राज्यले नै लुकाउँछ
भ्रष्टाचारीहरूलाई राज्यले नै बचाउँछ (८/५)

आफ्नै भूमिमा पसिना बगाउने भन्दै परदेशबाट फर्किएर शुक्लागण्डकी तटको बाँझो जमिन आवाद गरेर बसेका एक हुल श्रमिकहरू र स्थानीय सामन्तबीचको द्वन्द्व नै महाकाव्यको मुख्य कथानक बनेको छ । विदेशबाट फर्किएका भोला र गौरी, तिनकी छोरी राधा, गोरे र कृष्ण अनि राधा र कृष्णबाट जन्मिएका स्पार्टाकस र पिटर नामका दुई छोराहरू उत्पीडितहरूका प्रतिनिधि पात्रका रूपमा रहेका छन् भने स्थानीय सामन्त जबरसिं र कम्युनिस्ट पार्टीको टिकटबाट मन्त्री बनेको जबरसिंको छोरो वृषभसिंहचाहिँ उत्पीडक, भ्रष्ट र जनविरोधीहरूको प्रतिनिधिका रूपमा प्रस्तुत गरिएको छ ।

सुरूमा भोला–गौरीको समूहलाई त्यहाँको बञ्जर जमिन खन–जोत गर्न अवरोध नगरेर र पछि ऋणसमेत दिएर सहयोग जस्तो गरेको जबरसिं पछि उनीहरूले बाली भित्र्याउन लाग्दा जमिन आफ्नो भएको दावी मात्र गर्दैन ऋणको चर्को व्याज हिसाव गर्दै तिनीहरूले उत्पादन गरेको धान आफैंले उठाएर लैजान्छ । किसानहरूले प्रतिरोध गर्दा छोरो बृषभसिंले प्रहरी बोलाएर गोली चलाउँछ र कतिपयलाई त्यहीँ ढलाउँछ । किसानहरू छिन्नभिन्न हुन्छन् । कृष्ण रोजगारीका लागि खाडी मुलुकतिर लाग्छ र महाकाव्यको अन्त्यतिर मात्र फर्कन्छ । महाकाव्यको अन्त्यतिर आएर कृष्ण, राधा, गोरे र दावा गरी चारजना मिलेर 'नेपाल बचाऊँ सङ्घ' खोल्दछन् र अरूलाई पनि त्यसमा समेट्दै लैजान्छन् । राधाले जन्माएका जुम्ल्याहा बच्चाको नाम स्पार्टाकस र पिटर राखिन्छ र तिनीहरू अलि ठूला भएपछि पहाडको गुफामा ध्यान गरेर बस्ने साधुसमक्ष शिक्षादीक्षाका लागि पठाउँछन् । साधुले तिनलाई मार्क्सवादी शिक्षा दिएर प्रशिक्षित गराई पठाउँछन् –
सित्तै कुनै चिज कसैसँग क्यौ नखाई
गर्नु परिश्रम सधैं पसिना बगाई
नारीहरूसँग सफा व्यवहार गर्नु
नानीहरूकन सधैंभर प्यार गर्नु (१९/१५)

महाकाव्यको उत्तरार्द्धतिर आउँदा कृष्ण र राधाका जुम्ल्याहा छोरालाई नेपालमा स्पार्टाकसको पुनर्जन्मका रूपमा लिँदै तिनलाई स्पार्टाकस र पिटरकै नाउँ दिई तिनैलाई क्रान्ति–नायकका रूपमा अघि सारी तिनैबाट क्रान्ति र परिवर्तन हुने विश्वास राखिएको छ –
म स्पार्टाकस हुँ मेरो पुनर्जन्म भयो यहाँ

मारिएको थिएँ दासीसाथ त्यो फ्रान्स देशमा
मेरो हुन्छ पुनर्जन्म हजारौं शिर हातमा
कुलीन सबको नास आई गर्नेछु विश्वमा (२०/४६)

महाकाव्यको अन्त्यतिर आउँदा स्पार्टाकसकै नेतृत्वमा सामन्तलाई जनकार्वाही गरेको देखाइएको छ । कम्युनिस्ट पार्टीबाट चुनाब जितेर मन्त्री बनेको सामन्त जबरसिंको छोरा बृषभसिंले गरेका भ्रष्टाचार, बलात्कार, हत्या र जनविरोधी कार्य अनि तिनका विरूद्ध जनताले गरेको सङ्घर्ष, सामन्तलाई गरेको जनकार्वाही र नयाँ क्रान्तिको आह्वान गर्दै महाकाव्य पूरा हुन्छ–

यो यात्रा रोकिने छैन समता त्यो नभैकन
यो यात्रा रोकिने छैन छली अन्त्य नभैकन
अवको माग हो क्रान्ति अनिवार्य भइसक्यो
उपाय छ र के अर्को नत्र ज्यूँदै मरेभयो (२०/७६)

चरित्र

कविको भाव वा विचारलाई बहन गर्न वा कथाका विभिन्न घटना–सन्दर्भहरूलाई अगाडि बढाउन प्रबन्धकाव्यमा विभिन्न पात्रहरूको सृजना गरिएको हुन्छ । प्रस्तुत महाकाव्यमा पनि भोला, राधिका, कृष्ण, गौरी, गोरे, स्पार्टाकस र पिटर जस्ता सकारात्मक अनि जबरसिंह र बृषभसिंह जस्ता नकारात्मक पात्रहरूको सृजना गरिएको छ । तर, यतिका पात्रहरू भएर पनि कुनैमा पनि नायकत्वको विकास गर्न सकिएको छैन । काव्यको सुरुमा भोलाले श्रमिक किसानको प्रतिनिधित्व गरेको देखिन्छ भने त्यसपछि उनकी छोरी राधा र अर्को युवक कृष्ण प्रमुख पात्रका रूपमा देखिन्छन् । राधाले सुरूमा केही सङ्घर्ष गर्न खोजेजस्तो देखिए पनि आखिर ऊ सामन्त बृषभसिंहको अगाडि नतमस्तक हुँदै आफूमाथि लगाइएको बोक्सीको आरोप स्वीकार्छे र पिटाइ खाँदै र अपमान सहँदै फर्किन्छे । बोक्सीको आरोप लगाएर पिट्दा र दिसा खुवाउँदा पनि सामान्य प्रतिरोध नगर्नु उसको ठूलो कमजोरी हो । यसरी उसको चरित्र औषत नेपाली महिलाभन्दा पनि निकै कमजोर र निरीह देखिन्छ भने सुरूमा सामन्त जबरसिंहसँग सङ्घर्ष गर्न खोज्ने कृष्ण पनि पछि पलायन हुँदै खाडी मुलुकतिर जान्छ र महाकाव्यको अन्त्यतिर मात्र फर्किन्छ । क्रान्ति र आन्दोलनमा संलग्न भएको गोरे जस्तो पात्र पनि सत्ताको उन्मादमा जनविरोधी कार्य गर्ने बृषभसिंहको आदेश अवज्ञा गर्नसम्म सक्दैन ।

यसरी काव्यको सुरूमा देखिएको सामन्त र किसानवीचको द्वन्द्व बढ्दै गएर उत्कर्षमा पुग्नुपर्नेमा बीचमै सेलाउन पुग्छ । सामन्तवाद विरूद्धको सङ्घर्ष सङ्गठित र व्यवस्थित हुन नसकी सिथिल हुन जान्छ । यस बीचमा कविले नेपाली राजनीति र समाजमा व्याप्त अन्याय, विभेद, भ्रष्टता, बलात्कार, कुशासन र लूटतन्त्र, एम.सि.सि.मा भएको राष्ट्रघात, कोरोना महामारी, जनयुद्ध र

जनआन्दोलन गरेर आएका कम्युनिस्ट पार्टीको वैचारिक स्खलन, क्रान्तिविरोधी गतिविधि र व्यवहार जस्ता विषय सन्दर्भहरू अघि सार्दै त्यसप्रतिका आफ्ना वितृष्णा, विरोध, आक्रोश र कुण्ठाजन्य भावहरू व्यक्त गरेको पाइन्छ । कविले नायक-नायिकालाई सशक्त र घटनालाई जीवन्त बनाउँदै आफ्ना भावहरूलाई तिनै पात्रहरू मार्फत् व्यक्त गरेको भए काव्य बढी प्रभावकारी बन्दथ्यो ।

महाकाव्यको पन्ध्रौं सर्गमा आएर राधा-कृष्णका जुम्ल्याहा पुत्रका रूपमा जन्मेका स्पार्टाकस-पिटर उन्नाइसौं सर्गमा आउँदा गुफामा बस्ने साधुबाट मार्क्सवादी शिक्षा लिन्छन् । आजको सन्दर्भमा हेर्दा यसरी गुफामा बस्ने साधुले विभिन्न शिक्षाका साथै मार्क्सवादको प्रशिक्षण दिएको पनि त्यति स्वाभाविक लाग्दैन । बीसौं वा अन्तिम सर्गमा आउँदा तिनै पन्ध-सोह्र बर्षे किशोर स्पार्टाकसको नेतृत्वमा जनता सङ्गठित हुन थाल्छन् अनि जबरसिं र उसको छोरामाथि भौतिक कार्वाही हुन्छ । महाकाव्यको अन्त्यतिर उदाएका किशोर स्पार्टाकसलाई दोस्रो-तेस्रो सर्गतिरै जन्मेको देखाएर सोही अनुसार घटना र चरित्रको विकास गर्दै अघि बढाएको भए महाकाव्य सुदृढ र सशक्त हुन सक्दथ्यो । तर यहाँ कविले द्वन्द्वको विकास नगरी घटनालाई वीचमा अलपत्र छाडेको देखिन्छ । आफ्नो प्रगतिवादी भाव वा उद्देश्य पूरा गर्नकै लागि महाकाव्यको अन्त्यमा आएर बच्चामा स्पार्टाकसको अवतार आरोपित गर्नु स्वाभाविक देखिँदैन ।

म स्पार्टाकस हुँ मेरो पुनर्जन्म भयो यहाँ
मारिएको थिएँ दासीसाथ त्यो फ्रान्स देशमा
मेरो हुन्छ पुनर्जन्म हजारौं शिर हातमा
कुलीन सबको नास आइ गर्नेछु विश्वमा (२०/४६)

सङ्गठन र जनविद्रोहमा विश्वास नगरी एउटा व्यक्तिविशेषमा संपूर्ण गुणहरू भर्दै उसैले क्रान्ति पूरा गर्ने विश्वास गर्नु अतिआदर्शवाद हो । राधाले जन्माउने बच्चामा स्पार्टाकसको पुनर्जन्म भएको देख्नु, उसले 'पुनर्जन्म लिएर आई कुलीनहरूको नास गर्नेछु' भन्नु अवतारवादी धारणा हो जुन भगवद्गीताबाट प्रभावित देखिन्छ । यौटा बच्चामा प्रमुख सहिद, सांस्कृतिक योद्धा र विद्रोहीहरूको सामुहिक बिम्ब देख्नु पनि अति आदर्शवाद हो–

यिनमा देख्छु क्यै मैले अंश ती कृष्णसेनका
यिनमा झल्किएका छन् गुण क्यै रामवृक्षका
देखिए यिनमा हाँसो च्याङ्वा, चुन्नु, सुवासका
प्रमिथस बनून् आगो चोर यी दरबारका (१५/४२)
यिनैका आङ्मा आऊन् स्पार्टाकस् भूकम्प भै
भीमदत्त, लखन्थापा, आऊन् ज्योति जगाउँदै (१५/४३)

नेपाली समाजको शोषण, दमन, अन्याय, भ्रष्टाचार र बलात्कारको चित्रण गर्ने जबरसिं र बृषभसिं नामका दुई बाबु-छोरालाई अघि सारिएको छ । यी दुई

पात्रका माध्यमबाट नेपालको पछिल्लो राजनीतिक अवस्थाले जन्माएको भ्रष्टता, कुशासन र लूटतन्त्रलाई उजागर गर्न खोजिएको छ । जबरसिंलाई स्थानीय सामन्तको रूपमा र उसको छोरा बृषभसिंलाई कम्युनिस्ट पार्टीबाट चुनाव जितेर मन्त्री बनेको तर अनैतिक, भ्रष्ट, बलात्कारी र सत्ताको आडमा जन-दमन गर्ने पात्रका रूपमा अघि सारिएको छ । जबरसिंले नदी तटको बाँझो जमिन खनजोत गरेर आबाद गरी बाली भित्र्याउन खोज्दा जग्गा-जमिनमाथि दावी मात्र गर्दैन ऋणको चर्को ब्याज असूल गर्न खोज्दै उत्पादित सबै बाली उठाएर लैजान्छ । किसानहरूले प्रतिरोध गर्दा छोरा मन्त्री बनेको बृषभसिंले प्रहरी दमन गर्न लगाउँछ । अन्धविश्वास र रूढिलाई उत्प्रेरित गर्दै किसान पुत्री राधालाई बोक्सीको आरोप लगाउँछ र उसलाई समातेर ल्याई दिसा खुवाउन लगाउँछ । आजको समाजमा कम्युनिस्ट पार्टीको मन्त्री आफैं अघि सरेर बोक्सीको आरोप लगाई उसमाथि हातपात गर्नु र दिसा खुवाउन लगाउनु अस्वाभाविक र अतिशयोक्ति हुन जान्छ । कम्युनिस्ट भनिने मन्त्री र नेताहरूले पनि रूढि र अन्धविश्वासलाई प्रेरित र संरक्षण गर्ने गरेको, धार्मिक कार्यमा आफैं कर्ता भएको र मन्दिर निर्माण र मूर्ति स्थापना गर्दै हिंडेको अवस्था यथार्थ भएपनि यसरी एउटी अबला महिलालाई मन्त्रीले नै बोक्सीको आरोप लगाई पिट्दै आफैंले दिसा खुवाउन लगाएको कुरा स्वाभाविक लाग्दैन–

'बोल्छेस् लाज पचाई ए नकचरी' उफ्रेर गै झम्टियो
थाल्यो गोद्न समाई केश पिठमा लात्तो बजारीदियो ...
मन्त्री क्रोधित भै उठ्यो 'अब दिसा ख्वाऊँ' भनी कुर्लियो
यो मन्त्री स्वरको समर्थन गरी ताली ठूलो गुञ्जियो (१६/१४-१८)

पार्टीका नेता र सरकारका मन्त्रीहरू स्वयम् महिला-बलात्कार र हत्यामा संलग्न हुने गरेको देखाउन कविले कम्युनिस्ट पार्टीबाट मन्त्री बनेको बृषभसिंहलाई अघि सारेका छन् । ऊ खोला किनारमा गिटी कुटेर जीवन निर्वाह गर्ने मजदुरकी छोरी रूपालाई अपहरण गर्न लगाई घरमा लगेर बलात्कार गरी हत्यासमेत गर्दछ । निर्मला पन्तको हत्या प्रकरणको प्रतिच्छाया देखाउन खोजिएको भएपनि काव्यमा यस घटनालाई स्वाभाविक बनाउन सकिएको छैन । हत्या, बलात्कारका कतिपय घटनामा मन्त्री, सांसद वा उच्च पदस्थ व्यक्तिहरू र तिनका आफन्तको संलग्नता नभेटिने होइन तर काव्यमा जसरी गणतान्त्रिक सरकारको कथित कम्युनिस्ट मन्त्री आफैंले गुण्डा लगाएर मजदुरकी छोरीलाई अपहरण गरी घरमा लगेर बलात्कार गरेको देखाइएको छ त्यो त्यति स्वाभाविक देखिँदैन । त्यस्ता घटनामा मन्त्री प्रत्यक्ष र नग्न रूपमा जोडिन र देखिन चाहँदैनन् ।

महाकाव्यको पन्ध्रौं सर्गमा आएर मात्र राधा-कृष्णका जुम्ल्याहा पुत्रका रूपमा स्पार्टाकस-पिटरको जन्म हुन्छ भने उन्नाइसौं सर्गमा आएर मात्र तिनले गुरू (गुफामा बस्ने योगी)बाट शिक्षा लिन्छन् । बीसौं वा अन्तिम सर्गमा आउँदा तिनै

पन्ध-सोह्र बर्षे किशोर स्पार्टाकसको नेतृत्वमा जनता सङ्गठित हुन्छन् । जबरसिं र उसको छोरामाथि भौतिक कार्वाही हुन्छ । क्रान्तिका लागि अव निरन्तर अघि बढ्ने सन्देश दिंदै महाकाव्य टुङ्गिन्छ –

'यो यात्रा रोकिने छैन समता त्यो नभैकन
यो यात्रा रोकिने छैन छली–अन्त्य नभैकन
अबको माग हो क्रान्ति अनिवार्य भइसक्यो
उपाय छ र के अर्को नत्र ज्यूँदै मरे भयो ।' (२०/७६)

भाव/उद्देश्य

महाकाव्यको मङ्गलाचरणमा नै कविले महाकाव्य लेख्नुको उद्देश्यलाई सङ्केत गरेका छन् । नेपाली समाजको शोषण, दमन, अन्याय, विभेद, वेथिति, भ्रष्टाचार र कुशासनको अन्त्य भई समतामूलक सुन्दर र समुन्नत समाजको चाहना नै महाकाव्यको उद्देश्य रहेको पाइन्छ । कतै-कतै पात्रको माध्यमबाट र धेरैजसो कवि-कथनकै रूपमा यी कुराहरू बारम्बार व्यक्त भएकाले महाकाव्यको उद्देश्य स्पष्ट नै छ । मङ्गलाचरणको रूपमा रहेको पहिलो सर्गको दशौं श्लोकमा कवि भन्छन्–

'यो लोकको शोषण अन्त्य गर्न
सामन्तको हर्कत अन्त्य गर्न
समाजको ज्योति बनेर आओस्
समानताको प्रिय गीत गाओस !' (१/१०)

वर्गसङ्घर्ष देखाउनका लागि कविले उत्पीडक वर्ग (जबरसिं र बृषभसिं) र उत्पीडित वर्ग (भोला, राधा, कृष्ण, स्पार्टाकस, पिटर)का पात्रहरू त अघि सारेका छन्, तर तिनीहरूका बीचको सङ्घर्षलाई व्यवस्थित गर्न र घटनालाई क्रमिक र स्वाभाविक विकास गर्दै उत्कर्षमा पुऱ्याउन भने सकिएको छैन । शिक्षा र चेतनाको तीब्र विकास भएको बर्तमान समयमा शोषण र दमनका रूपहरू पनि परिवर्तित भएका छन् । आजको समाजमा पनि राणाकालीन समयको जस्तो नग्न र बर्बर सामन्ती शोषण देखाउनु स्वाभाविक लाग्दैन । जबरसिं आफैं खेतमा गएर किसानले थुपारेको धान जबरजस्ती लिएर जानु, किसानले त्यसको प्रतिरोध गर्न खोज्दा कम्युनिस्ट पार्टीको मन्त्री आएर तिनीहरूमाथि प्रहरी दमन गर्दै हत्या र आतङ्क मच्चाउनु जस्ता घटनाहरू आजको सन्दर्भमा त्यति स्वाभाविक लाग्दैन । त्यसप्रकारको प्रहरी दमन र हत्याका लागि सोही अनुरूपको विद्रोहात्मक चेत, सङ्गठन वा सरकार विरोधी गतिविधि आवश्यक पर्दछ । कि त जनयुद्ध अघिको रूकुम रोल्पामा गरिए जस्तै तीब्र सरकारी ज्यादती र दमन आवश्यक हुन्छ, कि त अरू नै किसिमको सङ्गठित विद्रोह वा आन्दोलन आवश्यक हुन्छ । तर महाकाव्यमा त्यो खाले सचेत विद्रोह वा आन्दोलन गरेको देखिँदैन ।

पटक-पटकका निःशस्त्र र सशस्त्र आन्दोलनबाट सङ्घीय गणतन्त्र स्थापना भई कम्युनिस्टको दुईतिहाई निकटको सरकार बन्दासमेत जनताले परिवर्तनको अनुभूतिसम्म गर्न नपाएको, शोषण-उत्पीडन, गरिवी र वेरोजगारी कायमै रहेको, भ्रष्टाचार, बलात्कार र विभेद बढ्नुका साथै नेता र मन्त्रीहरूले यस्ता अपराधजन्य कार्यहरूलाई संरक्षण गर्ने गरेको, युवाहरूले देशकोभन्दा विदेशको सपना देख्न थालेको, गरिवहरू श्रम बेच्न अरबको खाडीमा जान वाध्य भएको जस्ता विषयहरूलाई महाकाव्यले ठाउँ ठाउँमा उठाएको छ ।

कविको सबैभन्दा बढी आक्रोश सशस्त्र र निःशस्त्र जनआन्दोलनबाट सत्तामा पुगेका कम्युनिस्ट नेताहरूको प्रतिगामी चरित्र र व्यवहारप्रति रहेको देखिन्छ । बृषभसिंहलाई त्यसैको प्रतिनिधि पात्रका रूपमा उभ्याइएको छ । कम्युनिस्ट पार्टीबाटै चुनाव जितेर मन्त्री बनेको ऊ भ्रष्ट र पतित मात्र छैन, श्रमिक किसानहरूमाथि प्रहरी दमनमा पनि उद्दत रहन्छ । हत्या, बलात्कार जस्ता घटना मात्र घटाउँदैन गाउँकी महिलालाई बोक्सीको आरोप लगाउँछ र आफैंले पिट्दै दिसा खुवाउन लगाउँछ । ऊ राजनीति भनेको बाहिर देखाउनका लागि जनताको सेवा गर्ने भएपनि भित्रचाहिँ आफू र आफन्तको वर्ग उत्थान गर्दै सम्भ्रान्त बन्नुहो भन्ने कुरा गर्छ । ऊ यतिसम्म भन्छ कि यो गणतन्त्र हामीले ल्याएको हैन, भारतको सहयोगले आएको हो र हामी ऊप्रति कृतकृत्य हुनुपर्छ–

हाम्रो सामर्थ्यले हैन आएको गणतन्त्र यो<br>
यसमा छ ठूलो हात मित्र भारतबर्षको<br>
गुन जो मित्रले लाए कृतघ्न कसरी बनौं<br>
कृतकृत्य हुनैपर्छ बैगुनी कसरी भनौं ...<br>
बाँड्ने हो सपना मात्रै लक्ष्य ता जोड्नु हो धन<br>
रोजौं यै मार्ग कम्रेड ! नगरीकन दोमन (४/३४-३८)<br>
छारो हालेर आँखामा जनता लुट्नुपर्दछ<br>
छरेर कनिका बुद्धि उनको भुट्नुपर्दछ (४/८)

यसरी एउटा कम्युनिस्ट पार्टीको जिम्मेवार नेता र मन्त्रीले भनेका यस्ता कुराहरूलाई सरसर्ती पढ्दा उग्र कम्युनिस्ट विरोधी (अझ जनयुद्ध विरोधी) भाव प्रवाह गरे जस्तो लाग्दछ । यस्ता केही पंक्तिलाई हेर्दा कुनै प्रगतिवादी कविले लेखेको रचना भन्न सकिने स्थिति देखिँदैन । जनताको ठूलो त्याग र बलिदानबाट आएको गणतन्त्रलाई कम्युनिस्ट मन्त्रीकै मुखबाट भारतले ल्याइदिएको भन्नु हजारौं सहिद, वेपत्ता, घाइते र आमजनताप्रतिको घोर अपमान हुन जान्छ । यसले आन्दोलनमा होमिएका जनताको स्वाभिमानमा समेत चोट पुऱ्याउँदछ । जस्तोसुकै सामन्त र भ्रष्ट व्यक्तिले पनि व्यवहारमा जनतालाई ठग्ने र लुट्ने गरे पनि मुखलेचाहिँ जनता लुट्ने कुरा गर्दैनन् तर यहाँ बृषभसिंहले आफ्ना कार्यकर्तालाई जनता लुट्ने कुरा भनेको पनि स्वाभाविक

लाग्दैन ।
कम्युनिस्ट पार्टीको सरकारप्रति जनताको जुन अपेक्षा थियो त्यस विपरीतका कार्य र जनविरोधी गतिविधि देखेर वाक्क र दिक्क बनेका कविका मनमा छताछुल्ल भएर पोखिएका आक्रोश र कुण्ठाहरूलाई उचित परिमार्जन नगरिँदा कम्युनिस्ट विरोधी जस्तो देखिन गएको छ । तर, काव्यका अन्य सन्दर्भहरू पढ्दा र कविले जनयुद्ध र जनआन्दोलनमा गरेको योगदान अनि क्रान्तिप्रतिको निष्ठालाई बुझ्दाचाहिँ कविको भाव त्यस्तो देखिँदैन । कोरोना महामारीको समयमा लेखिएको प्रस्तुत काव्यले तत्कालीन कम्युनिस्ट सरकारले गरेका जनविरोधी कार्य, हत्यारा, बलात्कारी र दलालहरूलाई पार्टीमा भित्र्याएर मन्त्री बनाएको अवस्थासमेतलाई ध्यानमा राख्दा सरकार र सत्तारूढ पार्टीका गतिविधिप्रतिको घोर घृणा, आक्रोश, विरोध र वितृष्णाको अभिव्यक्तिका रूपमा त्यस्ता केही श्लोक सिर्जित भएको देखिन्छ ।
जबरसिंह र बृषभसिंह विरूद्ध जनतालाई सङ्गठित गर्दै त्यसलाई वर्गसङ्घर्षको रूप दिई सोही अनुरूप घटनाको विकास गर्दै लगिएको भए महाकाव्य उद्देश्य केन्द्रित हुन गई बढी प्रभावकारी बन्न सक्दथ्यो । तर यहाँ घटना र पात्रहरू उद्देश्य केन्द्रित हुन सकेका छैनन् । महाकाव्यको सुरूवात र अन्त्य राम्ररी गरिएको भएपनि वीचमा कविका भावना र विचारलाई छरप्रष्ट रूपमा राखिएको छ । कतै कोरोना महामारीको सन्दर्भ, कतै अमेरिकी सहयोग नियोग (एम.सि.सि.) प्रतिको धारणा, कतै कम्युनिस्टहरू सरकारमा गएपछि स्खलित हुँदै गएको सन्दर्भलाई अघि सारिएको छ । यस्ता भावहरू व्यक्त गर्न सोही अनुकूलका पात्रहरूको निर्माण र विकास गरिएको भए स्वाभाविक र प्रभावकारी बन्दथ्यो । तर कथावस्तुलाई बीच–बीचमा अलपत्रै छाडी कवि आफ्ना राजनीतिक–वैचारिक भावहरूलाई पस्कन लागेकाले महाकाव्य अपेक्षित प्रभावकारी हुन सकेको देखिँदैन ।

## बिसौनी

जनताको ठूलो त्याग बलिदानबाट आएको परिवर्तन पनि केही मुठ्ठीभर व्यक्तिहरूको पेवा जस्तै हुन पुगेको, देशमा शोषण, उत्पीडन, विभेद, कुशासन र भ्रष्टाचार मौलाउँदै गएको र आम जनताले परिवर्तनको कुनै अनुभूति गर्न नपाएको अवस्था औंल्याउँदै महाकाव्यले अर्को क्रान्तिको आवश्यकता औंल्याइएको छ । तर, अर्को क्रान्ति कस्तो, कुन प्रकृतिको र कसरी सम्पन्न गर्ने भन्ने कुरामा भने काव्यले स्पष्ट सङ्केत गरेको छैन । 'नयाँ खाले क्रान्ति' भनिए पनि त्यो स्पष्ट हुँदैन । महाकाव्यको अन्त्यतिर आउँदा चार जना पात्र मिलेर 'नेपाल बचाऊँ सङ्घ' खोलेकाले त्यो आन्दोलन केवल राष्ट्रवादी वा सुधारवादी प्रकृतिको जस्तो देखिन्छ भने त्यसै सर्गको अन्त्यतिर आउँदा स्पार्टाकस र पिटरले सामन्तलाई जनकार्वाही गर्दै 'यो यात्रा रोकिने छैन

समता त्यो नभैकन' भन्नुले क्रान्तिकारी दिशामा अघि बढेको सन्देश प्रवाह गरेको देखिन्छ । काव्यको उद्देश्य आमूल परिवर्तनका लागि अर्को क्रान्तिको आवश्यकता औंल्याउनु भएपनि त्यो स्पष्ट रूपमा आउन सकेको छैन ।
शैलीका दृष्टिले भने यो महाकाव्य निकै सरल र सुन्दर देखिन्छ । शास्त्रीय छन्दभित्र अनुप्रासको सुन्दर छटा प्रकृतिचित्रण देखि समसामयिक राजनीतिक–सामाजिक सन्दर्भहरूमा समेत उत्तिकै प्रवाहशील बनेको देखिन्छ । भावानुकूलको छन्द–प्रयोगले कविको काव्यकौशलतालाई उजागर गरेको छ । कुनै पनि घटना वा सन्दर्भमा छन्द बेरोकतोक निर्बाध रूपमा अघि बढ्नु कविको काव्य–कौशलता हो । शुक्ला गण्डकी तटको परिवेश र त्यस वरपरको प्राकृतिक चित्रणको आधारबाट महाकाव्यको शीर्षक नै शुक्लागण्डकी राखिएको छ । शीर्षकले काव्यको उद्देश्य, मर्म र समग्र भावनालाई वहन गर्न नसके पनि त्यहाँको परिवेशलाई समेटेको हुँदा सार्थक नै मान्न सकिन्छ । घटना, पात्र, परिवेश र उद्देश्य बीचको तारतम्य मिलाउँदै तिनको स्वाभाविक विकास गर्न सकेको भए महाकाव्य अझै सबल र प्रभावकारी बन्न सक्दथ्यो । केही सीमाहरूका बीच पनि 'शुक्लागण्डकी' महाकाव्य नेपाली काव्य–साहित्यमा एउटा महत्वपूर्ण प्राप्ति बन्न पुगेको छ ।

# मेरो मानसपटलमा अमेरिका

तीर्थराज अधिकारी

संयुक्त राज्य अमेरिका (USA) मा मेरो धरै पटकको आवतजावत र सन् २००५ देखि हालसम्म करिब १५ वर्षको बसाई क्रममा केही कुरा लेख्ने विचारले टिपोट गरेको थिइन। मेरा इष्टमित्र, साथीभाइ र शुभचिन्तक हरुको अग्रहमा यो लेख अध्यवधिक रुपमा पुनरावृत्ति भएको छ। पृथ्वीको पश्चिमी गोलार्धमा उत्तरी ध्रुव प्रदेशदेखि दक्षिणी ध्रुव प्रदेशसम्म फैलिएको, दुई महादेशमध्ये उत्तर अमेरिकामा पर्ने एक देश संयुक्त राज्य अमेरिका हो। यस देशको प्रशासनिक राजधानी वासिङ्टन डि सी र आर्थिक राजधानी न्यूयर्क हो।

सन् २०२२ जनवरीको आँकडाले भनेअनुसार ३३करोड ३६लाख जनसंख्या र ३७,१७,८११ वर्ग माइल क्षेत्रफल भएको यस विशाल राष्ट्रमा ५० वटा विभिन्न राज्यहरू छन्। एटलान्टिक महासागरदेखि प्रशासन्त महासागरसम्म फैलिएको यो भूभागलाई सानो लेखमा समेट्ने कुरा पनि साह्रै नै असजिलो विषय हो। करिब १५ हजार बर्ष पहिले बेरिङ स्ट्रेट (Bering Strait) को बाटो गरी एसियालीहरू यस भूभागमा प्रवेश गरेका रहेछन्। सन् १४९२ मा क्रिष्टोफर कोलम्बसले यो भूभाग पत्ता लगाए पश्चात् विस्तारै युरोपियनहरू यहाँ प्रवेश गरे। आ–आफ्नो पहुँच पुगेको ठाउँमा उपनिवेश बनाए। आदिवासीहरू रोगले ग्रसित भए। युरोपियनबाट स्मल पक्स (Small Pox) जस्ता रोग सरे। कुनै मास्सिए, कुनै कुना लागे। स्पेन, फ्रान्स र बेलायतले लामो समय शासन गरे। १७४ वर्ष त बेलायतले उपनिवेश कायम राख्यो।

जुलाई ४, १९७६ मा स्वतन्त्रता घोषणा भएको यो देश भूभाग र जनसंख्या दुवैमा विश्वमा तेस्रो ठूलोमा गणना हुने गरेको छ। सेप्टम्बर १७, १७८६ मा पहिलो संविधान तयार भयो। जर्ज वासिङटन (George Washington) यस देशको पहिलो राष्ट्रपति हुन्। बेलायससँग लडाइँ गर्दा जम्मा १३ राज्य मात्र थिए। पछि विस्तारै अरु राज्यहरू पनि मिल्न आए। कुनै किने र कुनै क्षेत्र लडाइमा जिते। हाल यस देशमा ५० वटा राज्यहरू समावेश छन्। त्यसैले यस देशलाई संयुक्त राज्य अमेरिका भनिन्छ। समावेश भएका राज्यहरूमध्ये सबैभन्दा ठूलो र सानो छुट्याउँदा यस्तो आकार देखिन्छ।

क्षेत्रफलको आधारमा:- ठूलो अलस्का (Alaska) सानो- रोड ( Rhode)

जनसंख्याको आधारमा:-- ठूलो-क्यालिफोर्निया (California ) सानो-यियोमिङ (Wyoming)

**राजनीति– राष्ट्रपति सम्बन्धी**

संयुक्त राज्य अमेरिका राष्ट्रपतीय शासन व्यवस्था भएको मुलुक हो। केन्द्रीय व्यवस्थापिकामा दुई तह छन्। सिनेट र जनप्रतिनिधि सभा। सिनेट (Senate) मा साना–ठूला सबै राज्यबाट २ जनाका दरले १०० र जनप्रतिनिधि (House of

representative) मा ४३५ गरी व्यवस्थापिकामा ५३५ जना सदस्य हुन्छन् । मुख्यतया अमेरिमामा २ वटा ठूला राजनीतिक दल छन् । तिनैबाट राष्ट्रपति छानिने व्यवस्था छ । हालसम्म ४६ जना राष्ट्रपति भए । निम्न लिखित राजनीतिक दलबाट निम्न संख्यामा राष्ट्रपति भएका छन् । रिपब्लिकन–१९, डिमोक्रेटिक–१६, डिमोक्रेटिक रिपब्लिक–४, ह्वीग (Whig)–४, युएसएनआर–१ र स्वतन्त्र–२ गरी जम्मा ४६ । जो बाइडेन ४६सौं राष्ट्रपति हुन।

**राष्ट्रपतिय केही तथ्यहरू**

(क) पहिलो राष्ट्रपति – George Washington

(ख) ४६सौं राष्ट्रपति– जो बाइडेन (Joseph Robinette Biden Jr)

(ग) २२ औं र २४ औं एकै व्यक्ति राष्ट्रपति – Grover Cleveland.

(घ) दुई कार्यकालभन्दा बढी राष्ट्रपति हुने– F.D. Roosevelt

(ङ) बाबु छोरा दुवै राष्ट्रपति हुने– John Adams र John Quincy Adams बाबु छोरा हुन् भने George H.W Bush र George W. Bush पनि बाबु छोरा हुन् ।

(च) William Henry Harrison र Benjamin Harrison हजुरबुबा र नाति हुन्, दुवै राष्ट्रपति भए ।

(छ) William Howard Taft राष्ट्रपति भएपछि सर्वोच्च अदालतको प्रधान न्यायाधीश पनि भए । यिनी २७सौ राष्ट्रपति तथा १०सौं प्रधान न्यायधिश थिए।

(ज) अमेरिकाको राष्ट्रपति हुन त्यो देशको जन्मसिध्द नागरिक हुनु अनिवार्य छ । राष्ट्रपतिको निर्वाचन प्रत्येक ४–४ वर्षमा हुन्छ । नोभेम्बर महिनाको पहिलो मंगलबार निर्वाचन हुन्छ । जनवरी २० मा नयाँ राष्ट्रपतिले कार्यभार सम्हाल्छन् ।

झ-यस देशमा सबै भन्दा धेरै आइसक्रिम खपत हुन्छ।

ञ-यहाँका ४ राष्ट्रपतिलाई कार्यकालमै हत्य भएको थियो।

(i)-Abraham Lincoln 16th president, in April 15,1865.

(ii)-James A Garfield 20th president, in Sep. 19, 1881.

(iii)-William McKinley 25th president, in Sep. 14, 1901.

(iv)-John f. Kennedy 35th president, in Nov. 22,1963.

ट-राष्ट्र प्रमुखलाई राष्ट्रपति भनिएको सबैभन्दा पहिले अमेरिकामा हो।

ठ-ह्वाइट हाउसमा १३२ कोठा छन्।

**नियन्त्रण र सन्तुलन :-**

राज्यका प्रमुख तीन अंग कार्यपालिका, न्यायापालिका र व्यवस्थापिका आ–आफ्नो क्षेत्रमा स्वतन्त्र छन् । एउटा निकायले आफ्नो अधिकार क्षेत्रको उल्लंघन गर्यो भने अर्को निकायले त्यसमा अंकुस लगाउने व्यवस्था छ । कार्यपालिकाका मन्त्रीहरू संसद सदस्य हुन आवश्यक छैन । सर्वोच्च अदालतको प्रधान न्यायाधीश अन्य एसोसिएट न्यायाधीशरु राष्ट्रपतिले नियुक्त गर्दछन् तर सिनेटको स्वीकृति लिनुपर्दछ । यसैले संयुक्त राज्य अमेरिकाको संविधानलाई नियन्त्रण र सन्तुलनको उदाहरणका रुपमा लिइएको छ ।

अमेरिकाका मुख्य १० वटा सहरहरू

१न्युयोर्क सिटी New York city

२. लस एन्जलस Los Angeles

३. सिकागो Chicago

४. हिस्टन Houston

५. फिनिक्स Phoenix

६. फिलाडेल्फिया Philadelphia

७. सान एन्टोनियो San Antonio

८. सान डिएगो San Diego

९. डालास  Dallas

१०. सान जोसे San Jose

अमेरिकी स्वभाव र Manners and Etiquette

विश्वका अरु मुलुकभन्दा अमेरिकी बानी व्यहोरा अलि फरक छ । उनीहरू धेरै मेहनती छन् । बिहान ८–९ बजेबाट साँझ ५–६ बजेसम्म खटेर काम गर्दछन् । शनिबार र आइतबार छुट्टी हुन्छ । यसलाई Weekend भनिन्छ । Christmas, New year, Easter, Labor day, Memorial day आदि पर्वमा हप्तासम्म लामो छुट्टी पर्दछ । मिश्रित संस्कृति र जातिय विविधता हुनाले यहाँ अङ्ग्रेजीको बाहुल्य हुँदाहुँदै ठउँ ठाउँमा स्पेनिस, चाइनिज, फ्रेन्च , कोरियाई, जर्मन, भियतनामी, अरवी, रुसी र नेपाली भाषा पनि बोलिन्छ।

अफिस, प्रार्थना र नयाँ भेटघाटमा औपचारिक पहिरन राम्रो मानिन्छ । अरु समयमा लवाईखवाईको कसैले ख्याल गर्दैन । यस देशको धरै भागमा अंग्रेजी मात्र बोलिन्छ । कुनै–कुनै उखान टुक्काहरू नबुझीन सक्छ । बिस्तारै बोल्न अनुरोध गर्न सकिन्छ । अमेरिकीहरु छिटो–छिटो बोल्दछन् । ससानो मिटिङ्ग गर्दा पनि केही खाने पिउने कुरा राखेका हुन्छन् । खानपान गर्दा खानासँगै सुप सुरुप्प आवाज आउने गरेर खाएको राम्रो मान्दैनन् । बाटोमा हिँड्दा केही कुरा खाँदै हिँडेको कसैले वास्ता गर्दैन । कागज, प्लाष्टिक, बोक्रा आदि जता पायो त्यतै फाल्न हुँदैन । साह्रै नराम्रो देखिन्छ । गुडेको कार वा बसबाट झ्याल खोली केही कुरा, चुरोटको ढुटा, प्लाष्टिक, बोक्रा आदि फाल्यो भने दुर्घटना हुन सक्छ । सबै सवारी साधन उच्च गतिमा रहेका हुन्छन् ।

भेट हुँदा वा परिचय गर्दा सबैले हात मिलाउँछन् । सबै उठ्छन्, असमर्थलाई अनिवार्य छैन । कुरा गर्दा धेरै नगिच (टाँसिने गरी) रहनुपर्दैन । खाँदा, बस्दा छोरा मान्छे छोरी मान्छे सँगै बस्छन् । अविकसित मुलुकमा छोरा मान्छे र छोरी मान्छे बेग्लाबेग्लै बस्ने प्रबन्ध गरेको हुन्छ । सार्वजनिक स्थानमा असक्तहरूको लागि छुट्टै व्यवस्था गरिएको हुन्छ, बस, प्लेन वा अन्य सवारी साधन वा सार्वजनिक प्रदर्शनमा असमर्थलाई छुट्टै निगरानी हुन्छ ।

उपहार खुला दिने चलन हुन्छ । जोडी वा बिजोडी नम्बरसँग मतलब हुँदैन । धेरैजसो फुल वा चकलेट उपहार दिने चलन हुन्छ । अमेरिकनहरू १३ अंकलाई अपसगुन भन्ने ठान्दछन् । यो वा त्यो भनेर चोर औंलाले देखाउन हुँदैन । बुढी औलाको इशारा सकारात्मक हुनछ । माझी औलो नकारात्मक मान्छन् । चोर औंला र माझी औंलाले बनाएको भि (V)आकार राम्रो मानिन्छ, स्वीकृत दिएको मानिन्छ ।

नाउँ बोलाउँदा पछाडिको थर भन्ने चलन हुन्छ । मिस्टर अधिकारी, देवकोटा, थापा आदि । थर

थाहा भएन भने श्रीमान् हर्कबहादुर, श्रीमती रीता, सुश्री निता भन्ने गर्दछन् अमेरिकनहरू। पहिलो भेटमा परिचय हुँदा हात मिलाएर –

Hello हेलो, how are you? तपाईलाई कस्तो छ ?

उत्तर- Fine राम्रो छ, Great ठिकठाक छ, Very well विलकुल ठिक।

छुट्टिदा- See you later फेरि भेटौंला, Have a good day/evening/morning.

राम्रो दिन होस्÷शीतल साँझ होस्÷सुनौलो बिहान होस् भन्दछन्।

Please कृपय, Thank you धन्यवाद आदि धेरै प्रयोग हुने शब्द हुन्। अमेरिका सबैलाई समान मान्ने, जात, धर्म, लिङ्ग आदिको भेदभाव रहित र खुला सामाजिक परिवेश भएको देश हो। कसैसँग भेट हुँदा वा समूहमा अर्काेको कुरा काट्नु, राजनीतिक छलफल गर्नु, असान्दर्भिक कुरा निकाल्नु राम्रो मान्दैनन् यहाँ।

अमेरिका एक अनुभूति अनेक विषयः-

केही टिपनटापनः-

१-अमेरिकी राज्य क्यालिफोर्निया समुद्री तिरमा रहेतापनि पिउने पानीको पाइप करिव छसय मिल टाढाबाट बिछ्याइएको छ।

२-सार्वजनिक यातायातको साधनमा परिचालक राखेको हुदैन। सबै काम चालकले एक्लै गर्दछ।

३-अमेरिकामा हुलाक गाडी बाहेक सबै सवारी साधनको स्टेरिङ् बायाँ हुन्छ। सबै सवारीसाधनहरु दायाँतर्फबाट गुड्छन्।

४-धेरै ठुलो देश भएकोले यहा समयलाई पनि विभाजन गरिएको छ। देशको ती भौगोलिक भागमा तीन समय हुन्छ। देशको पूर्वीभाग न्युयार्कमा बिहानको ९ बज्दा फश्चिमी भाग क्यालिफोर्नियामा बिहानको ६मात्र बजेको हुन्छ।

५- यस देशमा केन्द्रिय सरकारले मुख्यतय हुलाक सेवा, सेना र मुद्रा गरी तीन काम गर्दछ। अन्य सबै काम स्थानीय तहबाटै गरिन्छ।

६-सवारी साधनको गति सीमा निर्धारित गरिएको हुन्छ।

७-ठुल्ठुला सहरमा बाहेक सार्वजनिक सवारी साधनको व्यवस्था प्राय हुँदैन। धेरै जसो व्यक्तिसंग निजी साधन हुन्छ।

८-यहाँका नागरिकलाई आत्म सुरक्षाका लागि हतियार राख्न पाउने सुभिदा दिएको हुन्छ।

९-यो देशमा साबुनले लुगा धुने चलन पटक्कै छैन। सावन जस्तै तरल पदार्थ मेशिनमा हालेर लुगा धोइन्छ। मेशिनले सुकाउँछ, बाहिर डिरीमा टाङ्दा असभ्यमा गनिन्छ।

१०-शुध्द शाकाहारीलाई यहाँ सबैभन्दा समस्य भनेको सबै खाद्य पदार्थमा कसैन कसै गरी मांस पदार्थको स्पर्श रहेको हुन्छ।

११-कक्षा १२संम निशुल्क शिक्षा प्रदान गरिन्छ। अवस्था हेरी खाजाको व्यवस्था पनि हुन सक्छ तर उच्च शिक्षा बने असाध्य महङ्गो छ।

१२-उनन्सत्तरी प्रतिशत अमेरिकीहरुको वार्षिक बचत एक हजार अमेरिकी डलर हुन्छ।

१३-अमेरिकामा सबैभन्दा पहिले छाँदीको सिक्का निकालिएको हो।

१४-यस देशमा ३० प्रतिशत व्यावसाय महिलाको स्वामित्वमा हुन्छ।

१५-यस देशमा बस्ने करिव ७%मान्छे कहिल्यै ननुहाउने पनि हुँदा रहेछन्।
१६-सन १९६२मा अर्कान्सस् राज्यमा स्थापित वालमार्ट (Walmart) हाल जताततै फैलिएको छ। यसमा २२-२५ लाख मान्छेले रोजगारी पाएका छन्।
१७-आफूसंग दश अमेरिकी डलर छ र ऋण तिर्नु छैन भने २५% धनी अमेरिकी भित्र परिन्छ।
१८-अमेरिकामा एकल जीवन बिताउनेको संख्या धेरै छ।
१९-यहाँका ३३ कोड जनसंख्या सित ३९ करोड हतियारको स्वामित्व हुन्छ।
२०-अठ्ठार प्रतिशत अमेरिकी अझै पनि सूर्यले पृथ्वीलाई परिक्रमा गर्दछ भन्ने विश्वास गर्दछन्।
२१-यटलान्टा Atlanta वश्वमै सबैभन्दा व्यस्त हवाई मैदान हो।
२२-यस देशमा सबै भन्दा धेरै आइसक्रिम खपत हुन्छ।

**US-D.V. Program (डि.भि.)**

Congressionally Mandated Lottery Program

यो संयुक्त राज्य अमेरिकाको स्थायी आप्रवासन कार्ड हो। यसलाई न्चभभल Green Card भन्दछन्। यो हरियो रंगको हुनाले ग्रिनकार्ड नामाकरण भयो। सन् १९९० मा अमेरिकाले यो कानून पास गर्‍यो। १९९५ बाट DV शुरु भएको हो। खास गरेर अमेरिकामा सांस्कृतिक विविधता कायम राख्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो। डि भि कार्यक्रमबाट शुरुमा विश्वभरका ५५००० जनता छानिने व्यवस्था थियो। सन् १९९९ बाट (NACARA) नाकारालाई (Nicaraguan Adjustment and Central American Relief Act) ५००० कोटा छुट्याइयो। त्यसपछि विश्वभरबाट अन्य ५०,००० मात्र DV Program बाट छानिन्छन्।

लगातार ५ वर्षभित्र अमेरिकामा ५०००० को संख्या भित्रिएको देशबाट DV कार्यक्रममा भाग लिन नपाउने व्यवस्था छ। जस्तै क) मुलुकबाट सन् २०१२–२०१७ भित्रमा ५०,००० मानिस अमेरिका प्रवेश गरेका छन् भने २०१८ को DV Programमा क. देशलाई समावेश गरिँदैन। त्यसै भएर सन् 2018 को Program मा निम्न देशहरू समावेश थिएनन्।

Brazil, China, Canada, Colombia, Dominican Republic, Ecuador, El Salvador, Haiti, India, Jamaica, Mexico, Pakistan, Peru, Philippines, South Korea, United kingdom (Except North Ireland) and Vietnam.

डि भि भर्न वा दरखास्त दिन पैसा तिर्नुपर्दैन। इन्टरनेटाबाट भर्न सकिन्छ, अर्थात् दरखास्त दिन सकिन्छ। अर्को कुरा आफ्ना परिवारका सदस्यबाट Sponsor गरेका, त्यहाँ जागिरे भएका मानिसले आफ्ना परिवारसँगै लगेका, अमेरिकनसँग वैवाहिक सम्बन्ध भएका, विभिन्न शरणार्थी, पहिले डि.भि. परेर गएका र सहुलियत पाएका भने ५०,००० को बन्देजमा पर्दैनन्। त्यसै कारण २०१२ को DV कार्यक्रममा China, Iran, Ethiopia, Guatemala, Nigeria, Iraq and Venezuela सम्बन्धित उम्मेदवारबाट वञ्चित थिएनन्। सन् १९९५ मा डि.भि. कार्यक्रम शुरु गर्दा भारत, चीन, दक्षिण कोरिया, संयुक्त अधिराज्य, भियतनाम, क्यानडा आदि देश समावेश गरिएका थिएनन्।

धेरै मानिसको बुझाईमा DV परेपछि अमेरिकी सरकारले सम्पूर्ण कुरा पूरा गरिदिन्छ भन्ने छ। यो बुझाई गलत हो। यो त स्थायी प्रवेशाज्ञा मात्र हो। डि भि परेपछि अमेरिका जान सहज भयो। त्यहाँ बसी रहन सहज भयो तर अमेरिका सरकारले खान, बस्न, कामको खोजी गर्दैन, त्यो

तपाईको आफ्नो कुरा हो । जिविकोपार्जन आफै गर्नुपर्दछ । जस्तो तपाई काठमाडों जानुभयो, आफै ब्मवगकत गर्नुहोस ।

५०००० जनालाई वार्षिक डिभि पर्नेमा कोटा छुट्याएको हुन्छ । युरोप +अफ्रिकालाई ८०% छुट्याइन्छ । ५०,००० हजारमा ४०,००० सकियो, बाँकी १०,००० अरु क्षेत्रलाई बाँडिने हो । एउटा देशको भागमा ७% भन्दा बढी पर्दैन । यसको संख्या ३५०० हुन्छ । प्रष्ट बुझ्दा नेपाल समावेश भइन्ज्याल एकपटकमा ३५०० जना नेपालीलाई डि भि पर्न सक्छ ।

कम्तीमा High School Diploma अथवा २ वर्षको Vocational Training नलिएको कुनै पनि व्यक्तिले D V भर्न पाउँदैन भने D V पर्दैमा भिसा मिल्छ भन्ने पनि होइन । डि.भि. पर्नेहरूको गोप्य रिर्पोट बुझिन्छ, Interview लिन्छन् र कुनै कुराबाट अयोग्य ठहरिए भिसा नदिन सक्छन् । अहिले सम्मको रेकर्डमा डि.भि. परेका नेपालीमध्ये ८५% ले भिसा पाएका छन् ।

डि.भि. छान्दा पक्षपात भने हुँदैन । E-DV Entry Form बाट भर्न सकिन्छ । कोटा छुट्टिएको देशबाट डि.भि. भर्नेको संख्या थोरै भए डि.भि. पर्ने सम्भावना धेरै हुन्छ । कम्प्युटरले डि.भि. भर्नेहरूको विवरण प्रष्ट छुट्याएर राखेको हुन्छ, कम्प्युटरले नै Lottery छान्छ, भेदभाव हुने सम्भावना छैन, सानोतिनो गल्तीले DV नपर्ने पनि हुँदैन ।

डिभि परेर अमरिका जानेहरू कम्तीमा वर्षको ६ महिना त्यहाँ बसेकै हुनुपर्छ, विशेष परिस्थितिमा अमेरिकी सरकारलाई जानकारी दिनुपर्दछ । डि भि पर्नेले फारम भर्दा विवरण पेश गरेका छोराछोरी, श्रीमान्, श्रीमती सँगै लान सक्छन् । तर डिभि पर्दासम्म छोराछोरी मध्ये २१ वर्ष नाघेको हुनु हूँदैन । Green Card लिएका ५ वर्ष पछि नाताको क्रम अनुसार आफ्ना परिवारका सदस्यहरूलाई Sponser गर्न सकिन्छ, जस्तै आमा, बाबु, दिदीबहिनी, दाजुभाई । क्रमानुगत तवरले Green Card पाउँछन्, तर ५–१० वर्षसम्म समय लाग्न सक्छ ।

अमेरिकी शिक्षा प्रणाली ( Educational System)

ब्रिटिस मोडेल भन्दा अमेरिकन शैक्षिक प्रणाली धेरै नै फरक छ । अमेरिकामा राष्ट्रिय स्तरको शैक्षिक केन्द्रियता हुँदैन । त्यहाँको ५० वटा स्टेटमा नै शिक्षा विभाग हुन्छन् । आ–आफ्नो राज्यको शिक्षा विभागले मार्ग निर्देश गर्दछन् । सबै स्कूल र कलेजहरूले सम्बन्धित राज्यबाट आर्थिक सहायता पाएका हुन्छन् । राज्य व्यवस्थापिकाले सार्वजनिक स्कूल र कलेजलाई कति सहयोग गर्ने भन्ने तय गर्दछ । यो रकम राज्य तहबाट उठ्छ ।

पब्लिक स्कूलहरूमा १–१२ ग्रेडसम्म फी तिर्नुपर्दैन । यहाँ फी लाई ट्युशन शब्द प्रयोग हुन्छ । College र University Students le ले tuition तिर्न पर्दछ । केही विद्यार्थीले शैक्षिक वृत्ति र कसैले सरकारसँग ऋण लिन पाउँछन् । अध्यायन पूरा गरेर काम गर्न थाले पछि विस्तारै ऋण तिर्नुपर्दछ । ब्याज दर साह्रै महँगो हुँदैन ।अमेरिकामा हरेक स्कूलको क्षेत्र निर्धारण गरिएको हून्छ । त्यो क्षेत्रभित्र पर्ने लोकल कम्युनिटीको प्रत्यक्ष निगरानीमा स्कूल रहन्छन् ।जसलाई स्कूल बोर्ड भनिन्छ । बोर्ड निर्वाचित वा मनोनित दुवै हुन सक्छ । सबै स्थानीय स्कूललाई ३ भागमा बाँडिएको हुन्छ । .Elementary, Middle School and High School

a-Elementary School-1-5 Grade

b-Middle School 6-8 Grade

c-High school 9-12 Grade

स्कूल जाने उमेर स्कूल खुल्ने समय फरक State मा फरक नियम हुन्छ। कुनै State मा ५ वर्षमा र कुनैमा ७ वर्षमा पुगेपछि School Age मानिन्छ। ग्रेड १ मा शुरु गर्न ६ वर्ष पुग्नुपर्छ, एकदिन नपुगेमा अर्को सत्र कुर्नु पर्दछ। American School Calendar अनुसार प्रायश Aujust पहिलो हप्ताबाट सत्र शुरु हुन्छ र June को पहिलो हप्तामा सकिन्छ।

संयुक्त राज्य अमेरिकामा प्राथमिक शिक्षा अनिवार्य छ। High School Level District School Zoneमा पढ्नुपर्दछ। College र Universityमा भने यो व्यवस्था अनिवार्य छैन। अर्को State वा Community को विद्यार्थीले बढी Tuition तिर्नुपर्दछ। College Age १७-१८ वर्षको उमेरमा शुरु हुन्छ।

स्कूल रिजल्ट Grading निम्न अनुसार हुन्छ।

A-Excellent, B-Above Average, C-Average, D-Below Average, F-Falling.

Fail हुनेले कोर्स दोहोर्याउँछन्। High School पास गर्नेहरू प्रायः ५८–६०% मात्र college वा University भर्ना हुन्छन्। २ वर्षे Community College धेरै हुन्छन्। फी थोरै लाग्छ। बाहिरबाट आएका विद्यार्थीहरू प्रायः Community Collegeमा २ वर्षसम्म पढ्दछन् अनि अरु College मा सर्न मिल्दछ।

University भर्ना हुँदा GPA (Grade Point Average), अतिरिक्त क्रियाकलापमा भाग लिए नलिएको, Essay, Personal interview, SAT(Scholastic Aptitude Test), ACT ( American College Testing) आदिको आवश्यकता पर्दछ। यसको अतिरिक्त गणित, लेखन शैली, पठनपाठनको तरतरिका र विज्ञान–विचारको पनि ख्याल गरिन्छ। Bachelor , Degree पढ्ने विद्यार्थीलाई Under Graduate र Master अथवा Doctoral Degree लाई Graduate Students भन्दछन्। Under graduate course मा Liberal education दिइन्छ भने Degree Course मा A major Course या Study गराइन्छ। धेरै जसो Bachelor Course का विद्यार्थीले Thesis लेख्नु पर्दैन।

Master Degree study गर्न केही प्रावधान राखेको हुन्छ। Minimum Graduate Degree , GPA (Grade Point Average), GRE ( Graduate Record Examination) को साथै केही Test पनि लिन सक्छन्। Master Degree को लागि भने Thesis लेख्न आवश्यक हुन्छ।

मौसम

पूर्वी किनारबाट पश्चिम किनारसम्म ३००० माइलमा फैलिएको (हवाई स्टेट र अलस्का स्टेट बाहेक) यस भूभागमा समयको हिसाबले पूर्वदेखि पश्चिमसम्म ३ घण्टा फरक पर्दछ। न्यूयोर्कमा बिहानको १० बजेको छ भने क्यानिफोर्नियामा बिहानको ७ मात्र बजेको हुन्छ। यो मुलुकमा घडीको समय एक घण्टा ढिलो चाँडो गर्ने चलन छ। अमेरिकन इलेक्ट्रोनिक साधनमा समय आफै मिल्छ। सन् २०२२ को समय चेन्ज, आइतबार मार्च १३–२०२२ को 2am मा 3am हुन्छ भने आइतबार नोभेम्बर ६–२०२२ बाट 3am पुनः 2am मा परिणत हुन्छ।

यहाँको मौसम पनि फरक भागमा फरक–फरक हुन्छ। दक्षिण र पश्चिम भागमा न्यानो र उत्तर तथा

पूर्वी भागमा ज्यादै चिसो हुन्छ। चिसो भागमा मा साह्रै हिउदमा साह्रै चिसो, बाक्लो हिउँले ढाक्छ अक्टोबर-मार्च सम्म। यो देशको पश्चिमी र दक्षिणी भागमा भने वर्षामा ज्यादै गर्मी र हिउँदमा खप्न सकिने खालको चिसो हुन्छ। घर, सवारी साधन, काम गर्ने ठाउँ, दोकानमा वातानुकूल व्यवस्था गरेको हुँदा सजिलै महसुस गरिन्छ।

यातायात–सञ्चार (Transportation and Communication)

संयुक्त राज्य अमेरिकाका सडक, हवाई, जल यातायात सञ्जालले जोडिएको छ। प्रकृतिले पनि यो देशलाई वरदान नै दिएको जस्तो लाग्छ। १ हजार जना अमेरिकीमा ८८५ जनासँग आफ्नो सवारी साधन हुन्छन्। लामो यात्रा रेल तथा हवाई मार्गद्वारा गर्दछन्। सामान ढुवानी गर्न रेल, ट्रक, पाईप लाईन, डुङ«गा हुन्छन्। फुट्ने खालका सामानको ढुवानी हवाई मार्गबाट गरिन्छ। यहाँ धेरै लामा खालका सडक मार्ग छन्। यति धेरै सडक छन् जसलाई एकै ठाउँमा जोड्यो भने पृथ्वीलाई ४–५ फेरो भन्दा पनि बढी बेर्न सकिन्छ।

१९३० को दशकमा यस देशमा सडक निर्माणको लहर चलेको रहेछ। ठूलाठूला राजमार्ग, विभिन्न राज्य र मुख्य–मुख्य सहरका डाउन टाउन (Downtown) जोडिएका छन्। यसको मर्मत सम्भार आफ्नो राज्यले गर्दछ। राजमार्गमा सडक दस्तुर Toll तिर्नु पर्दछ। यो रकम सडककै मरमत सुधारमा खर्च हुन्छ।

सबै सडकहरूमा सवारी साधनको गति निर्धारण गरिन्छ। प्रायः जसो ६०–८५ (माइल प्र.घ.) तोकिन्छ। ठाउँ–ठाउँमा Traffic Police घुमिरहेका हुन्छन्। त्यहाँ व्यक्तिगत धावन मार्ग र हवाई जहाज राख्न पाइन्छ। धनीसँग व्यक्तिगत हवार्यजहाज, हेलिकोप्टर हुन्छन्। सडक मर्मत सुधार, कर संकलन आदि सबै कुरा विकेन्द्रित हुन्छन्।

ठूलाठूला सहरमा आकासे पुल माथि र जमिनमुनि स्थानीय रेलमार्ग हुन्छन्। जसले गर्दा सहरी जीवन निर्वाहमा सहजता आउँछ। संयुक्त राज्य अमेरिकामा सबैतिर पुग्ने बस सेवामध्ये ग्रे हउण्ड (Gray hound) लोकप्रिय छ। यो सेवा अमेरिकाभित्र पर्ने सबै ठूला सहरसँग जोडिएको छ।

यातायात सेवामा Delta Air Lines, American Air Lines, US Airlines, United Air lines मुख्य हुन्। अन्तर्राष्ट्रिय धावन मार्गहरू धेरै छन्। यी मार्ग मध्ये, सिकागो, न्यूयोर्क, एटलाण्टा, लस एन्जल्स, फिनिक्स, मेमफिस प्रसिद्ध हुन्।संयुक्त राज्य अमेरिकामा Postal Service मा संस्थागत मनोपली छ। नाम चलेका केही Express भने ठूला प्राइभेट कम्पनीमा पर्दछन्। जस्तै-FedEx , UPS ,प्याकेज र कार्गो देलिभरी गर्न यिनीहरूको प्रयोग अत्यधित गरिन्छ। Fedex को आफ्नै जहाज र धावन मार्ग छन्। संयुक्त राज्य अमेरिकाको यातायात विभागले सडकको मर्मत, आर्थिक जोहो निरीक्षण आदि काम गर्दछ। गृह प्रशासनले शान्ति सुरक्षा, कर व्यवस्था, आप्रवासन आदि जिम्मा लिएको हुन्छ। लामो–लामो यात्राको लागि देशभरि रेल सेवाको सञ्जाल छ।

यस देशमा दाहिने साइडबाट सवारी चलाइन्छ, हर्न बजाएको कमै सुनिन्छ। सभ्यता र शिष्टता सवारी साधन चलाउँदा समेत प्रदर्शन हुँदो रहेछ।

अमेरिकी स्वास्थ्य नीतिः-

संयुक्त राज्य अमेरिकाको धेरै जसो स्वास्थ्यसम्बन्धी काम निजी क्षेत्रबाट हुन्छ। पूर्व राष्ट्रपति

ओबामा प्रशासनले बढी आम्दानी गर्नेलाई बढी करको दर लगाई स्वास्थ्य सेवामा व्यापक परिवर्तन गर्ने र अधिकाधिक जनता लाभान्वित हुने कार्य योजना तयार गरेको थियो।

अमेरिकी Care Systemको ६०–६५% Medicare, Medicaid, Tricare, The Child health insurance, प्रोगाम आदिमा विशेष व्यवस्था छ।

Medicaid, कम आम्दानी हुने परिवार तथा उनका बालबच्चा, असक्तहरूको लागि यो कार्यक्रम लागु गरिएको छ । यस कार्यक्रमले आँखा, कान, लामो उपचार, खोप र प्रतिरोधात्मक सेवा उपलब्ध गराउँछ।

Medicare सरकारी व्यवस्था हो । घरमा नै उपचार गराउनुपर्ने, मृगौला सम्बन्धी रोग, असक्तहरूलाई Nursing Facilities, अपझर्ट सेवा आदि यसै भित्र पर्दछ। कम आम्दानी हुने बालबच्चाको लागि खोप, दाँत, X-Ray Lab आदिको व्यवस्था बिना शुल्कमा हुन्छ। उनीहरूको विमा यीनै कार्यक्रमबाट गरिएको हुन्छ । उपचारको अभावमा ज्यानै गुमाउनुपर्ने अवस्था ज्यादै कम छ।

यस देशले वार्षिक बजेटको ठूलो हिस्सा स्वास्थ्य सेवामा खर्च गर्दछ । जतासुकै अस्पताल छन्, विश्वभरका स्वास्थ्यकर्मीहरू यहाँ भेटिन्छन्, ६५ वर्ष मुनिका जनताले आआफ्नै स्रोतबाट Insurance गर्नुपर्दछ। कुनै आफै गर्दछन् भने कुनै आफू कार्यरत संस्थाबाट खर्च व्यहोरिने गरी परिवारका सबै सदस्यको Insurance गरेका हुन्छन्।

साधारणतया एक परिवारलाई बीमा गर्न वार्षिक १५०००।– अमेरिकी डलर लाग्छ। यस हिसाबले प्रतिव्यक्ति एक महिनाको ३१२–३१५ अमेरिकी डलर बिमा रकम तिर्नुपर्दछ।

हुन अमेरिकी स्वास्थ्य सेवा राम्रो छ भन्ने भनाई रहेतापनि बहसको विषय भने छँदैछ । धेरै बजेट स्वास्थ्य क्षेत्रमा छुट्याइन्छ तैपनि २०२० को आँकडा अनुसार तत्कालीन जनसंखयाको १६.३% जनता स्वास्थ्य विमाबाट बञ्चित थिए।

यो देश स्वास्थ्य सेवाको राजधानी नै भएको हुनाले विभिन्न रोगसम्बन्धी केही अस्पतालहरूको नाम दिँदा थप जानकारी पाउन सजिलो पर्दछ। यो देशमा सम्वन्धित फिजिसियनको प्रेस्क्रिप्सन बिना औषधि लिन पटक्कै मिल्दैन।

अर्थतन्त्र सम्बन्धी केही कुरा

विश्वको सबैभन्दा ठूलो अर्थतन्त्र भएको देश हो अमेरिका। Purchasing Power या (PPP)का हिसाबले पनि यो देश मजबुत छ। यो विश्वको प्राकृतिक ग्यास उत्पादनमा दोस्रो र तेल उत्पादनमा तेस्रो देशमा पर्दछ। प्राकृतिक स्रोत र साधनले भरिपूर्ण विश्वकै अहम् भूमिका निर्वाह गर्ने यो देशको आर्थिक झलक बुँदागत रुपमा हेर्दा यस्तो देखिँदो रहेछ।

१. ६० लाखभन्दा बढी आइटम ऋणहरू तोकिएको म्यादभित्र तिरिएको छैन।
२. सन् २०२१-२०२२मा यो दशकको सबैभन्दा बढी घरको मूल्यमा बढौती भयो।
३. ४३% अमेरिकीहरू आफूले कमाएको भन्दा बढी खर्च गर्दछन्।
४. हाल रोजगारीको अवसरमा केही सुधार आएको छ।
५. यदि अमेरिकामा रहेका बेरोजगार एकै ठाउँमा जम्मा हुने हो भने विश्वको ६५ औं देखि ७० औं धेरै जनसंख्या भएको देश बन्छ।

६. ४९.९ अमेरिकी जनतासँग बिमा छैन।
७. Students Loan को संख्या विगत एक दशकको अनुपातमा बढेको छ।
८. सवारी साधनको मूल्यमा अति बृध्दि भएको छ।
९. ७ जना अमेरिकनमा एक जनाले १० वटा सम्म Credit Card लिन थाले।
१०. क्रेडिट कार्डको ब्याजदर १३.१०% सम्म चलेको छ।
११. अमेरिकाले तिर्नुपर्ने ऋण असाध्य धेरै छ। नेपाली गणित संख्यामा एक पद्म ५० नील नेपाली रुपैयाँ बराबर छ।
१२. ४६% भन्दा धेरै अमेरिकीहरू क्रेडिष कार्ड बाट खर्च गर्दछन्।
१३. २३.७ मिलियन अमेरिकीहरू कि बेरोजगार छन् कि कम आम्दानी गर्ने छन्।
१४. ४–५ सदस्य संख्या भएको एक परिवारलाई महिनाको ५००–८००।– अमेरिकी डलर भए साधारण तय घर खर्च पुर्याउन सकिन्छ। अमेरिकी डलरलाई ससाना भागमा निम्नानुसार विभाजन गरिएको छ।

नोट (Bill)-USD 1, 2, 5, 10, 20, 50 र 100 दरका नोट हुन्छन्।

सिक्का (Coin)USD 0.01 (cent), 0.05 (Nickle), 0.10 (Dine), o.25 (Quarter Dollar), 0.50 (Half Dollar) and 1.00 (one Dollar.)

**अमेरिकामा नेपाली**

अमेरिकामा नेपालकिो तथ्याङ्क पाउन सजिलो रहेनछ। यस देशको जनगणना हुँदा सबै नेपालीले आफूलाई समावेश गराउने इच्छा गरेको पाइएन। अमेरिकाको नागरिकता लिएकाहरू एकथरी भए, Green Card लिएका खास चासो नराख्ने, लुकीचोरी बसोकाहरू झन् आफूलाई लुकाउने भए। त्यस कारण अन्दाज बाहेक नेपाली दुतावासमा पनि खास तथ्याङ्क छैन।

सन् १८८१–१८९० दशकमा अरु एशियन जस्तै गरी नेपालीहरू पनि छिरेका रहेछन्। सन् १९७५ मा ५६ जना नेपाली अमेरिका प्रवेश गरेछन्। सन् १९९६ पछि प्रतिवर्ष १०० का दरले प्रवेश गरे। १९९५ मा ५५ जना नेपालीले अमेरिकी नागरिकता लिए छन् भने ३१२ जनाले ग्रिन कार्ड पाएका रहेछन्। १९९६ मा ६८६ जनाले विद्यार्थी भिसा पाए र १९९८ मा २२६ जनाले डि.भि. चिठ्ठा जिते। सन् २०१७ औपचारिक तथ्याङ्क अनुसार अमेरिकाका नेपालीहरूको संख्या २ लाख २१ हजार १सय एकचालिस रहेको छ। यो तथ्याङ्कमा लुकेर बसेका,आफूलाई रेकर्डमा राख्न नचाहनेहरुलाई समावेश गरिएको छैन। पछिल्लो ५ वर्षमा यो संख्या बढेको हुनसक्छ। नेपालीहरू प्रायः न्यूयोर्क, बोष्टन, सिकागो, डेन्भर, लस एन्जलस जस्ता ठूला सहरमा बसेको पाइँदो रहेछ।

अमेरिकामा रहने एशियालीहरूमा सबैभन्दा धेरै चिनिया, फिलिपिनो र भारती हुन्। यी सबै देशको अमेरिकामा रहनेको संख्या ३५–४० लाखभित्र पर्दछ। जस्तै भारतको ३५–४०, चीनको ३५–४०, फिलिपिनो ३५–४० लाख)।

**अमेरिकी पर्वहरू**

अमेरिकन चलनचल्तीअनुसार त्यहाँ धेरै थरी पर्वहरू मनाउँदा रहेछन्। खासगरी निम्न लिखित पर्वहरू महत्वका साथ मनाउँछन्।

1-New year day- January 1st
2-Independence Day-July 4th
3-Chrismas- 25th December
(Father's day, Mother's day, Labor day, Halloween, Thanks giving day इत्यादि
।
नोटः यो धर्म निरपेक्ष देश हो । ७८% अमेरिकीहरू क्रिश्चियन धर्म मान्दछन् ।

**अवसरै अवसरको देश (A Land Of Opportunities)**

यस देशलाई अवसरको खानी भन्दछन् । अर्को शब्दमा दुध र महको देश भन्दा रहेछन् । आशै आशाले भरिएको संसार, स्थिर राजनैतिक व्यवस्था, मिश्रित संस्कृति, खुला समाज सबै किसिमको काम गर्ने परिवेश, जीवनोपयोगी शिक्षा प्रणाली, सफा किसिमको काम गर्ने परिवेश, सफा, कम खर्चिलो, सरल जीवन निर्वाह, उच्च वेतन, स्वतन्त्रता, सस्तो जीवन निर्वाह शैली, ब्रितानी, फ्रेन्च, स्पेनिश, अफ्रिकी आदि आप्रवासीबाट बनेको देश जातीय र मूल थलोको भेदभाव नभएको देश, उपचारको राम्रो व्यवस्था शरणार्थी संरक्षणको भावनाले ओतप्रोत भएको देश हो संयुक्त राज्य अमेरिका ।

बुढाबुढी, केटाकेटी र कुकुर बिरालाको लागि त यो देश स्वर्ग नै हो । राम्रा खालका कुकुर र बिरालालाई आफ्नो परिवारको सदस्य समान व्यवहार गरेर राखेका हुन्छन् । केटाकेटीका खेलौना, स्कुल, खेल्ने ठाउँ आदिमा असाध्य राम्रो व्यवस्था गरिएको हुन्छ ।

यस देशमा चोरको खास डर हुँदैन । सबै सज्जन छन् भन्ने चाहिँ होइन । आफ्नो घरमा वा बस्ने ठाउँमा खास गजवार लगाएको हुँदैन, होहल्ला, छलछाम पटक्कै हुँदैन । यहाँ एकले अर्कोलाई यथायोग्य सम्मान गर्दछन् । महिला वर्गलाई सार्वजनिक अवसरमा विशेष प्राथमिकता दिइन्छ । कहिल्यै पनि लोडसेडिङ हुँदैन । धारामा आएको पानी सोझै पिउन सकिन्छ, डक्टर, प्रहरी, अस्पताल, आकस्मिक सेवा, शान्ति सुरक्षा,

मनमा गडेका कुरा:-

सन् २००५ को सेप्टेम्बर महिनामा हो, मेरो छोरा प्रवीण राज अधिकारीले Kansas state को Wichita नगिच Andover भन्ने ठाउँमा आफ्नो अनुकुलको बनाउन लगाएर घर किनेका थिए । हामी (म, मेरी श्रीमती, छोरा–बुहारी, नाती र १ नातिनी) नयाँ घरमा सर्ने दिन तय गर्यौं । अघिल्लो दिन घर सफासुग्घर गर्न गयौं, बिजुली, टेलिफोन र पानी त जडान भैसकेको रहेछ, छोराले नेटबाट डिमाण्ड गरिसकेकाले संस्था आएर फिट गरिदिएछ । त्यो मलाई रमाइलो नै लाग्यो, मनमनै। भोलिपल्ट हामी सर्यौं। घरमा आउँदा त ढोकामा राम्रा–राम्रा फुलका गुच्छाहरू, चकलेट, अन्य सगुन र Wel-Come लेखेर टाँसेको रहेछ । त्यो सबै स्थानीय कम्युनिटीले गरेको रहेछ, आफ्नो कम्युनिटीमा नयाँ सदस्य (परिवार) थपियो भनेर । अर्को कुरा फोहोर फाल्नको लागि Trash Management Corporationले Trash Box राखिसकेको रहेछ । सूचनाको आधारमा यसको पैसा दिनुपर्दछ । हप्ताको १ पटक Trash उठाउन Truck आउँछ ।

अर्को कुरा २००५ को जुलाईमा नै हो, हामी (म, श्रीमती, छोरी, ज्वाई, नाति र नातिनी) Salt Lake city गएका थियौ । बजारमा घुम्दै थियौ अचानक हाम्रो कारको Wheel Covering Cap

सडकमा खस्यो । चक्का पच्चड भएको रहेछ । गाडी साइड लगाएर शितलमा बस्यौ । केही गर्नलाई हामीसँग मोटर कार उचाल्ने ज्याक रहेनछ । के गर्ने भन्ने विचार गर्न सकिएन । ज्वाई आफ्नो साथीलाई फोन गर्दै हुनुहुन्थ्यो । यस्तैमा एउटा कार हाम्रो नगिच आएर रोकियो भित्रबाट भरखरको नौजवान, करिब २५ वर्षको हुँदो हो , सेतो सर्ट र कालो पेन्ट लगाएको युवा निस्किएर सरासर मेरो नगिच आएर एउटा कार्ड देखायो । पुलिस रहेछ ऊ । आइ.डी. देखाँउँदै भन्यो May I help you? हामीले हुन्छ भन्यौं, आफ्नो गाडीबाट Lifting Jack झिकेर उचाली, भईंमा सुतेर हाम्रो Car को चक्का फेरिदियो । उनको कपडा मैलो भएको थियो, सायद शनिबार ऊ बिदामा थिए । अरु सहयोग गर्न केही पर्छ कि ? भनी सोधे हाम्रो धन्यवाद लिएर ती सहयोगी सज्जन युवाले आफ्नो कार हाँके ।

तेस्रो कुरा– एक दिन हामी Farmer’s Market गएका थियौं । किसानहरू आ–आफ्नो उत्पादन बिक्री गर्न व्यस्त थिए । एक ठाउँमा भने पहेलो वस्त्र लगाएको, टाउकाको कपाल काटेको, हातमा डमरु लिएर हरेराम ! हरेकृष्ण भनिरहेको । कहाँबाट नेपाली वा भारती जोगी आएछ भनेर नगिच गएर हेरेको त अमेरिकी पो रहेछ । २ वर्ष अगाडि नेपाल भ्रमणमा आउँदा नेपाली हरेराम टोलीको प्रभाव परेर ऊ पनि रामभक्त भएर निस्किएछ ।

चौथो कुरा – म र मेरी श्रीमती पार्कमा बिहानको सफर गर्दै थियौं । हाम्रो अगाडि एकजना अल्को गोरो ४०–४५ वर्षको मान्छे ठिङ्ग उभियो । त्यसभन्दा अगाडि ऊ हाम्रो विपरित दिशाबाट दौडदै थियो । हामीलाई दुईहात जोडेर नमस्थे ! भन्यो, हामीले उसैगरी फर्कायौ, नमस्ते नमस्ते । उसले भन्यो अच्छा है न, मैले बुझिहालें भारतीय भन्ठानेको रहेछ मैले हामी नेपाली हौं, भारतको माथि बस्छौ भनेको त ऊ ३–४ पटक नेपाल आइसकेको रहेछन् । पोखरा, चितवन, काठमाडौंका विभिन्न भाग घुमेका रहेछन् । मेरो उनीसित दोस्ती हुन थाल्यो । एकदिन पार्कमा नै भेट हुँदा उनले नेपालमिा दाल, भात, तरकारी नभेको मैले बुझ्दै बुझिन । दा...भा..टका... भने जस्तो लाग्यो अनि हामीले अन्सारले बुझ्यौं ।

कुरै कुराको सिलसिलामा उस्को नाम सोध्यौ Tony Harrison रहेछ । Tony मात्र भने हुने ऊ नेपालमा छँदा सबै भन्दा नेपाली विवाह प्रथा खुबै मन पराएछ । दुई ओटा त जन्तै गएछ । त्यसै भएर उस्ले आफ्नो विवाह पनि नेपाल आएर गर्ने अठोट गरेको थियो, हामीलाई केटाको बुवा मुमाको रोल गर्न । हुनेवाला विवाह उस्को दोस्रो हो । पहिलो विवाह बिग्रिएको । छोराछोरी छैनन् । हामीलाई उस्की हुनेवाला दुलही पनि देखाइसकेको थियो । राम्री र हँसिली छिन् उनी । २०६९ को माघ महिनामा पोखरामा आएर धुमधामसँग विवाह गर्ने, भतेर खाने, विन्ध्यवासिनी र बाराही मन्दिर जाने, कार्यक्रम थियो तर भएन । केटीको तर्फबाट मिलाउन सकेनछन्, उही विवाह भएछ । हामीलाई निम्तो र क्षमा याचना एकैचोटी आइपुगेको थियो । जे होस् हाम्रा संस्कारहरू पनि कम आकर्षक छैनन् ।

**कस्ता मान्छे, कस्ता काम**

अमेरिका कामको खानी हो । जताततै कामै काम हुन्छन् । आफ्नो योग्यतामा भर पर्दछ । अमेरिकाबाटै शिक्षा प्राप्त गरेकाको लागि काम पाउन सजिलो हुन्छ । खास गरेर प्राविधिक शिक्षा पाएकाको लागि रोजीरोजी काम हुन्छन् भने अन्यत्रको शैक्षिक योग्यता कामको लागि खास

उपयोगी हुँदैन अनि म्याक जव (Mc jobs) गर्नुपर्ने हुन्छ । निम्नलिखित कामहरू म्याक जव को लिष्टमा पर्दछन् । म्याक जव भन्ने शब्द म्याक डोनाल्ड (Mc Donald's) बाट भएको हो । स–साना काम सुविधा कम पाउने । तलब थोरै, काम धेरै, मेनेजरको अरोट परोटमा खट्नुपर्ने, कुनै खालको ट्रेनिङ नभएको मानिसले गर्न सक्ने, घण्टाको हिसाबले कामको हिसाब गरेर थोरै पैसा पाउने, अन्य सुविधा केही कतै नजोडिने, छिटो–छिटो हायर फायर हुने काम जस्तै वर्गर बेच्ने, वडार बुडुर गर्ने, टेवल सफा गर्ने, काटकुट गर्ने काम ।

**असजिला म्याकजव:-**

१. सडकमा मरेका सिनु सफा गर्ने Road kill Cleaner

२. टेवल सफा गर्ने – Sewer inspector

३. चिम्नी सफा गर्ने – Chimney Sweeper

४. वाइन भट्टीमा काम गर्ने – Wine Maker

५. निकास मिस्त्री – Sewer Plumber

अमेरिकाबाट उच्च शिक्षा प्राप्त गरेका योग्य जनशक्तिको लागि इजेतिला कामहरू निम्नानुसार मानिँदा रहेछन् ।

१. घरमा बसीबसी कम्प्युटरबाट गर्ने काम Home based job

२. स्वास्थ्य सेवा – Doctors, Nurses आदि (उच्च तलब स्केल र स्थायित्व)

३. सरकरी नोकरी – Government Jobs

४. विश्वविद्यालयको प्रोफेसर – University Professor

५. बायो मेडिकल इन्जिनियर

६. मार्केटिङ कन्सल्टेन्ट

७. सफ्टवयर आर्किटेक Software  Architect

८. डाटा वेस एड्मिनिस्टेटर

९. क्लिनिकल रिसर्च यसोसियट

१०. मार्केट रिसर्च एनालिष्ट

११. सफ्ट वयर डिभिलोपर

१२. लयर

१३. फार्मासिष्ट

१४. कम्प्युटर सिस्टम, एनालिष्ट-Computer system Analyst

संयुक्त राज्य अमेरिकामा दर्शनीय ठाउँहरूको छोटो चिनारी

१. इम्पायर स्टेट ( Empire State Building)

२. सान् फ्रान्सिस्को ( San Francisco)

३. स्टयाचु अफ लिवर्टी ( Statue of Liberty)

४. नायगरा फल्स ( Niagara Falls)

५. ब्याङ्कटेश्वर मन्दिर

६. ह्वाइट हाउस ( White House)

७. डेनाली नेसनल पार्क ( Denali National Park)
८. लस भेगस ( Los Vegas)
९. फ्लोरिडा किज ( Florida Keys)
१०. गोल्डन गेट ब्रिज ( Golden Gate Bridge)
११ म्यान हाटन (Manhattan)

**एम्पायर स्टेट विल्डिङ ( Empire State Building)**

न्यूयोर्क सहरको मध्यभागमा अवस्थित कुनै समयमा विश्वमै सबैभन्दा उच्च यस भवन १९३१ मा निर्माण भएको हो । करिब चार करोड नौ लाख अडचालिस हजार नौसय अमेरिकी डलरमा निर्माण भएको भवनमा १०२ तला छन् । पिनाकल (Pinnacle) सहित १४५३ फिट अग्लो यस भवनको दृश्यावलोकन (Observation) Deck बाट सफा मौसम भएको बखत न्यूयोर्क सहरको मनमोहक दृश्य देख्न सकिन्छ । न्यूयोर्कमा रक फेलर सेन्टर भन्ने ठाउँ पनि छ । त्यसको अजर्भेटरी (Observatory) बाट यो भवन खुबै राम्रो देख्न सकिन्छ । यो भवनभित्र रियल स्टेट मार्केट सञ्चालित छ । यो विश्वको आठौं आश्चर्यको रुपमा निर्माण गरिएको हो ।

**सान फ्रान्सिस्को ( San Francisco)**

क्यालिफोर्निया राज्यको उत्तरी भागमा रहेको यो सहरलाई द सिटी वाई द वे, द पेरिस अफ द वोयस्ट, फग सिटी (Fog city) आदि नामाकरण गरिएको छ । यो सिटी त्यस क्षेत्रको महत्वपूर्ण आर्थिक र सांस्कृतिक केन्द्र हो । विश्वको आकर्षक पर्यटन केन्द्र, स–साना डाँडामा बस्ती, झट्ट हेर्दा नेपालको धरान जस्तो लाग्छ, फरक एउटा मात्र हो धरानमा समुद्र नगिच छैन । गोल्डेन गेट व्रिज, चाइना टाउन, केवलकार, विशाल वर्षा ऋतु, कुहिरो र ऐतिहासिक महत्वका स्थलहरू यस सहरका विशेषता हुन् ।

**स्टेच्यु अफ लिवर्टी ( Statue of Liberty)**

सात समुद्र र सात महादेशको झलकसमेत आउने गरी निर्मित यो मूर्ति जमिनको लेभलबाट ३०५ फिट १ इन्च अग्लो छ । स्वतन्त्रताको उपलक्ष्यमा फ्रान्सेली जनताले उपहार दिएको यस मूर्तिको एउटा हातमा टर्च र अर्को हातमा टेबलेट छ । न्यूयोर्क सिटीको लिवर्टी टापुमा अवस्थित यो मूर्ति शान्ति, स्वतन्त्रता र मित्रताको प्रतीकका रुपमा रहेको छ ।

**नागरा फल्स ( Nagara Falls)**

संयुक्त राज्य अमेरिका र क्यानडाको साँधमा यो झरना खसेको छ । यहाँ एकै ठाउँमा, एउटै स्रोतका तीनवटा छाँगा खसेका छन् । अमेरिकन, विवडल र हर्ससु भनेर क्रमशः छाँगाहरूको नाम राखिएको छ । यो ठाउँमा अमेरिकाको न्यूयोर्क राज्य र क्यानडाको ओण्टारियो प्रोभिन्सको बीचमा पर्दछ । सुपेरियर तालबाट निस्किएको पानी हुरन, मिचिगन, यरी ताल हुँदै नायगरा नदीमा परिणत भै यस ठाउँमा खसेको छ । छाँगाको करिब नगिच पुगेर हेर्ने व्यवस्था समेत छ । बडो रमाइलो हुन्छ । केटाकेटीदेखि बुढाबुढी सबै रमाइलो मानेर हेर्छन् ।

**ब्याङ्कटेश्वर मन्दिर**

पेन्सिलभेनिया (Pennsylvania) राज्यको पेन हिल पिट्सवर्ग भन्ने ठाउँमा नोभेम्बर १७, १९७६ मा प्रतिस्थापन भएको मन्दिर तिरुमल तिरुपति देवस्थानम्को सहयोगमा निर्माण भएको

हो। सनातन हिन्दु धर्ममा आस्था राख्नेले धार्मिक, मानवीय, शैक्षिक र सांस्कृतिक अध्ययन तथा अनुसन्धान गर्नको लागि यहाँ प्रशस्त अवसर छन्।

**ह्वाइट हाउस ( White House)**

अमेरिका पुगिसकेपछि वासिङ्टन डि.सी. र ह्वाइट हाउस पुगिएन भने के न के छुटे जस्तो अनुभूति हुन्छ। सन् १७९२–१८०० मा निर्माण भएको यो भवन अमेरिकी राष्ट्रपति कार्यालय र निवास दुवै हो। यसको महत्व बढी छ, दर्शनीय कम छ। सरसर्ती हेर्दा नेपालको नारायणहिटी दरबार जत्तिको पनि देखिँदैन।

**डेनाली नेसनल पार्क ( Denali National Park)**

माउण्ट म्याकिन्ले ( Mount  Mc Kinley) उत्तर अमेरिकाको सबैभन्दा उच्च पहाड रहेको ठाउँमा अवस्थित छ। यो विभिन्न प्रकारका जन्तुहरूको आरक्षा गृह हो। ग्रिज्ली (Grizzly) भालु, डरलाग्दो ब्वाँसो आदि जनावर यस पार्कमा संरक्षित छन्।

**लस भेगस ( Las Vegas)**

नेभेडा राज्यको दक्षिणी भागमा पर्ने यस सहरलाई जुवाको मक्का ( Gambling Mecca) भन्दछन्। सहरको धेरै भागमा क्यासिनो सञ्चालित छन्। जुवाको राजधानीकै रुपमा रहेको यो सहर धनी मानिसले पैसा खर्च गर्ने थलोको रुपमा चिनिन्छ। त्यहाँ रहेको मेगा क्यासिनो होटलहरू (Mega-Casino Hotels)  आमोद प्रमोदको मुख्य केन्द्र हुन्।

**फ्लोरिडा किज (Florida Keys)**

संयुक्त राज्य अमेरिकाको फ्लोरिडा राज्यमा पर्ने यो ठाउँ नेपालको पोखरा लेकसाइड सम्झना गराउने खालको छ। १२० माइल लामो चेन भएको, सदा बाहर टापुहरूले भरिएको यो रमणीय ठाउँमा टापु टापुलाई जोड्ने गरी साँधुहरू निर्माण गरिएका छन्। चलचित्रकर्मीहरूको लागि यो ठाउँ उर्वर छ।

**गोल्डेन गेट ब्रिज (Golden Gate Bridge)**

सान फ्रान्सिस्को र मेरिन काउण्टीलाई जोड्ने एउटा झोलुङ्गे पुल हो गोल्डेन गेट ब्रिज। यस्ले क्यालिफोर्निया राज्यमा रहेको सान फ्रान्सिस्को सहरको गौरव बढाउँछ। सुनौलो सून्तला रङको यो पुल कुहिरो लागेको अवस्थामा पनि टाढैबाट देख्न सकिन्छ। यो विश्वको सबैभन्दा लामो झोलुङे पुलले प्रसिद्ध छ।

**म्यान हाटन (Manhattan)**

न्यूयोर्क हेर्ने भनेको नै म्यान हाटन हेर्ने हो भन्ने धारणा राख्दा रहेछन् पर्यटकहरू। एकाबिहानै देखि झिलिमिली, गगन चुम्बी घरहरू, त्यसै ठाउँबाट प्रसिद्ध मूर्ति ‘स्टेचु अफ लिवर्टी’ को फोटो खिच्न सकिने, स्काई क्र्यापर ( Skyscrapers) को छाँया मुनि बसेर। फिफ्ट एभ्पुनु सपिङ, बोर्ड ओए सो (Board Way Show) हेर्ने र स्टेचु अफ लिवर्टीको फोटो खिच्न सकिने यस ठाउँ बेग्लै संसार जस्तो लाग्छ। यहाँ पर्यटकको भीड लाग्छ।

अस्तु !

# कमरेड श्यामको स्मृति ग्रन्थ हात परेपछि !

नारायण परिश्रमी

नेपाली कम्युनिस्ट आन्दोलन र नयाँ जनवादी क्रान्तिको क्षेत्रमा क.श्रीनाथ अधिकारीले महत्वपूर्ण भूमिका निर्वाह गर्नु भएको थियो ।
- मोहन वैद्य किरण

मलाई संयोगबस नेकपा (क्रान्तिकारी माओवादीका) नेता क.श्रीनाथ अधिकारी (श्याम) (२०१२-२०७६) को स्मृतिग्रन्थ प्राप्त भयो । हात पर्नासाथ अरू काम थाति राखेर सरसर्ती पढ्ने काम गरियो । त्यसबाट केही जानकारी टिपोट गरी उहाँसँगका आफ्ना पनि केही अनुभव समेत समावेश गरी यो आलेख पाठक समक्ष प्रस्तुत गरिएको छ ।

गोरखा हङ्सपुर, लप्सीबोटका डालचन्द्र र सरस्वती अधिकारीका जेठा छोरा श्रीनाथ अधिकारीसँग लामो समयदेखि पोखरा-१२ मा बस्नु हुँदा मेरो चिनजान र सम्पर्क भएको हो । मेरो घर र उहाँ डेरा गरी बसेको ठाउँ नजिकै भएकोले पनि हाम्रो आवतजावत र भेटघाट बारम्बार भइ रहन्थ्यो । त्यतिमात्रै नभएर हामीले दुबै एक अर्काकोमा गएर बिबिध विषयमा छलफल कुराकानी गरेका छौं । कैलेकाहीँ उहाँ भेट नहुँदा घरबेटी दुर्गा भुर्तेलसँग उहाँ बारे सोधपुछ गर्ने क्रममा श्रीनाथ सर एकदम बेस हुनुहुन्छ, हामीलाई कुनै असजिलो पार्ने काम कुरा गर्नु भएको थाहा छैन बरू हामीबाट उहाँलाई कुनै अप्ठ्यारो पो परेको छ कि, भन्नु हुन्थ्यो । उहाँलाई दिएका मेरा पछिल्ला केही कृतिहरू त अझै सुरक्षित हुनु पर्छ ।

गाउँकै ज्ञानज्योति प्रा.वि.बाट पठनपाठन प्रारम्भ गरेका अधिकारी अमरज्योति जनता मा.वि. लुइँटेलबाट २०३० सालमा प्रवेशिका उत्तीर्ण भएपछि पुलचोक क्याम्पसबाट २०३३ मा ओभरसियर कोर्स पूरा गर्नु भयो । केही समय शिक्षक र पछि सिंचाइमा जागिर खाएर राजनीतिमा होमिनु भयो । विद्यार्थी कालदेखि नै वाम राजनीतिप्रति झुकाव राख्ने अधिकारी २०३६ सालदेखि नेकपा (चौम) को सदस्य बनेर मशाल, एकता केन्द्र, माओवादी, एमाओवादी हुँदै नेकपा (क्रान्तिकारी माओवादी) मा संलग्न भएर निरन्तर क्रान्तिकारी धारमा रहेर एक अविचल योद्धाको रूपमा आफ्नो परिचय दिन सफल हुनु भयो । क.श्याम नेकपा (क्रा.मा) को पोलिट ब्युरो सदस्य, ४ नम्बर प्रदेशको सेक्रेटरी एबम् इन्चार्जसमेत हुनुहुन्थ्यो । उहाँले केही समय जेलमा बन्दी जीवन पनि बिताउनु भयो । त्यसपूर्व २०४८ मा जनमोर्चाको तर्फबाट

गोरखाबाट सांसदको चुनावमा लडेर झिनो मतान्तरले उहाँ पराजीत हुनुभयो । त्यसपछि भने संसदीय राजनीतिप्रति उहाँको मोहभङ्ग भएजस्तो देखिन्छ । पार्टीमा चालिस बर्ष जति निरन्तर पूर्णकालीन भएर काम गर्नुभयो । आफूमात्र नभएर परिवारका सदस्यहरूलाई पनि पार्टीकाममा लगाउनु भयो । उहाँको गहन अध्ययन, वैचारिक स्पस्टता र क्रान्तिप्रतिको दृढ अडान, सादा जीवन शैली, नम्र बोली अनि मिलनसार ब्यबहार मेरो लागि उहाँप्रतिको आकर्षणको विषय बन्यो ।

उहाँ बिरामी भएर उपचाररत रहँदा म र डा.मानबहादुर के.सी. भरतपुर क्यान्सर हस्पिटलमा भेट्न गएका थियौं । हामीले उहाँको औषधि उपचार र त्यसको खर्च ब्यबस्थापनबारे चासो राख्यौं । मोहन वैद्य किरण र प्रचण्ड लगायतका शीर्ष नेताहरू आफूलाई भेट्न आएका र पार्टीले उपचारको लागि आर्थिक सहयोग गरेको बताउनु भयो । मानबहादुर सर धेरै बोल्नु भन्दा सुन्नु भयो । मैले फेरि जिज्ञासा राखैँ–त्यो पर्याप्त छ त ? एक छिन रोकिएपछि श्यामजीले भन्नु भयो– खोइ के भनौं सर, औषधीको बिल तिर्नसम्म त पुगेकै छ । भेट्न आउने साथीहरूले ल्याइदिनु भएको फलफूल भने पर्याप्त छ । मैले फेरि थपेँ–पहिले आफ्नै कमाइ भएसम्म त्यसैले उपचार गर्ने, अनि आफू संलग्न पार्टी नेता कार्यकर्तालाई अनुरोध गर्ने, अझ साच्चै जिम्मेवार हो भने राज्य अर्थात् सरकारसँग दावी गर्नु पर्ने हो । त्यसले पनि नपुगे हामी शुभेच्छुकहरूले पनि सक्दो सहयोग गर्छौं तर तपाइँ पैसाको अभावले उपचार गर्नबाट वन्चित हुनुहुँदैन । हामीले एकाध घण्टा कुरा गर्दा उहाँका छोरा नारायण  अधिकारी र राधिका भाउजू पनि त्यहीँ सँगै हुनुहुन्थ्यो ।

अन्त्यमा उहाँले मलाई भेट्न सिँगै पि.एन.क्याम्पस र पोखरेली साहित्यकारहरू आए जस्तो लाग्यो भन्दै खुशी ब्यक्त गर्नु भयो । कमरेड,तपाइँ जसरी पनि बाँच्नुपर्छ,  आबश्यक परेमा हाम्रो तर्फबाट सक्दो सहयोग हुनेछ, दोस्रो पटक पनि भनेर हामी बिदाबादी भएको हिजो जस्तै लाग्छ ।

फोक्सोको क्यान्सरको उपचारकै क्रममा उहाँको प्रौढाबस्थामै भएको निधनको कारणले नेपाली वाम आन्दोलनमा ठूलो क्षति हुन पुगेको छ । अरू केही गर्न नसके पनि उहाँको स्मृतिग्रन्थ पढेर उहाँको जीवनका बिबिध पक्षबारे जानकारी लिन पाइयो । विहान र साँझपख घुम्न निस्कँदा अमरसिंह चौर, उपकार मार्गको चिया पसलमा प्राय:देखिने कमरेड श्यामको देहावसान भएको तीन बर्ष पुगिसक्दा पनि त्यता जाँदा झस्स सम्झना हुने गर्दथ्यो तर आज त्यहीं वरपर अचानक मेरा बाल्यकालका साथीसमेत रहेका रामजी थापासँग भेट हुँदा उहाँले मलाई यो स्मृतिग्रन्थ थमाउनु भएको हो । त्यसो त उहाँले अलि अगाडि नै यो किताब निस्केको र धेरथोर सहयोगको समेत अनुरोध गर्नु भएकोले त्यसमा पनि सहभागिता मात्र जनाउनसम्म सकियो ।

हाम्रो मार्क्सवादी स्कूलिङ्ग र फरक पार्टी संगठन भए तापनि आफ्नै

अग्रज नेताजस्तो लाग्ने कमरेड श्यामले कम्युनिस्ट पार्टीमा रहेर काम गर्दा सर्वहारावादी विचार, व्यवहार र संस्कृति अवलम्बन गर्नु भयो । उहाँ समाजको साँस्कृतिक रूपान्तरणमा समेत क्रियाशील हुनुहुन्थ्यो । उहाँले यौटा छोराको त न्वारन पनि गर्नु भएन छ । उहाँको धार्मिक बिधिपूर्वक काज किरिया नगरेर सभा गरेर सम्पन्न गरिएको हो । यसलाई साँस्कृतिक रूपान्तरणको ज्वलन्त उदाहरणको रूपमा लिन सकिन्छ । शुरूमा नेकपा (क्रान्तिकारी माओवादीका) नेता मोहन वैद्य किरणको शुभकामना मन्तव्य र अन्त्यमा श्यामको अन्तर्वार्ता र उहाँको मृत्युपछि पोखरा, गोरखा र चितवनमा सम्पन्न श्रद्धाञ्जली सभाहरूको टिपोट, करीव चालीस जना नेता र आफन्तजनका संस्मरणात्मक लेखहरू र बिभिन्न समयका उहाँसँग सम्बन्धित रङ्गीन तस्वीरहरू समावेश गरिएको यो स्मृतिग्रन्थ आफैंमा एक गहन कृतिको रूपमा प्रकाशित हुनु गौरवको कुरा हो । जीवनीमा अन्तिम क्षणको उहाँकै भनाइ यसरी प्रस्तुत गरिएको छ :

मैले के नै गुमाएको छु र ? मैले फेरि आर्जन गर्ने कुरा गुमाएको छु, आर्जन गर्न कठिन कुरा बचाएको छु । निजी सम्पति मैले गुमाएको छु, त्यो त फेरि कमाउन सकिन्छ, तर जनताको अपार माया,सम्मान मैले पाएको छु (पृष्ट-१३)

उहाँ नरम स्वभावको र मृदुभाषी हुनुहुन्थ्यो । बोली र ब्यबहारबाट उहाँ कसैलाई पनि चिढाउनु हुन्नथ्यो । उहाँको यो स्वभावका कारण बिरोधीहरूले पनि एक हदसम्म सम्मान गर्दथे, भनी सीपी गजुरेलले भनेका छन् । (पृष्ठ-२२)

त्यस्तै रामसिंह श्रीसले आफ्नो लेखमा भनेका छन् : उहाँ (श्याम) व्यक्तिगत र पारिवारिक लाभ, पद र प्रतिष्ठा भन्दा माथि उठेर निरन्तर क्रान्तिकारी लाइनमा उभिनुभयो । (पृ.२५)

इन्द्रमोहन सिग्देल आफ्नो लेखमा भन्छन्: साच्चिकै कमरेड श्रीनाथले पहाड जस्तो गह्रौं मृत्युवरण गर्नु भएको छ । (पृष्ठ-३१)

मृदुभाषी, सरल र घुमाएर मात्र विपक्षी विचारधाराको खन्डन गर्ने स्वभावले गर्दा हरेक पटक दुईलाइन सङ्घर्षमा क्रान्तिकारी पक्षमा उभिंदा उहाँको सिद्धान्तनिष्टताबाट नतमस्तक हुने गर्दथे, चन्द्रहरि सुवेदी भन्छन् । (पृष्ट-४३)

क.श्यामको मृत्युपछि गरिएका कार्यबारे- एक नयाँ कार्यको थालनी-उप शीर्षक लेखमा घननाथ सपकोटा लेख्छन्- उहाँका परिवार कसैले कपाल काट्नु भएन, सेतो वश्त्र धारण गर्नु भएन । नुन बार्नु भएन ।अलग कोठामा बस्ने काम पनि भएन । (पृष्ट-८७)

नारायण अधिकारीको लेखमा- राज्य पक्षले माओवादी नेताहरूको टाउकाको मूल्य घोषणा गर्दा उहाँ (श्री नाथ) पनि रेड कर्नर नोटिसमा पर्नु भएको थियो । भनिएको छ (पृष्ठ-९४)

परशुराम कोइराला भन्छन-...श्रीनाथ अधिकारी नेपाली क्रान्तिकारी आन्दोलनमा स्पस्ट विचार, नेतृत्व दिन सक्ने यस क्षेत्रकै दरिला खम्बामध्य एक मानिन्थे । (पृष्ट-१०८)

आज पद, पैसा सुबिधा र व्यभिचारको दलदलमा फसेको नेपालको कम्युनिस्ट आन्दोलन र विशेषगरी सत्तासीन दलहरू एवम् अवसरवादी, उग्र र

दम्भी कार्यकर्ताहरूसँग श्रीनाथको तुलनै हुन सक्दैन, डी.आर. पोखरेलको दावी छ । (पृष्ट–१५०)

हामी इतिहासको कुनै कालखण्डमा श्यामप्रसादजीको पार्टीमा काम गरेका केही व्यक्तिहरूप्रति उहाँ (क.श्याम)को आस्था र विश्वास थियो... उहाँ मप्रति सकारात्मक नै देखिनुहुन्थ्यो, रामराज रेग्मी लेख्नुहुन्छ । (पृष्ठ–१७६)

यसरी झण्डै सबैजसो नेकपा (क्रान्तिकारी मावोवादी) का र अन्य वाम पार्टीका नेताकार्यकर्ताहरूले कमरेड श्यामलाई यस कृतिमा सङ्ग्रहित लेखहरूमार्फत् उहाँको मूल्याङ्कन गरेका छन् । सिद्धान्तमा द्वन्द्वात्मक भौतिकवादी भन्ने तर ब्यबहारमा आफ्नो पार्टीका, गुटका आफ्नो नजिकका नेताकार्यकर्ताहरूको देवत्वकरण गर्ने र विपक्षी दल र लवीको भए खोइरो खन्ने प्रवृत्ति कम्युनिस्टहरूमा एक किसिमको आम रोग नै रहेको छ । तर स्वतन्त्र दृस्टिकोणले हेर्दा कमरेड श्यामका खासै त्यस्ता अवगुण भएजस्तो लाग्दैन तापनि अत्यधिक चुरोट सेवन गर्ने र आफ्नो विचारमा आबश्यकता अनुसार आक्रामक बन्न नसक्ने उहाँको स्वभाव थियो भन्ने कुरा पनि यहाँ प्रस्तुत गरिएको पाइन्छ ।

२०३६/०३७ सालदेखि कमरेड श्याम नेकपा मशाल, ए.के, माओवादीहुँदै नेकपा (क्रान्तिकारी माओवादी) मा अविच्छिन्न रूपमा विभिन्न प्रकारका जिम्मेवारी लिई क्रान्तिको काममा समर्पित रहिआउनु भएको, दावी उक्त पार्टीका नेता मोहन वैद्य किरणको रहेको छ ।

यसका वावजुद अलि ध्यान दिन सकेको भए यसमा भएका प्राविधिक, शब्दगत, भाषागत, वाक्यगत लगायतका सामान्य त्रुटिहरू न्यूनीकरण गरी अझै राम्रो पार्न सकिने थियो । मूल्य पनि प्रति थानको लागत खर्चको दोब्बर भन्दा बढी नभएको भए हुन्थ्यो । त्यस्तै प्रकाशकीय/सम्पादकीयमा– उहाँसँग सन्निकट रहेका व्यक्तित्वहरूबाट सिर्जित सामग्रीहरू समेटेर यो स्मृतिग्रन्थ तयार गरिएको, भनेर जान अनजानमा कमरेड श्यामको व्यापकतालाई खुम्च्याउन खोजिएको मात्र हुँदैन, बाँकी अरूलाई पराइ ठान्न खोजिएको आभास पनि हुन्छ । गल्ती कमजोरी र त्यसको आलोचना त काम गर्नेकै हुन्छ भन्ने कुरा आत्मसात गरेर बाक्लो गातो भएको ग्रन्थमा या आगामी संस्करणमा यी कुराहरूमा अवश्य सुधार हुने नै छ । जे होस्, यसले कमरेड श्यामले नेपाली कम्युनिस्ट आन्दोलनमा दिनुभएको योगदानको एउटा झलक दिन सकेको छ । कृति पठनीय छ, सङ्ग्रहणीय छ र हामीजस्ता शुभचिन्तकहरू र नयाँ पुस्ताका लागि निकै प्रेरणादायी पनि छ । संयोजक, सम्पादक/प्रकाशक, लेखक सबैमा आभार प्रकट गर्दै पुनः कमरेड श्यामप्रति हार्दिक श्रद्धाञ्जली ।

८ श्रावण,२०७९ पोखरा–१२
(प्रकाशोन्मुख - व्यक्ति, कृति र संस्कृतिबाट)

# विसङ्गत बस्तीका तस्वीरहरु

सरस्वती श्रेष्ठ 'सरू'

निरन्तर साहित्यमा लागिरहेका आर.बि.फ्लेम उर्फ ऋषि बस्ताकोटीको नवीनतम मुक्तक सङ्ग्रह 'विसङ्गत बस्ती' मेरो हातमा आइपुगेको छ । विसङ्गतको अर्थ हुन्छ–नमिलेको, बेमेलको, नसुहाउँदो अर्थात् अयोग्य । यसर्थ मुक्तकको शीर्षकबाट नै प्रष्ट हुन्छ कि...यो समयको नसुहाउँदो परिवेश भोगिरहेछौँ हामी, अयोग्य परिस्थितिसँग सिंगौरी खेलिरहेछौँ हामी । हामी बाध्य छौँ विसङ्गत बस्तीहरूमा जीवन यापन गरिरहन । आजको यो परिस्थितिसँग ठ्याक्कै मेल खान पुगेको छ मुक्तक सञ्चयनको शीर्षक–विसङ्गत बस्ती ।

साहित्यप्रतिको निष्ठा र समर्पणले नै एउटा साहित्यकार साहित्यिक उचाइमा पुग्न सफल बन्छ । गजल, कवित, कथा, गीत जस्ता साहित्यको विविध विधामा कलम चलाउँदै आइरहेका ऋषि बस्ताकोटीको मुक्तक लेखनको यात्राले करिब तीन दशक लामो समय पार गरिसकेको छ । प्रस्तुत कृतिमा जम्मा १२५ ओटा मुक्तकहरू समावेश गरिएका छन् । पुस्तकका प्रकाशक बि. एन. पुस्तक संसार प्रा.लि. र आवरण वासु क्षितिजको रहेको छ । यसको मूल्य रू २५० रहेको छ । यस कृतिको भूमिका वरिष्ठ साहित्यकार सरूभक्त ज्यूको रहेको छ । साथै साहित्यकार विवश पोखरेलज्यूको पनि गहन अभिव्यक्ति रहेको छ ।

मुक्तक एउटा अत्यन्त लोकप्रिय विधा हो । यसले चतुष्पदीय आयाम बोकेको हुन्छ । यसको पहिलो पङ्क्तिले विषय वा भावको उठान गरेको हुन्छ । दोस्रो पङ्क्तिले भावको विकास गरेको हुन्छ । तेस्रो पङ्क्तिले भावको उत्कर्ष र कौतुहलता र चौथो पङ्क्तिले रहस्यको पटाक्षप गरी लक्ष्य भेदन गर्छ ।

नेपालका चर्चित अग्रज मुक्तककारहरू भीम दर्शन रोका, कृष्णप्रसाद पराजुली, भूपि शेरचन, हरिभक्त कटुवाल, रत्न शमशेर थापा, चेतन कार्की आदि मुक्तककारहरूद्धारा लोकप्रिय मुक्तक समकलिन नेपाली साहित्यमा पनि उत्तिकै लोकप्रिय रहेको छ ।

ऋषि बस्ताकोटी समकालिन नेपाली साहित्यका सशक्त हस्ताक्षर हुन् । उनले 'विसङ्गत बस्ती' नामक मुक्तक सङ्ग्रहमा चतुस्पदीय आयामका विविध भावका मुक्तकहरू समेटेका छन् । विशेषतः व्ययङ्ग्यपरक मुक्तक लेख्न उद्यत् उनका कलमले हाम्रै वर्तमान परि

स्थितिसँग असहमत रहेको भाव व्यक्त गरेको छ । हाम्रो समाज, मूल्य, मान्यता, नैतिकता, विसङ्गतिको धुवाँमा पिल्सिरहेको छ । यस्तै परिवेशमा उकुसमुकुस भएका भावहरू व्यक्त गरिएको छ विसङ्गत बस्तीमा ।

'धर्तीको गीत' शीर्षकमा १ देखि ५ सम्म शृङ्खलाबद्ध मुक्तकहरू छन् । जसमा प्रकृति प्रेम झल्किने भाव व्यक्त गरिएको छ ।आफू जन्मेको माटो आफ्नो अस्तित्व हो । यही माटोलाई अगाध प्रेम गर्छन्, सम्मान गर्छन् उनी ।

यो माटो छ र त म बाँचेको छु
यो बाटो छ र त म नाचेको छु
मेरो अस्तित्व भन्नु नै सह अस्तित्व हो
यो पाटो छ र त म हाँसेको छु । ( पृष्ठ-२५)

हुन पनि यो माटो, यो धर्ती नभएको भए हामी कहाँ हुन्थ्यौं होला र ? बिन्दुभित्र सिन्धु अट्न सक्छ भनेझैँ मुक्तकको चार लाइनमा भावको सघनता भेटिन्छ । यही नै मुक्तकको सवल पक्ष हो ।

मानवले विकासको निहूँमा प्रकृतिको विनाश गरिरहेको पाइन्छ । तर यसले निम्त्याउने अनिष्टलाई विचार गरिएको हुँदैन । यस्ता घटनाहरू प्रशस्त घटिरहन्छन् । त्यसप्रति लक्षित गर्दै धर्तीको गीत-५मा रहेको मुक्तक यस प्रकार छ –

मेरो धर्ती मेरो मात्रै आकाश भन्यो भने
प्रकृतिको दोहनलाई विकास भन्यो भने
साझा घर हो, सहँदैन प्रकृतिले पनि
आफ्नो मात्रै समस्याको निकास भन्यो भने । (पृष्ठ-२९)

देशमा प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र ल्याउन जनताहरू आफ्नो ज्यान दिएर लागि परे । तर जेजे तन्त्र आए पनि जनताको स्थिति, भोगाइ उस्तै रहेको, भ्रष्ट र निकृष्टहरूको हालिमुहाली भएको हुँदा इमान, स्वाभिमान मजबुर भएको भाव यस मुक्तकले व्यक्त गरेको छ ।

जबजब भ्रष्ट र निकृष्टहरू नै बहादुर भए
इमानका पुजारी उल्टै छिछि र दुरदुर भए
प्रजातन्त्र, लोकतन्त्र,गणतन्त्र जेजे आए पनि
आखिरी तन्त्र-मन्त्रका अगाडि दुनियाँ मजबुर भए । (पृष्ठ-३२)

देश आफ्नो नीति र नियममा अडिग रहनु पर्ने हो । राम्रो के नराम्रो के छुट्याउन सक्नुपर्ने हो, तर कसैको लहैलहैमा लागेर कहिले चिची र कहिले पापामा रमाएको बालकझैँ भै दिन्छ । यस्तै स्थितिप्रति व्ययङ्ग्य गरिएको भावमा एउटा अर्को मुक्तक 'देश' शीर्षकमा–

ह्यारी आए उताबाट, ह्यारीमय हुन्छ देश
'चरी' भेटिए यतैतिर, चरीमय हुन्छ देश

अलिकति वस्त्र खोलिन् भने कुनै षोडशीले
सबै कुरा बिर्सेर फेरि परीमय हुन्छ देश । (पृष्ठ-३४)

हामीले भोगिरहेका वर्तमान स्थितिमा राजनीतिक अस्थिरता बढिरहेको छ । पाइलापाइलामा विसङ्गतिका काँडाहरू चुभिरहेका छन् । भ्रष्टाचार दिनानुदिन बढिरहेको छ महङ्गीको तला थपिँदैछ । सरकर जनताप्रति उत्तरदायी बन्न सकिरहेको छैन भन्ने भान जनतामा परिरहेको छ । यही विसङ्गतिलाई औँल्याउँदै विसङ्गति १ देखि ७ सम्म शृङ्खलाबद्ध अर्को व्ययङ्ग्यपरक मुक्तकहरू लेखिएका छन् । प्रस्तुत छ - विसङ्गति -१

न संविधानको धाराले केही गऱ्यो
न त हजुरको पाराले केही गऱ्यो
भित्री कुरा त भोगेपछि थाहा भयो
न हात्तीका देखिने दाह्राले केही गऱ्यो । (पृष्ठ-४१)

आजका मानिसहरूमा दम्भ, घमण्ड र चुरीफुरी निकै बढेको देखिन्छ । अरूको राम्रो कामप्रति प्रशंसा गर्नै कन्जुस्याइँ गर्छन् तर आफ्नो प्रशंसा चाहिँ भैदिए हुने भन्ने चाहन्छन् । आफ्नो आलोचना सुन्न नचाहनेले अरूको भने खुब अभिरूचिपूर्वक आलोचना गर्न उद्यत् हुन्छन् । यस्ता विसङ्गतिप्रति गरिएको व्ययङ्ग्यपरक अर्को मुक्तक - विसङ्गति -४

तपाइँ को हो र महाशय, तपाइँलाई कतै छुनै नहुने
जे गर्नुस् आफूखुसी मनपरी, शंका भन्ने हुनै नहुने
नबिराउनु नडराउनु किन कुर्लनु हुन्छ आफै नाङ्गिएर
कत्रो लोकतन्त्र हो महाशय, प्रशंसाबाहेक सुन्नै नहुने । (पृष्ठ-४४)

प्राणीहरूको जन्मपछि मृत्यु अवश्य हुन्छ । यो शाश्वत सत्य हो । जन्मने र मर्ने समयको कुनै टुङ्गो हुँदैन । यो मानवको हातमा पनि छैन । वृद्ध या बालक धनी या गरिब, उच्च ओहोदामा रहेको व्यक्ति होस् वा भुइँमान्छे, मृत्यु जसमा पनि निहित छ । मृत्युलाई कसैले जित्न सक्दैनन् । भन्ने आशयमा लेखिएको एउटा मुक्तक यस प्रकार छ -

धेरैको भाइ थियो ऊ अनि धेरै धेरैको दाइ थियो
दुनियाँको चासो राख्थ्यो र त सबैको हाइहाइ थियो
मान्छेको मन जित्यो तर सकेन जित्न अकाल मृत्यु
त्यही महान् सपुतको आज अन्तिम बिदाइ थियो । (पृष्ठ-५४)

अहिलेको परिवेशमा सबै सम्बन्धहरू स्वार्थरहित भेट्न सकिँदैन । कुनै न कुनै सम्बन्धमा स्वार्थ गाँसिएर आएको हुन्छ । बिना स्वार्थ सेवा भाव पनि रहँदैन । उदाहरणको रूपमा सरकारमा जान चाहने नेताहरू जब चुनाव आउँछ तब जनताको घरघर जुम्ले हात लगाउँदै चाहर्छन् । जनताको मतले जित्छन् । सत्तामा पुगेपछि तिनै जनताहरू भुल्छन् । फल खाएपछि बोट बिर्सन्छन् । यस्ता

प्रवृत्ति माथि व्ययङ्ग्य् प्रहार स्वरूप अर्को एउटा मुक्तक प्रस्तुत छ ।

खाटो बसेपछि चोट बिर्सनेलाई
मिठो फल खाई बोट बिर्सनेलाई
निष्ठुरी भनुँ या अज्ञानी ठानुँ म
सत्ता पाएपछि भोट बिर्सनेलाई । (पृष्ठ–६२)

यस्ता विसङ्गत र विकृति माथि व्ययङ्ग्य र विद्रोह चेत भएका मुक्तकहरू प्रशस्त छन् विसङ्गत बस्तीभित्र ।

छयालिस र बैसष्ठी त्रिसष्ठीको जनआन्दोलन पश्चात देशमा राजनैतिक उथलपुथल भए तर साधारण जनमानसमा यो परिवर्तन मात्रै जनता तर्साउने खेल भए । सर्वसाधारण देशमा रहेर जीवन यापन गर्न कठिन हुँदै गयो । देश छोडेर परदेश जान बाध्य भए । गाउँघरमा वृद्ध र अशक्त बाआमा मात्रै रहे । छोराको कमाइ खान पाउने आसमा आफ्नो सास झुण्ड्याएर बसिरहेकाहरू छोराको लास बाकसमा फर्किएको तितो हृदयविदारक दृश्य आङमा तिखातिखा काँडा उम्रिन्छन् । यस्तै परिस्थिति झल्काउने मार्मिक एउटा अर्को मुक्तक – हावाकै बेलुन

पहिरोको डरले बर्खाको आकाश देखेर तर्सिन्छ ऊ
रेमिट्यान्समा साटिएका छोराको बाकस देखेर तर्सिन्छ ऊ
हावाकै बेलुन भो तिमीले लाएको समृद्धिको नारा पनि
घरिघरि चोकचोकमा तिम्रो असारे विकास देखेर तर्सिन्छ ऊ (पृष्ठ–७०)

त्यस्तै अर्को एउटा व्ययङ्ग्य चेत भएको अर्को एउटा बलियो मुक्तक–

कहिले टाँकी बनाउनुस्, कहिले कोइरालो बनाउनुस्
खेतालाहरू हो यो देशलाई पालो पालो बनाउनुस्
आफैसँग रङ्ग र कुची भएपछि जसो गर्न नि मिल्छ
कालोलाई सेतो बनाउनुस्, सेतोलाई कालो बनाउनुस् । (पृष्ठ–७८)

ऋषि बस्ताकोटीका अधिकांश मुक्तकमा देशको दूरावस्था र राजनैतिक विचलनको चित्रण गरेको पाइन्छ । विसङ्गति र विकृतिप्रति तीव्र आक्रोश व्यक्त गरिएको पाइन्छ ।

वर्तमान अवस्थामा साहित्य जगत्लाई पनि विसङ्गतिको बाछिटाले भिजाएको महशुस हुने गर्दछ । विशुद्ध साहित्यलाई अङ्गीकृत गर्दै आइरहेकाहरूलाई अपाच्य लाग्ने किसिमको स्थितिप्रति उनको एउटा मुक्तक–

एकाबिहानै उसले मुक्तक किन्नुस् भन्यो
खल्ती छामेर मात्रै आफ्नो प्रतिभा चिन्नुस् भन्यो
कला संस्कृतिको मठाधिस मै हुँ भँ गरी
सम्मानित हुनु छ भने दस्तुर पो दिनुस् भन्यो । (पृष्ठ–१२७)

मुक्तकमा रहेका विविध विषयहरूमध्ये जन्मदाता (आमाबा)प्रतिको प्रेम तर पीडानुभूति व्यक्त गरिएका मुक्तकहरू पनि यस कृतिमा समावेश छन् ।

बाको तस्वीर
छोराछोरी हेर्छु अनि घरिघरि बाको तस्वीर देख्छु
देखाएका खुसीखुसी अनि लुकाएका पीर देख्छु
दिन मात्रै जान्ने लिन नजान्ने ती निस्वार्थी मानिस
बाहिर निकै सरल तर भित्र भने गम्भिर देख्छु । (पृष्ठ-१३६)

मेरी आमा
अदम्य साहस अठोट र जाँगर हुन् मेरी आमा
सन्तानका लागि नरित्तिने सागर हुन् मेरी आमा
बचेराले वेग हानेपछि गुँड रूँगी बसेकी चरीझैँ
नदीले छोड्दै गएको एकान्त बगर हुन् मेरी आमा । (पृष्ठ-१४९)

सबै बाहरूको तस्वीर र सबैसबै आमाहरूका व्यथा कथा उस्तै उस्तै लाग्छन् । सन्तान हुर्कन्छन्, बढ्छन्, गुँड छोडेर दूरदराजमा पुग्छन् । नजाऊ भन्न मन लागेर पनि नजाऊ भन्न सक्दैनन् । कथाहरू दोहोरिँदै जान्छ, दोहोरिँदै जान्छ । यो समयको माग हो भनेर चित्त बुझाउनु सिवाय विकल्प रहँदैन ।

अन्त्यमा उनका मुक्तक अत्यन्त सरल, बोधगम्य र उस्तै सरस पनि छन् । कुनै पनि काव्य चाहे कविता होस्, चाहे गीत, गजल, मुक्तक, सरल भाषामा लेखिनुपर्छ भन्ने मान्यता म राख्दछु , सबैलाई यस्तो नलाग्न पाइन्छ । सिर्जना वाचन गर्दा सलल बगेको होस् । कतै ठेस नलागोस् । ऋषिका १२५ ओटा मुक्तक वाचन गर्दा कतै अल्झिनु परेन । यति सुन्दर मुक्तक कृति पाठक सामु ल्याउनु भइ मुक्तकको गरिमा बढाउन सहयोग पुऱ्याउनु भएकोमा ऋषि भाइलाई धेरै धेरै धन्यवाद एवम् हार्दिक बधाई । मुक्तक कृतिले सफलताको शिखर चुमोस् । पूनः पूनः नयाँ नयाँ कृतिहरू जन्मिरहुन् । काव्यिक उन्नयनको शतत् शुभकामना !

**-पोखरा**

# मिलाएर नखाए खानेकुरा पनि विष

कल्याण पन्त

पौष्टिकयुक्त खानेकुरा सधैँ स्वास्थ्यबर्द्धक हुन सक्दैन । खान जानिएन भने तिनै खानेकुरा पनि शरीरका लागि विषाक्त बन्न सक्छ । निश्चित मात्रामा खाइने कुनै पनि खाद्य पदार्थले पौष्टिकता दिन्छ, तागत दिन्छ तर यसका साथ केही यस्ता खानेकुरा छन्, जुन सँगसँगै या केही समयको अन्तरालमा खाइयो भने पेट गडबड हुन जान्छ र कमजोर बनाउँछ । त्यसो त एउटै खानेकुरा पनि आवश्यक भन्दा बढी मात्रामा खाइयो भने पेटले सहदैन । आयुर्वेद चिकित्साले निर्देशित गरेका कयौं उदाहरण छन्, जुन स्वास्थ्यका लागि अत्यन्त हानिकारक छन् । यस्ता खानेकुराहरूबाट उत्पन्न परिणाम पनि थाह पाउन जरूरी हुन्छ ।

आमाको दूधमा जीवनदायिनी तत्त्व हुन्छ र यसले शक्ति दिन्छ । यसले बच्चालाई धेरै रोगबाट बचाउँछ । छ महिनासम्म त बच्चा दूधमै निर्भर रहन्छ । बच्चाको शारीरिक विकास पनि उल्लेखनीय रूपले बृद्धि भइराखेको हुन्छ । यस अवधिमा दूधले अमृत समान काम गर्दछ । तर हुर्किसकेको बच्चालाई अन्य गाई, भैंसीजस्ताको दूधमा अन्य खानेकुरा (भात बाहेक) सित मिसाएर खाइन्छ वा खुवाइन्छ, त्यस बखत पेटमा समस्या आउन सक्छ । खानेकुराकै कारणबाट खाना खाने बित्तिकै पेट काट्ने र दिसा लागिहाल्ने अवस्था खानेकुराकै परिणाम हो ।

पेट गडबड हुनु कुनै नौलो करो होइन तर खानेकुराको अनुपात नमिलेर वा धेरै वा थोरै मात्र भए पनि समान धर्मीका खानेकुराको तालमेल नहुनु हो । दूधसित कटहर, कागती, तितेकरेला र नूनिला खानेकुरा पनि मिलाएर खान हुँदैन । तर जानजान वा नजानिकनै मिलाएर खाइएमा ती खानेकुरा विषाक्त बन्न जान्छ । लामो समयसम्म केही मात्रामा सेवन गरेको खण्डमा दाद, लुतो, सोराइसिसजस्ता छालाका रोग लाग्न सक्छ । त्यसरी नै दूधसित मुगी, मुसुरो, चना लगायत दाल, गाजर, आलु, तेल, सखर, दही, नरिवल, लसुन नुनयुक्त अथवा अमिला खानेकुरा खान हुँदैन ।

मूलाको परिकारसँग पनि दूधको सेवन गर्नु हानिकारक हुन्छ । यसले पनि छालासम्बन्धी रोग निम्त्याउन सहयोग गर्दछ । यदि मूला खानै

परेमा २ घन्टापछि खान सकिन्छ । त्यसरी नै खीर, खिचडी, काँचो केराको तरकारी, दही, परेवाको मासु, प्याज, धनियाँ, लसुनको साथमा दूध खादाँ एकै छिनपछि पेट गडबड भइहाल्छ । दूध र फलफूल एक साथ खाएमा दूधमा निहीत क्याल्सियमले फलफूलमा भएको पोषक तत्त्वलाई नष्ट गरिदिन्छ, जसले गर्दा शरीरले फलफूलबाट लाभ लिन पाउँदैन । व्रत बसेको बेला दूधमा केरा मिलाएर खाने चलन पनि यसले कफदोष गराउँछ । यी दुवै एकैसाथ खाँदा पाचन प्रक्रियामा असर पार्दछ । माछासँगै दूध खाएमा ग्यास्टिक, एलर्जी, जस्ता छालाका रोग देखिन्छन् ।

**सँगसँगै खान नहुने खानेकुरा केके हुन् ?**

- कुखुराको मासु र दही ।
- मदिरा, तिल, खिचडी र खिर ।
- दूध-दही सँगसँगै वा अघिपछि ।
- खीर-खिचडी/माछा-मासु/दूध-मासु ।
- अमिलो फल, अचार, मुला र दूध ।
- काँचो केराको तरकारी र दही ।
- मासु/दूधका साथ सातु ।
- परेवाको मासु तेलमा भुटेर ।
- साग, पाकेको कटहर, मह र दूध ।
- घिउ र मह बराबर मात्रामा ।
- पोलेको मकै र रूख कटहर ।
- त्यस्तै महलाई तताएर खानु हुँदैन ।

दुई वा दुईभन्दा बढी खानेकुरा जस्तो कि काँचो सागपात, काँचो चनाको दाल या चना खानासाथ तुरून्तै दूध वा पानी मात्र भए पनि पिइयो भने पाचन प्रणालीमा असर पुग्दछ । फलस्वरूप पेट दुख्न थाल्दछ । पेटमा हुने पाचन प्रक्रियामा तेस्रो पदार्थ निमार्ण हुन पुग्दछ । अन्ततः बिषाक्त बन्न पुग्छ । यसले भोक नलाग्ने, मुखमा अमिलो पानी आउने, उल्टी हुने, टाउको दुख्ने, कब्जियत हुने, पखाला चल्ने, पेट पोल्ने, दुख्ने आदिजस्ता असरहरू तत्काल देखा पर्नसक्छ । बिसञ्चो गराउने यस्ता खानेकुराले पाचन प्रणालीलाई मात्र प्रभाव नपारी रक्तसञ्चार प्रणाली, स्नायु प्रणाली आदि कमजोर पार्दै लैजान्छ र अन्ततः मृत्युवरणको अवस्था आउन सक्छ । धेरै किसिमका मासुहरू एकै ठाउँमा मिलाएर खाँदा पनि परस्पर विरूद्ध हुन जान्छ । त्यसरी नै घिउ, बोसो, तेल, पानी र दूध आपसमा मिलाउँदा विषाक्त बन्न जान्छ ।

सुश्रुतको मत अनुसार बेल, तोरियाँ, कागती आदि अमिलोफल, सबै प्रकारका नुन, दही, माछा, गुन्द्रुक, बाख्रा, भेडाको मासु, मदिरा आदिलाई दूधसँग सेवन गर्न हुँदैन । त्यसरी नै मह र काढालाई तताएर खानु हुँदैन । बकुल्लाको मासु, बँदेलको बोसोमा भुटेर खाएमा तत्काल मृत्यु हुन्छ भन्ने कुरा आरोग्य विज्ञानमा खप्तड बाबाले लेखेका छन् ।

हामीले सुन्दै आएका छौ कि घिउ र मह बराबर मात्रामा मिलाएर खाइयो वा छुट्टाछुट्टै तरिकाले एक छिनपछि खाइयो भने केही समयपछि बान्ता हुने, पेट गडबड हुने, ज्वरो आउनेजस्ता लक्षणहरू देखा पर्न थाल्छन् । यी पदार्थहरू यसरी सँगै या अघिपछि विरूद्ध पनि हुन्छन् । यहाँ उल्लेख गरिएका बिसञ्चो गराउने खानेकुराहरू भोजन विरूद्ध खाद्यपदार्थ हुन् । खानेकुरा ऋतु विरूद्ध पनि हुन्छन् । जुन मौसममा जे तरकारी वा फलफूल फल्छन्, त्यही खानु राम्रो हो । तर शिशिर (मंसिर-पौष) ऋतुमा खाने अमिलो जातका फलफूल वा तरकारी भण्डारण गरेर ग्रीष्म (जेठ-असार) ऋतुमा खाइन्छ भने त्यस्तो फलफूल तथा तरकारी शरीरका लागि विष बन्न जान्छन् । जस्तो कि सुन्तला, निवुवा आदिजस्ता अमिला जातका फलफूल वर्षा याममा धेरै मात्रामा खाइयो भने कदापि फाइदा गर्दैन । यस बाहेक अप्राकृतिक तवरले पकाइएका फलफूल पनि स्वास्थ्यका लागि हानिकारक छ । आँप, केराजस्ता अधिकांश शहरबजारमा बेचिने फलफूलमा कार्वाइड हालेर पकाइएका हुन्छन् । यस्ता फलफूललाई एकदुई घन्टा सफा पानीमा डुबाएर खाने गर्दा केही हदसम्म हानिकारक रसायनबाट बच्न सकिन्छ ।

कुनै खानेकुराहरू यस्ता पनि छन् जुन भाँडोमा राख्दाखेरि मात्र पनि विषाक्त बन्न जान्छ । जस्तै तामा, पित्तल, काँसजस्ता धातुका भाँडामा अमिला खाद्यपदार्थ राखियो भने यसले यी धातुका भाँडासित रासायनिक प्रतिक्रिया गरी केही बेग्लै स्वादको बनाइदिन्छ । मही, दही आदिलाई काँसको भाँडामा राखेर एक छिनपछि पिउँदा केही तीतो स्वाद भएको हामी आफैले पनि महसुस गर्दै आएको छौ । त्यसरी नै काँसको भाँडामा दस दिनसम्म राखिएको घिउ खानयोग्य हुँदैन । अमिलो, चिल्लो र दुग्धपदार्थलाई तामा, पित्तल र काँसका भाँडामा राख्नु हुँदैन ।

गाउँघरमा अझै पनि अमिलो चिल्लो र दूधलाई गबुवा, सिमाङ्, काठको ठेकी आदिमा राख्ने गरिन्छ । यस्ता खाद्यपदार्थलाई यस्तै काठबाट बनेका भाडामा राख्नु वैज्ञानिक दृष्टिकोणले राम्रो मानिन्छ किनकि यस्ता भाडाँहरूमा यी चीजबीज राख्दा रासायनिक प्रतिक्रिया हुन पाउँदैनन् जसले गर्दा पदार्थको गुण लामो समयसम्म जस्ताको तस्तै रहन्छ । तामामो भाँडामा राखिएको पानी बिहान पिउनु अत्यन्तै फाइदाजनक मानिन्छ । तर एल्मुनियमको भाडालाई भने त्यति राम्रो मानिन्न । धातुका भाँडामा रासायनिक प्रतिक्रिया हुने हुँदा यसो भनिएको हो । मही, दही जस्ता अमिला खाद्य पेय पदार्थलाई तामा, काँस आदिजस्ता भाँडामा कुनै हालतमा राख्न हुँदैन । यस्ता भाडाँहरूसित रासायनिक प्रतिक्रिया भई तेस्रो पदार्थको निर्माण हुन जान्छ । खानेकुरा विषाक्त बन्दछ ।

सधैँ खाइ राखिएका खानेकुराहरू पनि फाइदाजनक हुन्छन् भन्न सकिन्न । फाइदा र बेफाइदा त कसरी खाइन्छ, त्यसमा भर पर्दछ । एउटै पदार्थबाट बनेका भिन्न प्रकृतिका खानेकुरा छन् भने पनि एकै चोटी खादाँ त्यसले शरीरलाई आघात पुऱ्याउँछ, जस्तो कि दूध र दूधबाटै निर्मित दही, चामलबाट बनेको खिचडी र खीर । यति सम्म कि सामान्य खानेकरा खादाँ पनि सँगै पानी पिउन हुँदैन किनकि यसले पेटमा भएको हाइडोक्लोरिक एसिडलाई पातालो बनाइदिन्छ । फलस्वरूप पाचन क्रियामा गडबड ल्याउँछ । खानेकुराहरू एक मात्र खादाँखेरि शरीरलाई कुनै असर नपर्ने तर भिन्न गुण, स्वभाव भएका प्रकृति पानी र खानेकुरा होस् वा खानेकुरा-खानेकुरा बिच किन नहोस् एकै चोटि खादाँ हामीले धेरै विचार गरेर खानुपर्दछ । अधिकांश मानिसहरू अनभिज्ञताका कारण बिरामी पर्दछन् । त्यसैले खानेकुराको प्रकृति हेरेर खादा शरीरलाई धेरै फाइदा पुग्न जान्छ । समग्रमा भन्दा खानेकुरा स्वयं विष होइनन् तर मिलाएर खान जानिएन भने विषाक्त बन्दछ ।

# बौद्ध दर्शनको तत्व मिमांसा

रामराज रेग्मी

अक्सर बुद्धका बारेमा के भन्ने गरिएको छ भने उनको विषेष चासोको विषय मानिसलाई दुःखबाट मुक्त गर्नु थियो र उनी यही विषयमा केन्द्रित थिए । जब जगत्को संरचना र सृष्टिबारे कसैले प्रश्न सोध्दथे, उनी मौन रहन्थे । त्यसो भएकाले बौद्ध दर्शनमा तत्व सम्बन्धी विश्लेषण पाइन्न । तर वास्तविकता यो होइन । बुद्धले तत्वशास्त्रबारे धेरै कुरा बताएका छन् । उनले तत्वशास्त्र भनी विषय तोकेर सवाल नउठाए पनि उनका उपदेशमा यस सम्बन्धी थुप्रै विषयहरू समावेस छन् (Hiriyanna, 2009 : 138) ।

सामान्यतया प्रत्ययवादीहरूले के कुरा फैलाएका छन् भने यस जगत्मा मानिसले दुःख, सुख, हर्ष, विस्मात् आदि जे जति कुराको अनुभूति गर्दछन्, त्यो आत्माको सञ्चालनका कारण गर्दछन् । तिनीहरू मानिसको शरीरभित्र आत्मा बस्दछ भन्दछन् । आत्मा अमर छ र त्यो मरेपछि अर्को जीवमा प्रवेश गर्छ भन्ने विश्वास तिनीहरूमा छ । पुरानो जीर्ण कपडालाई त्यागेर जसरी मानिसले अर्को नयाँ कपडा पहिरन्छन्, उसैगरी जीर्ण शरीर त्यागेर आत्माले नयाँ चोला बदल्छ भनी तिनीहरू भन्दछन् । यस अवधारणा विपरीत बुद्धले आत्मालाई मिथ्या र काल्पनिक मानेका छन् । उनी भन्दछन्, "विश्वमा न छुट्टै कुनै आत्मा छ, न त आत्मा जस्तै अन्य वस्तुहरू नै छन् ।" (सिन्हा, १९९३ : १२३) । बुद्धको भनाइ अनुसार भौतिक पदार्थ अन्तर्गत चार महाभूतहरू – पृथ्वी, जल, तेज र वायु पर्दछन् । चारवटा महाभूतमा बुद्धले आकाशलाई गणना गरेका छैनन्, त्यो पछि अन्य दार्शनिकहरूले थपेको तत्व हो । बुद्धले पृथ्वीमा ठोसपन, जलमा तरलता, तेजमा ताप र वायुमा स्पर्श हुन्छ भनेका छन् । बुद्धको चार तत्व सम्बन्धी अवधारणामा श्रमण मतको प्रभाव देखिन्छ ।

बुद्धका अनुसार जीव भनेको भौतिक तत्व र मानसिक तत्व मिलेर बनेको समष्टि रूप हो । यस समष्टी रूपलाई स्कन्ध (Aggregate of Matter) भनिन्छ । बौद्ध दर्शनले जीवलाई मनोभौतिक बनोट (Psycho-Physical Organism) का रूपमा ग्रहण गरेको देखिन्छ । (Hiriyanna, 2009 : 139) । बुद्धको भनाइ अनुसार स्कन्धमा रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान पर्दछन् । यीमध्ये रूप भौतिक तत्व र वेदना, संज्ञा, संस्कार र विज्ञान मानसिक तत्व हुन् । रूपको निर्माण पृथ्वी, जल, बायु र अग्नि जस्ता

चार महाभूतबाट हुन्छ । आफूलाई कुनै न कुनै प्रकारले प्रकट गर्ने भएकाले नै यसलाई रूप भनिएको हो । वेदना, संज्ञा, संस्कार र विज्ञान मनसँग सम्बन्धित हुनाले ती ओझेलमा परेका छन् । वेदना अन्तर्गत सुख, दुःख अथवा यी दुबैको अभाव जस्ता अनुभूति पर्दछन् । संज्ञाको काम भौतिक वा अभौतिक वस्तुको पहिचान गर्नु हो । संस्कारमा स्मृति र धारणा पर्दछन् जसको काम समन्वय गर्ने भएकाले शरीर, संज्ञा, विज्ञान सबैलाई मिलाएर एउटै बनाउँछ । पाचौं स्कन्द विज्ञान अथवा चित्त हो जसको बाह्य जगत्सँग हुन जाने सम्पर्कबाट चेतना उत्पन्न हुन्छ । चेतना एक प्रकारको जागरण हो जुन पाँच चेतन अङ्ग र मनमा पैदा हुन्छ । बौद्ध दर्शनअनुसार विज्ञान पहिले इन्द्रियको माध्यमबाट बाहिरी वस्तुको सम्पर्कमा आउँछ जसलाई स्पर्श भनिन्छ, जस्तै कानले ध्वनि सुन्नु, आँखाले वस्तु देख्नु जिब्राले रसस्वादन गर्नु आदि । स्पर्श एक प्रकारको बाहिरी वस्तु र विज्ञानबिचको 'संघात' (टकराव) हो जसबाट चेतना उत्पन्न हुन्छ (दासगुप्त, १९७८ : १०६) । संघात भन्ने शब्द उपनिषद्कालीन ग्रन्थमा भएकाले, यो शब्द बुद्धले त्यहाँबाट आयात गरेको देखिन्छ । उपनिषद्मा कुनै पनि प्राकृतिक वस्तुको रूप र पहिचानलाई 'नाम' भनिएको छ, तर बुद्धले नाम भनेर पहिचानलाई होइन, स्कन्धको मानसिक पक्षलाई लिएका छन् ।

अक्सर मानिसहरू आत्मा भनेर देहलाई होइन भित्री मनलाई भन्दछन् । तर बौद्ध दर्शनअनुसार आत्मा भनेको न त देह हो न त मन नै । देहको आयु वीरलैगरी सय वर्ष नाग्ला, यो अस्थायी हो । मन त झनै क्षणिक हो, यो भनेको वनमा एकपछि अर्को हाँगा समात्दै अघि बढ्ने बाँदरको गति जस्तै विषय हो (Hiriyanna, 2009 : 140)। जसलाई आत्मा भनिएको छ, त्यो त व्यक्तित्वको रूपमा शारीरिक गठजोडलाई दिइएको पहिचान हो । गठजोडमा सम्मिलित स्कन्धहरू सबै अनित्य र परिवर्तनशील छन् । एउटा स्कन्ध 'रूप' कै कुरा गरौं । बचपनको शरीर र लौरो टेकेर हिँड्ने बुढेशकालको शरीर मानिसको एउटै शारीरिक एकाइ भए पनि भिन्न समयको शारीरिक रूप र रोगनमा अन्तर हुन्छ । यसरी शरीरका विभिन्न स्कन्धहरू परिवर्तनशील हुने भएपछि त्यसको संयोगको रूपमा रहेको आत्मा स्थायी रहने कुरा हुँदैन । जहाँसम्म मृत्युपछि आत्माको अस्तित्वको सवाल छ, मानिसको मृत्युपछि त्यसको कुनै अस्तित्व रहँदैन । बुद्ध दर्शनको आत्मा सम्बन्धी यस विचारलाई 'अनात्मवाद' अथवा 'नैरात्मावाद' (Theory of No–soul) भनिन्छ ।

बुद्ध भन्दछन् कि प्रत्येक जीव वा मानिस अंश–अंशको संयोग हो । पूर्णको कुनै सत्ता विद्यमान छैन भन्ने बुद्ध दर्शनको यो अनात्मवादी विचार द्वन्द्वात्मक दृष्टिकोणबाट प्रभावित देखिन्छ । (चट्टोपाध्याय, २००७ : ५०३) वर्तमानमा प्रचलित वैज्ञानिक सत्यताले यस मान्यतालाई स्वीकार गर्दछ पनि । वास्तवमा मानिसको व्यक्तित्व जसलाई आत्माका रूपमा प्रस्तुत गरिएको छ, कुनै लामो समयसम्म रहिरहने र नबदलिने विषय होइन । यो भनेको मानिसको शरीर,

बुद्धि, स्वभाव, स्नायुतन्त्र आदिको संयोग हो । यदि यी यौगिक अङ्गहरूमा परिवर्तन हुन्छ भने आत्मामा नहुने कुरा आउन्न । बुद्ध भन्दछन् कि मानिसहरू मिथ्या आत्माको पछि लागेर म, मेरो, मलाई आदि सङ्कीर्ण व्यक्तिवादी आग्रह पालिरहेछन् । यही भावनाले मानिस–मानिसबीच स्वार्थको पर्खाल खडा भएको छ । यस मिथ्या भावनाबाट छुटकारा पाउनु नै श्रेयस्कर हुन्छ ।

बुद्ध दर्शनमा व्यक्ति पाँच स्कन्धको संयोग हो भन्ने कुरालाई युनानी राजा मिलिन्द (मिलिन्डर) र बौद्धमुनि नागसेनको संवादमा प्रस्तुत गरिएको छ । राजा मिलिन्द नागसेन भए ठाउँमा आत्मतत्वबारे जिज्ञासा मेट्न भनी जान्छन् । परिचयको क्रममा नागसेन भन्दछन्, "हुन त मलाई मानिसहरू नागसेन भन्दछन्, तर यस नामबाट मेरो स्थायी व्यक्तित्वबारे जानकारी पाउन सक्नुहुन्न । कर्ता कोही नहुने हुँदा म पनि कुनै कर्ता होइन ।" यस्तो अचम्मलाग्दो परिचय सुनेपछि मिलिन्दले उनलाई सोद्धछन्, "उसोभए तपाईं 'नागसेन' भनिने व्यक्ति को हो त? पक्कै पनि नागसेन भनेको तपाईको शरीरका अङ्ग-प्रत्यङ्गहरू अथवा शारीरिक आकार, संवेदना आदि होइनन् होला ? कर्ता कोही हुँदैन भन्नुहुन्छ भने आखिर कर्म गर्ने तपाई को हो ? यस संसारमा काम गर्ने, सुख दुःख बेहोर्ने, हत्या चोरी डकैती गर्ने अथवा अरूको उपकार भलो आदि कर्म गर्ने विभिन्न नामका व्यक्ति को को हुन् त ?"

राजाका यी प्रश्नहरूको जवाफ दिनुभन्दा पहिले मुनिले उनीलाई प्रतिप्रश्न गर्छन् ? "राजन्, तपाई कसरी यहाँ म भए ठाउँमा आइपुग्नुभयो ?" राजा मिलिन्दले आफू रथमा आएको कुरा बताएपछि मुनिले फेरि प्रश्न गर्छन्, "रथ केलाई भनिन्छ ?" म त यहाँ कुनै रथ देख्दिन । जसलाई तपाईंले रथ भन्नुभएको छ, यहाँ त म बाह्य रूपका केही वस्तुहरू जस्तो कि छत, आसन, पाङ्रा, डण्डी, लगाम, जुवा आदि देखिरहेछु जसलाई एक ठाउँमा संयोग गरिएको छ ।

यसपछि मुनिले राजालाई वास्तविक तथ्यबारे अवगत गराए । उनले के भने भने रथ त केवल एउटा संयोगको नाम अथवा पहिचान मात्र हो । रथ झैं तपाईंले अब थाहा पाउनु पर्छ कि तपाईंका कपाल, छाला, शारीरिक आकार, तपाईंका अनुभूति, हाउभाउ आदिलाई नागसेन नाम दिइएको छ । विभिन्न स्कन्धहरूको यस संयोगमा नाम भन्ने पदावली मात्र छ, कुनै कर्ता छैन (चट्टोपाध्याय, २००७ : ५०२) ।

**सन्दर्भ स्रोत**

चट्टोपाध्याय, देवीप्रसाद, २००७, भारतीय दर्शनमें क्या जीवंन्त है और क्या मृत, पिपुल्स पब्लिशिंग हाउस, नइ दिल्ली

दासगुप्त, एस. एन., १९७८, भारतीय दर्शनका इतिहास, भाग १, राजस्थान हिन्दी ग्रन्थ अकादमी, जयपुर, भारत

सिन्हा, प्रो.हरेन्द्रप्रसाद, १९९३, भारतीय दर्शनकी रूपरेखा, मोतीलाल बनारसीदास, नयाँ दिल्ली

Hiriyanna, M., 2009, Outlines of Indian Philosophy, Motilal Banarasidas Publishers Pvt.Ltd, Delhi

# निबन्ध - लेखन - एक युद्ध !

विष्णु पादुका

पुस्तक आफैमा जटिल प्रक्रिया हो ,सोचलाई साँचोमा ढाल्ने साधन पो त । एउटा यस्तो पुस्तक जसभित्र एउटा पाठक र एउटा लेखकसँगै युद्धरत त हुन्छन् । पढिरहँदा लेखक सकृय हुन्छ । पढ्न छोडेर पाठकले लेखक मार्छ । आफु सक्रिय हुन्छ । घरी लेखक मर्छ घरी पाठक मर्छ । पाठकले लेखक र लेखकले पाठक मार्ने खेल अन्त्यसम्म चलिरहन्छ । जहाँ लेखन होइन यथार्थमा सबै कुरा भैरहेको हुन्छ । बिगत वर्तमान र भविस्यको त्रिकोणात्मक समयको मिश्रणमा आफू बिजयी हुँदा दुईकोण गायब हुन्छन् । समयको अर्को एउटा कोण हुन्छ जहाँ बसेर तिनै कोण नियालेर एउटा बर्गमा खेल हुन्छ । अन्तमा बर्ग पनि एउटा वृत्त बनेको हुन्छ । लेखक, एक कुनामा बसेर समयका तीन आयामलाई गुडिया बनाएर खेलाई रहन्छ । समय, युग र चेतनासँग खेल्नु चानचुने कुरा नै होइन । त्यसैले पटकपटक लेखक मर्छ, पटकपटक पाठक मर्छ । यो खेल हो । बेदले सबैपाठक मारेर आफुलाई स्थापित गर्यो धर्मको नाममा । आजसम्म जति कुरा लेखिए पढिए चेतनाको त्यही एउटा घर भित्रको खेल हुन् ।

जिब्रोवाला याद मस्तिष्कमा हुनाले बेलाबेला जिब्रो मार्नु पर्छ । मस्तिष्कको जिब्रो बचाउँन आफु बाँचि रहनुपर्छ । कहिले पाठक जिब्रो भैदिन्छ । कहिले लेखक मस्तिष्क । कहिलेफेरि लेखक जिब्रो भैदिन्छ कहिले पाठक मस्तिष्क भैदिन्छ ।

संसार अस्तित्वको लडाइ अनि जितको उपज हो । एउटा चिज देखिनु अर्को लोप हुनु हो । उपस्थितिलाई विज्ञानले प्रमाणित गर्‍यो । वस्तुको उपस्थिति पछिको प्रतिक्रिया नै मानवीय सोचाइको आधारशिला हो । अँध्यारो किन हुन्छ उज्यालो किन ? अँध्यारोले उज्यालोलाई र उज्यालोले अँध्यारोलाई विस्थापित गर्छ । उज्यालोको भिन्न गुण र अँध्यारोको भिन्न गुण छन् । यहाँनेर हामी गुणको पछि आँखा चिम्लेर लागिदिन्छौँ । हामी निसर्त उज्यालोको पक्षमा भोट हाल्छौं । यो राजनीतिक चुनावको भोटको जिजुबुवा हो । आँखाले देखेको कुरा अर्थात "फ्राइ" भैसकेका हाम्रा पञ्च इन्द्रिय ज्ञानेन्द्रियहरूले

निर्देशन गरेका कुरा सही अरू सब खराब भन्ने कुराको "भोटिङ्ग" यति छिटो र सजिलोसँग हुन्छ । हामीलाई कुनै निर्वाचन आयोगको खाँचो पर्दैन ।

एकले अर्कोको अस्तित्व प्राकृतिक रूपमा स्वीकार हुँदैन । भएको छैन । पानीले आगो र आगोले पानी सकाउन नै उत्पति भएका हुन् जस्तो । विपरीत अस्तित्व आगो र पानीका । सस्तो वस्तुका उपभोक्ता हामी तिर्खामा पानी ठिक भन्छौँ । भोक लाग्दा र चिसो हुँदा आगो ठिक भन्छौं । बुद्धिले आगोमा पानी उमालेर भोक नाश भएको प्राकृतिक राजनीती बुझ्न कठिन हुन्छ ।

लेखक त्यो भान्से हो । उसले बीष हालेर खाना पकाएको भए पनि खुवाउनु छ । पाकेको सामान सकाउनु जो छ । आफ्नो कर्तव्यबोधले लेखक छताछुल्ल छ । बाढिको बहावले के कति हानी नोक्सानी गर्‍यो त भनेर थाहा पाउन सङ्क्लिनु जरूरी छ । त्यो बेलासम्म पाठक जागिसकेको हुन्छ । पाठक उठिसकेको हुन्छ । पाठक उठ्दा लेखक नतमस्तक हुन्छ । पाठकले लेखकलाई के कति बचाउँने या के कसरी कति पटक मार्ने भन्ने स्वतन्त्रताको विनम्र कर्तव्यबोधले थिचिएको छ । थिचिएकै हुन्छ ।

पुस्तक पनि चरम युद्ध मैदान हो । त्यहाँ हत्याहिंसाको यो निर्मम खेल चलिरहेको हुन्छ । पाइला पाइलामा हत्या हिंसा छ । पलपलमा रगतको रंग फेरिन्छ । बातावरण फेरिने क्रम यति तीब्र छ कि दर्शक लाई कुनै बिग्रेको सिनेमा फास्ट फर्वाडमा हेरेको भै लाग्छ । यसको तत्वगत रूपमा बुझ्न कि मेरो पाठक छ कि मेरो लेखक कि म मात्रै । यहाँनेर तपाई  त्रिकोण देख्नुहुन्छ । यहिनेर म चौथो कोण कल्पना गरिहाल्छु । म त्यहीँबाट यो सब नियाल्छु । मेरो नियाल्ने क्रम अर्थात् चक्र नै दुनियाँ भनेर बुझ्नुहुन्छ तपाईं । संसार भनेर परिचित हुनुहुन्छ तपाईं । याद गर्नुस् तपाईं एउटा पुस्तक पढ्दै हुनुहुन्छ । त्यो दृश्य तपाईं आफै देख्दै हुनुहुन्छ । यो फगत कल्पना होइन । यो अदृश्य यथार्थ हो । कति अदृश्य यथार्थलाई हामी स्वीकार गर्न सक्दैनौं तर हामी भोग्न विवश हुन्छौं ।

तपाईं एकठाउँमा उभिनु भएको छ । त्यहाँ देखि तपाईं केही देख्दै हुनुहुन्छ । त्यो देखेको चिज बस्तु या स्थानले तपाईंलाई देखेको छ बीचमा एउटा दुरि छ यो सब देख्ने अर्को छ । तपाईं हुनुहुन्छ तपाईंको तल एउटा माथि एउटा स्थान छ । तपाईं यसरी नै अडिनु भएको छ देख्ने अर्को छ । तपाईं आफहुलाई देख्नु हुन्छ अघिल्लो या पछिल्लो पुस्ता छ यो यथार्थ हो । यी सबै यथार्थ देख्ने अर्को एउटा छ । जसलाई यहाँ आजसम्म आजभन्दा धेरै अघिदेखि ईश्वरको उपाधीमा उठाइयो । कहिले राम उम्मेदवार थिए कहिले कृष्ण कहिले बुद्ध कहिले मोहम्मद पैगम्बर । तिनीहरू पनि हामी जस्तै तपाईं जस्तै अथवा म

जस्तै थिए । अस्तित्वबोधको चेतनाले उनीहरूको व्यापार आज पर्यन्त चलिरहेको छ दैनिक फस्टाउँदै । उसलाई राम्रोसँग थाहा छ फलाम भनेजस्तो बनाउन कुन मोड कुन तापक्रम कसरी उपयोगमा ल्याउने । तपाई हामी खिइने बर्ग हुनाले फलाम भन्दिएँ मैले । उसो त सुनको पनि हविगत उहीँ हो । चाँदी पनि मख्ख नपरे हुन्छ । हीरा त बाँकी राख्दैन । समय आफूसँग खेल्नेहरूलाई सफल देख्छ दुनियाँ । गोल हुन पोस्टको बिम समेत नछोएर छिर्छ नि बल । स्लो मोसनमा हेर्न सकिन्छ नि । हो त्यसरी समयलाई रोकेर राख्छ त्यो लेखक एउटा पाठकलाई । मानौँ लेखक जेलर हो पाठक बन्दी ।

जहाँनेर यो पद र हैसियत सिर्जना हुन सक्दैन् । मान्नुस् यो फ्लप पुस्तक हो । फ्लप फ्लिम जस्तो । उसो त फ्लप फ्लिम पनि चलाइन्छ र बक्स अफिसमा हिट भएको प्रमाणित गरिन्छ । जहाँ केही ठूलो टीका र प्रसादको पुरस्कारको माला पनि पहिराइन्छ । कलाकार र निर्देशकको भूमिका एकातिर हुन्छ । युद्ध र संघर्षको कथा छायामा हुन्छ । पाठक अर्थात एउटा दर्शक फगत ब्यापारको सिँढी मात्र भैदिन्छ ।

तपाईं देख्दै हुनुहुन्छ । सुन्दै हुनुहुन्छ । मनन गर्दै हुनुहुन्छ ।

"बोझ थोपर्ने वाइहात लेखक, चार कुरा गुगल गरेर एक कुरा मन देखि थप्ने कामचोरको के किताब पढ्नु । एउटा पुस्तकले मन अड्याउन्न । पानामा आँखा अडिन्न । एक अनुच्छेद पढ्दा नै अत्यास लाग्छ । आँखा फड्किन्छन् शब्द र वाक्यका दिक्क लाग्दा गौडा र गल्छिहरू । आगो बाल्दिन्छ । पन्ना पन्ना च्यातेर जो कोहिले । गीता कुरान बाइबल अनि त्रिपिटक समेत जलाउन हैसियत राख्ने तँ मुला लेखक मलाई के सम्झिन्छस् । तँलाई पढ्दा पढ्दै म सकिए । मेरा बा अनि मेरो छोरो सकियो । साला मेरो तन मन धन सकाउन साम दाम दण्ड भेद प्रयोग गरेको छ्स् । म बुझ्दिन र । "पाठक जहिल्यै हाबी हुन्छ जित्छ तपाईंको नजरमा । तपाईंलाई पाठक प्रती एकरत्ती सहानुभूति पैदा हुँदैन र ?

जब लेखकको पल्लामा चढ्नु हुन्छ । विचारको चेतक चढेर जब लेखकको आँगनमा पुग्नु हुन्छ नि तपाईं लेखकको शक्तिको भक्त भैदिइहाल्नु हुन्छ । उसको नयाँ प्रयोग । अघिल्लो अनुभव । हिजोको भन्दा स्तरीय । जसरी पनि पढिनु पर्ने । प्रकाशनको नेतृत्वमा युद्ध छेड्नु नै छ । एउटा पाठक जाबो त जसरी पनि ढाल्न सकिन्छ । चाहिए जति लैजानुहोस भनिएको ढाल न सकिन्छ न रोग र अनावश्यक गर्भपतन र गर्भ निरोध । ढाल्न सक्ने भनेको फगत युद्धमा हो । पाठक सँगको युद्धमा । लेखकले जित्यो भने बत्तिको पुतली हुन थप पुतली आफै बोलाउँछ त्यो सुधो पाठक । जसले एक पटक पढ्न पनि खुन पसिना बगाएर गास कटाएर जोगाउनु पर्छ । उसलाई मारेर लेखक पाटी खान्छ ।

रमाइलो गर्छ । बिज्ञापन गर्छ पाठक हत्या अभियानको । तेरिमा साहित्यको खेलो ।

वाइहात न आय न आम्दानी, पैसा न सैसा टिको ठ्याँस ठ्याँस भने झैँ कोमल मन कोप्न दुख पिर व्यथाको गहिराईमा हुत्याउँछ बलियो लेखक । बिचरो निरीह पाठकलाई । संबेदनशिलताको हतियारले मुटु कलेजो निकालेर राखिदिन्छ त्यो पाठकको एउटा अपराधी तानाशाह पाठकले ।

यत्रो बेर तपाईं लेखकको कोडमा हुनुहुन्छ । ल बधाई छ । तपाईंको लेखकले जित्यो । तपाईंको आँखामा । युद्ध जारी छ । योद्धाहरू कोहि भन्दा कोहि कम देख्दिन म । यहाँ भाषा भूगोल प्रविधी र शैली अनि अभिव्यक्ति भनेका सब तपसिलका कुरा हुन् । चेतनाको युद्ध सायद उच्च स्तरको युद्ध हुनुपर्छ । तर युद्धमा नियमहरू समान हुने गर्छन् । संसारमा आएका पुस्तकको बाढीबाट संग्रह गर्न र पठन योग्य पुस्तक छान्न राजहास हुनुपर्ने स्थितीमा पुस्तक र पाठक बीचको आन्तरिक सम्बन्ध यस्तै देखिन्छ ।

तपाईं पाठक नभई लेखक हुन सक्नुहुन्न । कसै न कसैको प्रभाव तपाईंमा परेकै हुन्छ । यो कुराको अस्विकार गर्ने लेखक ढवाङ्ग रच्दै हुन्छ आफैमाथि । आफ्नो आलोचना खप्न दुखाइ भन्दा गार्हो काम हो । आलोचना स्विकार गर्दै अघि बढ्ने लेखक स्थायी लेखक हुन सक्छ । उसको अध्ययनको दायरा भित्र कुनै पाठक पर्छन् पर्दैनन् यो आजको अहं प्रश्न हो ।

कोहलपुर -४ , बाँके ।

# शीर्षक

नुमराज बराल

गाढा नीलो गगन तलमा धान बाला झुलेका ।
सेतासेता हिमशिखर छन् माथि छ्याङ्ङै खुलेका ॥
यस्तो राम्रो प्रकृति सुषमा, भित्र मान्छे नजाती ।
घ्याम्पाघ्याम्पी परपर हटे उठ्छ नेपाल माथि॥

खोला झर्छन् तल, छिरलिई किन्तु छन् खेत बाँझा ।
आफ्नै गर्छन् घर, जमिनको ख्याल यी ठालु, राजा ॥
गर्दागर्दा श्रम, सहरमा जिन्दगी हुन्छ काती ।
घ्याम्पाघ्यम्पी परपर हटे उठ्छ नेपाल माथि॥

वर्षा बर्सी तलतिर सिदै लान्छ माटो बगाई ।
गर्ने मान्छे कम भइसके खेत, बारी जगाई ॥
किन्नै पर्ने स्थिति छ अहिले देशमा फूलपाती ।
घ्याम्पाघ्याम्पी परपर हटे उठ्छ नेपाल माथि ॥

बस्छौँ हामी बगर तटमा चीन, जापान हेरी ।
आफू बन्दा असफल सधैं, जोडले सास फेरी ॥
भर्ने आफ्नै उदर, पहिला डुल्दछन् नित्य माती ।
घ्याम्पाघ्याम्पी परपर हटे उठ्छ नेपाल माथि ॥

छल्कीछल्की सब सुकिसके देशका ताल, खोला ।
यस्तै छाया, छवि भइसके न्याउली नित्य रोला ॥
हल्ली बोल्छन् हरित लहरा नित्य घाँटी समाती ।
घ्याम्पाघ्याम्पी परपर हटे उठ्छ नेपाल माथि ॥

रारा, रूपा पनि जतन खै? भन्दछन्, आँसु झार्छन् ।
फेवा रून्छे वदन लुटिंदा सूर्यले नित्य खार्छन ।
पाओस् हाम्रो फल जगतले भन्छ उर्लेर मादी ।
घ्याम्पाघ्याम्पी परपर हटे उठ्छ नेपाल माथि ॥

माछापुच्छ्रेसरि मन भए दु:ख को पाउँथ्यो र ?
नाङ्गो हुन्थ्यो वदन किन त्यो? आँसु के आउँथ्यो र?
सेतीले झन् कलुष, जनको बोक्छ, च्यातेर छाती।
घ्याम्पाघ्याम्पी परपर हटे उठ्छ नेपाल माथि॥

बाँच्नै छोडी मन रूमलिई अन्नपूर्णा नरोई ।
सोध्छे खालि व्यथित मनले धानका खेत खोइ ?
बस्छन् रोई हिमगिरि अरू भङ्ग गर्दे समाधि।
घ्याम्पाघ्याम्पी परपर हटे उठ्छ नेपाल माथि॥

बिर्सेका छन् मुलुक महिमा, फूलका पत्रपत्र ।
च्यातेजस्तै कपिदल मिली मार्गमा यत्रतत्र ॥
वृद्धवृद्धा अझ पनि उनै, राख्दछन् देश थाती।
घ्याम्पाघ्याम्पी परपर हटे उठ्छ नेपाल माथि॥

# छुटेको टोपी

रामजी प्रसाद आचार्य

ऊ पनि त एउटा साक्षी थियो ।
घाँस दाउराको भारीमा
सापो बनेको
मेलापातको चटारोमा
मसँगै रूल्मुलिएको
अँचोपैँचो व्यवहारमा
नासो चिनेको
अनि बिष्ट कहाँको कचहरीमा
मेरो उपस्थितिलाई ओजिलो बनाएको ।
मेरो शिरको शोभा
जो कतै छुटेको छ ।
र त्योसँगै छुटेको छ
मेरो पसिनाको मूल्य
आपसी भाइचारा
निष्ठाको परिचय
अनि न्याय र विवेक ।
अब चौतारीको बतासले मलाई चिन्ने छैन ।
अब पाखा पखेरू रनवनले मलाई सोध्ने छैनन् ।
अब खोज्ने छैनन् देउराली माइथानमा चढाइएका फूलपातीले
अब बुझ्ने छैन मेरो माटोले मलाई ।
एउटा विरानो देशको बटुवा झैँ भएको छु म
के हो तेरो परिचय भनेर कोही कसैले सोध्ने हुन् कि भनेर
म डराइरहेको छु ।
किनकि छुटेको टोपीसँगै
म मित्रता अनि मिलापबाट छुटेको छु ।
म दुश्मनको बैरताबाट छुटेको छु ।
आफन्तको भरोसाबाट छुटेको छु ।
सम्बन्धका हरेक श्रेस्ताबाट
कल्पनाका हरेक कित्ताबाट
मेरो लगत कट्टा भइसकेको छ ।
किनकि छुटेको मेरो टोपीसँगै
मेरा सारा चिन्तन, शक्ति र सामर्थ्य छुटेको छ ।

# महावीर उर्फ सानो पावेल !

बलराम तिमिल्सिना

ऊ बहकिने मनसँग खेल्ने बहकाऊ तन्नेरी होइन
हुन त हो तर त्यो उसको बिगत थियो
वर्तमानमा ऊ अलग्गै युवा थियो
ऊ कम्युनिष्ट बन्न कस्सिदै थियो
त्यो पनि संसदीय स्याल कम्युनिष्ट होइन
क्रान्तिकारी लाल कम्युनिष्ट ।

ऊ सिक्दै थियो
युवाहरूका लागि एउटा उदाहरण थियो
दलनमा पारिएकाहरूको
मौनता भित्रको एक चित्कार थियो
सचेत चित्कार
उसको आवाजमा आवाज थप्दै
धेरै थिए उसको पछिपछि ।

अब जुलुसहरूमा ऊ देखिने छैन ।
धर्नाहरूमा भेटिने छैन
देशका कुना कन्मदरामा अब
ऊ मुट्ठी कसेर पुग्ने छैन
महफिलहरूमा छाउने छैन
पार्टीका बैठकहरूमा आउने छैन ।

आकासबाट एउटा रातो तारा,
समयभन्दा अगाडि नै निभेको छ
बाटोमुनी फुलेको एउटा रातो फूल
ओइलाउनु अघि नै निमोठिएको छ
जन मनको एउटा नायक
कथा नटुङ्गिँदै हराएको छ
एउटा कर्णप्रिय गीत

सुन्न मन लाग्दा लाग्दै
एक अन्तर मै टुङ्गिएको छ
एउटा गहिरो प्रेमपत्रको जवाफ
लेख्दा लेख्दैको युगीन कलम भाँचिएको छ
यस्तो लाग्छ ....
हरेक हृदयको कुनामा
एउटा मानिस भनिरहेछ ।
अल विदा साथीहरू म जाँदै छु ।

श्याम वर्णको
गठिलो खाइलाग्दो शरीर
र हँसिलो मुहार भएको ऊ
पावेल बन्न लडिरहेको थियो ।

महावीर विश्वकर्मा,
(उर्फ सानो पावेल)
सानो पावेल अर्थात महाविर विश्वकर्मा
गहिरो स्मरण
तथा
भावपूर्ण श्रद्धान्जली !

# लोक कविता

डा ईश्वरमणि अधिकारी

भेडाहरूको सभामा
ब्वाँसाको सम्बोधन !

अब जाडाका दिन गए
हरेकलाई यौटायौटा राडी फ्रि
घुम्लुङ्ग ओढ्यो
झ्याप्प सुत्यो
नो जाडो ! नो तुषारो !!

आलाकाँचा भेडा
उफ्रिए, रमाए
भेडा न हुन्
गाए जयजयकार
ब्वाँसाहरूको ।

अलिक पर
केही थान प्रौढ भेडाहरू भन्दैथिए

आखिर कहाँबाट ल्याउछन् हँ ?
सबलाई राडी बाँड्न पुग्ने ऊन
यी ब्वाँसाहरूले ?

पोखरा !

# आमा प्रति स्रद्धाभाब !

धर्म राज पौडेल अल्पायु

संझेर आमा सिर निहुराउछु
बलिन्द्र धारा सदा बगाउछु
न देख्न पाउछु न बोल्न आमा
तिम्रो त्यो माया मुटुमा सझाउछु !!

म बने भोकमा लोभिर पापी
के दिनुहोला खै मागेर माफी
आखाका ति आसु न पुक्ष्न सके
फगत आफैं यै संसारमा फसें !!

सद्भाब साथ चढाउछु फुल
राखेर काख कहिल्यै नभुल
के दिउ आमा शब्द छन् खालि
मनमै लिनुहोस त्यो मैले पखाली !!

राखेर पाउमा सिर यो नुगायें
हेरेर मुहार चित्त यो बुझायें
न हास्न सक्छु न रून आफै
बनेर एक्लै बनको सुगा झै !!

झस्किन्छ यो मन चिरिंन्छ छाती
संसारमा आमा को होला नजाती
बिचित्र लिला यो हेरेको हेर्यै छु
प्रणाम सदा गरेको गरेयै छु

चिनिन आमा को हुन भनेर
बुझ्दैछु आज मनले गमेर
छाडेको काख पाउने भये आज
बस्दाहुन गई काखमा सब !!

हुनुहुन्न आज सगमा आमा
रूदै छ मन अझै संझेर तमाम
फोटो छ साक्षी जो झुन्डीई बसेको
छदैछ ममता यै मनमा पसेको !!

पोखरा - १३

# चुनाव र मानिसहरु

यकिना अगाध

फेरि गाउँमा । सहरमा मानिसहरू हाँस्ने छन्
खुशीले गदगद भएर
रंगीचंगी झण्डा बोकेर छमछमी नाच्ने छन् ।

यस्तो महसुस हुने छ
दुःख भन्ने यो संसारमा अबदेखि केही बाँकी छैन ।

'साला चोर नेता !'
'साला ठग नेता !'
'कस्तो फटाहा नेता !'
'कस्तो अपराधी नेता !'
'पख्लास् नि जानेको छु– ढडुँवालाई । भ्रष्टाचारीलाई
फेरि पनि चुनावमा त आउलास् नि !'
'एक माघको भोटोले सधैं जाडो टर्दैन क्यारे !'

मानिसहरूसँग
केही पनि हुने छैन
पाँच वर्षसम्मको
यो रिस, द्धेस, आवेग, घृणा
चारो देखाएर
बल्छिमा उनेको त्यो बडेमाको धोखा ।

सिर्फ
गाउँघर, सहर बजारमा
यो सुनिने छन् कि–
'जिन्दावाद ! जिन्दावाद !!'

कोईलीको गीत रोकिने छ
कागको कोलाहल सुस्ताउने छ
न्याउलीले भाका बिसाउने छ
बुर्कुसी मार्ने छैनन् मृगले

यो सुनेर कि
उनीहरूले निकै वर्ष नसुनेको गीत
मानिसहरूले फेरि गाइरहेका छन् ।

रिसाहा कुकुरहरू
चकित भएर पुच्छर हल्लाई रहने छन्
यसकारण कि–
हिजो बेलुकीसम्म
धुवाँसम्म फ्याल्न नसकेका चुल्होहरूले
तिनीहरूको नाक नै भाउन्न हुने गरी
कसरी,
मिष्ठान्न खान्कीको बास्न फ्यालिरहेका छन् एकाएक ?

हिजो बेलुकीसम्म
मानिसहरूको आँखा फोरेर बगेको दुखको डोबमा
सुखको मुस्कान सयपत्री फूलझैं लहलह फुलेका छन्
यो देखेर
मैनाचरी छक्क हुने छिन् कि–
कही पनि छैन शोक
उत्सव नै उत्सव छ
कही पनि छैन थकान
उत्साह नै उत्साह छ ।
मानिसहरूसँग भएको यति धेरै सुख, यति धेरै खुशी
बिना खबर किन पाँच वर्षसम्म बेपत्ता हुन्छन् ?

हिजो बेलुकीसम्म
भेट्नोमा झुण्डेको बडेमाको फर्सीझैं
मानिसहरूको नाकको टुप्पोमै
झुण्डिरहेको थियो– रिसको पोको
स्कुलको फि अचाक्ली बढेकोमा
हस्पिटल पाईलै टेक्न नसक्ने गरि महङ्गीएकोमा
खाद्यन्नको भाउ आकाशिएकोमा ।

यसो भनेर
मानिसहरू एकअर्कासँग बाझिरहेका हुन्थेँ–

खोई बिजुली ? खोई पानी ? खोई बाटो ?
खोई गाँस ? खोई बास ? खोई कपास ?
किन पढ्न पाईरहेका छैनन्– गरीबका छोराछोरीले ?
किन उपचार गर्न पाईरहेका छैनन्– पैसा नभएकाहरूले ?
किन न्याय पाईरहेका छैनन्– सर्वसाधारणले ?
यस्तो पाजि नि सरकार हुन्छ ?

'नेताको त खुट्टा भाँच्ने हो खुट्टा !'
'चुनावमा भोट माग्न त आओस् ! जानेको छु त्यसलाई !'

चुनाव आएको छ ।

फेरि गाउँमा । शहरमा मानिसहरू हाँस्ने छन्
खुशीले गदगद भएर
रंगीचंगी झण्डा बोकेर छमछमी नाच्ने छन् ।

पेरूङ्गोमा ख्लूरिएर रहेको गुन्द्रुक सुकुटीमा परिणत हुनेछ
भट्टिमा वर्षौं हल्लिरहेको उधारो रक्सी नगदमा फेरिनेछ
गोजीका फाटेका प्वालहरूमा केही हजारका नोटहरू झुण्डिनेछ ।

मानिसहरूसँग
केही पनि हुने छैनन्–
पाँच वर्षसम्मको
यो रिस, द्वेस, आवेग, घृणा
चारो देखाएर
बल्छिमा उनेको त्यो बडेमाको धोखा ।

सिर्फ
गाउँघर, शहर बजारमा
यो सुनिने छन् कि–
'जिन्दावाद ! जिन्दावाद !!'

# बिहानी खोज्दा खोज्दै....

अम्बिका भण्डारी

सुनौलो बिहानी खोज्दा खोज्दै
हजुरबुबाले भन्नुहुन्थ्यो हजुरबुबाको
प्राण गयो
सुनौँलो बिहानी खोज्दा खोज्दै ।
हजुर आमाले भन्नुहुन्थ्यो हजुर आमाको पनि
प्राण गयो ॥
यस्तै यस्तै थुप्रै कुराहरू सुनेकी थिएँ बल्यकालमा ।
कपडा सिलाउने दमिनी भाउजुका व्यथा ।
आरनमा बस्ने कामी दाईका व्यथा ॥
हलो जोत्ने हली दाईका व्यथा
गोठमा बस्ने गोठालेका व्यथा
बालुवा चाल्ने कुल्लीहरूका व्यथा
भारी बोक्ने भरियाहरूका व्यथा
शोषित पीडितका व्यथा सुन्दा सुन्दा
मलाई यो जगतमा जमिनदार भन्ने मान्छेहरूको
मुटु केले बनेको हुन्छ होला ।
मनमनै भन्न मन लाग्थ्यो ।
किन त्यही दमाई दाईले सिलाएको कपडा बुनेको धागो चोखो हुन्छ
दमाई दाइ जुठो कसरी भयो ।
त्यहि कामी दाइले कुदेर बनाएको मुर्ति मन्दिर हुन्छ ।
कसरी कामी दाइ जुठो भयो ।
भारी बोक्ने भरियाहरूको पसिनाले साहुँको जीवनमा
किन भरियाको पसिनाले मूल्य पाउँदैन् ?
किन किन किन?
किन रूवाउँछन् सञ्चा सीप भरेर जीवन र जगत फुलाउने
हातहरूलाई किन पीडामा बाँधिनुपर्छ किन
कता कता यिनीहरू मान्छे भएर धर्तीमा आउनु पाप हो र ?
कता कता मनमा लागिरहन्थ्यो ।
समय हो आउँछ जान्छ तर मान्छेमा चेत किन आउदैन् ?
सबै मानिस बराबर हुन भन्ने बिचार किन आउदैन ?

तर पनि मनमा झिनो आशा भने थियो एकदिन यो जगतलाई
मुक्ति मिलाएरै छाड्छु
एक दिन यो समयले अवश्य कोल्टे फेर्छ छ ।
यस्तै यस्तै अनगिन्ती दृष्यहरूले गर्दा बिद्रोही बनायो ।
त्यही समयले मलाई क्रान्तिकारी बनायो ।
त्यही समयले मलाई जङ्गल पठायो
यो सामान्तबाद
परिवर्तनका लागि शोषित पीडित निमुखाहरूको अधिकारका लागि
त्यो बेला
यसरी सजिलै परिवर्तन ल्याउन सकिने सम्भावना थिएन ।
त्यसैले त बोक्दै गरेको झोला खन्दै गरेको बउँसो
जोत्दै गरेको हलो
पोल्दै गरेको आरन सिलाउँदै गरेको भोटो
बोक्दै गरेको भरि कुद्दै गरेको मुर्ति ।
गोवर सोर्दै गरेको भकारो
चटक्कै छोडेर जङ्गल पसेको हुँ महोदय ।
राष्ट्रको सुनौलो भबिष्यको चित्र हृदयमा कोरेर
म कसैलाई मार्नका लागि हैन
म त यी सुन्दर मान्छेहरूका मन भित्रका काला बिचारहरू
मारेर मोति भर्नुपर्छ भन्ने बिचार बोकेको मान्छे हुँ
तर मलाई त यी सुन्दर अनुहार भएका मान्छेहरूले ।
कालो देख्नु भयोर ठाउँको को मोल तोकिदिनु भयो
त्यसैले त गोली बारूद बनाउन बाध्य भए
ज्यानको आशा थिएन मिठो नमिठोको कुनै रहर थिएन ।
आफू मरे पनि देशमा रहेका मानिसहरू मानिस भएर ।
बाँच्न पाउने व्यबस्था आओस् भन्ने चाहिँ मनमा थियो ।
त्यसैले गर्दा देशमा मान्छे भएर बाँच्न पाउने अधिकार पाएका छौँ ।
स्वतन्त्र भएर बोल्न पाएका छौँ
अहिले थोरै भए पनि सिपको कदर भएको छ ।
शिक्षाको बिकास भएको छ ।
अहिले यो युगले सजिलै राष्ट्रको भबिष्य कोर्न पाएको छ

अन्नपूर्ण २ ढिकुरपोखरी

# महाकवि तिमी बाँचिरहेछौ

लीला पण्डित (के.सी.)

महाकवि ! तिमी एक अदभूत, अबिस्रान्त साधक
कल्पना र सिर्जनाका चामत्कारिक कारिगर
तिमी संगीतलाइ देख्न सक्ने
अव्यक्त भावलाई सुन्न सक्ने
ढुङ्गा सङ्ग संम्वाद गर्ने
झरना सङ्ग दोहोरी गाउने
बौद्धिकताले सगरमाथा नाघ्ने
भावनाले प्रशान्तको पिँध छुने
फैलावटमा  चौधै भुवन नाप्ने
जड कण कणमा आत्मा देख्ने
प्रकृति संग मितेरी गाँस्ने
महाकवि, तिमी हामी बीच बाँचिरहेछौ
तिमी धरामा अजर अमर छौ ।

अबोध बाल मुहारमा देवता देख्यौ
ईमान र अभाव भित्र महानता देख्यौ
वैभव भित्र पाप र षड्यन्त्रको डङ्कुर देख्यौ
दुष्ट शासक भित्र क्रुर दैत्य देख्यौ
रूढी र परम्परा भित्र सङ्कीर्ण बन्धन देख्यौ
आत्मबन्चना र पराधीनतालाई नर्क ठान्यौ
स्वतन्त्रता अनि स्वच्छ्न्दताको बिगुल फुक्यौ
अद्बितीय द्रष्टा सिर्जनाको नयाँ दुनियाँ बसायौ ।

तर, स्वदेशी माटो मै सुगन्ध पायौ
मातृभूमि मै स्वर्ग भेट्टायौ
तिमी झुकेनौ, कहिल्यै गलेनौ
अन्तरात्मालाई सिर्जनामा उतार्यौ
महाकवि ! तिमी हामी बिच बाँ ची रहेछौं
तिमी धरामा अजर अमर छौ ।

# जानेका नाममा

अजित उत्सव

बिस्तारै हिड्नुस्
भर्खरै निदाउन लागेका चराहरू ब्युँझन सक्छन्
बिस्तारै जानुस्
भर्खरै जन्मेका नानीहरू अत्तालिन सक्छन्

बिस्तारै हिड्नुस् -जसरी हिडिरहन्छ घडीको सुई
बिस्तारै चल्नुस् जसरी एउटै लयमा बग्छन्
नदी किनारमा फूल

अक्सर हतारिनेहरू तारा खसे जसरी झर्छन्
अक्सर छिटो फुल्ने फूल, छिटै भुईंमा झर्छन्

छिटो कुदाउनु पर्ने त बिमारी बोकेको एम्बुलेन्स पो हो
या छिटो टाल्नु पर्ने त चुहिएको छानो पो हो !

कहिलेकाहिँ छिटो हुनु पर्ने कुरा ढिलो भैदिन्छ
ढिलो हुनुपर्ने कुरा छिटो भैदिन्छ

बाढी आउनु अगाबै नदी किनारका बस्ती सारीसक्नु पर्ने हो,
घाम झर्नु अगाबै बिस्कुन उठाई सक्नुपर्ने हो
सास जानू अगाबै बिमारीलाई अस्पताल पुऱ्याईसक्नु पर्ने हो
र, दिन छँदै रोपाईको मेलो सकि सक्नुपर्ने हो

अक्सर यिनै कुरा ढिलो भैदिन्छ !!

स्कुल पुग्ने बाटो पहिल्यै पिच हुनुपर्ने हो
सडक किनाराका ढल पहिल्यै छोपिनु पर्ने हो
नानीका फाटेका झोला पहिल्यै बदलिनुपर्ने हो
बिद्यालयमा पुस्तक समयमै पुग्नुपर्ने हो

अक्सर यिनै कुरा ढिलो भैदिन्छ !!

तर हेर्नुस् न
आँगनमा खेल्ने रहर नसकिंदै जवानी आईजान्छ
केही गर्ने इच्छा हुँदा हुँदै बुढ्यौलीले छोपि सक्छ
नातीको कमाई देख्न नपाई अस्ताउँछ घाम !!
कहिलेकाहिँ समय यति छिटो आईदिन्छ,
र, बाढीले धानखेत सोत्तर पारे झैँ
उठ्नै नसक्ने गरी
हामीलाई ढलाएर जान्छ ।

यो मध्यरात्रीको बेला,
बिस्तारै खोक्नुस्– ओपिडीमा निदाएको बिमारी झस्किन सक्छ
यो बाटो बिस्तारै हिड्नुस् भर्खरै कोपिला लागेको फूल झर्न सक्छ ।
समय बेचेर घडी किन्ने चेस्टा नगर्नुस्
नबेच्नुस् घर जलाएर खरानीको धुलो ।

जानुस्– यो याम सगरमाथा चढ्ने याम हो
जाँदा हल्ला नगरी जानुस्
जाँदा बिस्तारै जानुस्
तपाईं पुगेको खबर पाएपछि हल्ला त आफै भैजानेछ !

# प्रतीक्षा

-रीता अधिकारी "ऋतु"

धेरैको घर बस्ने याम
नयाँ नयाँ नाता जोड्ने मौसम
पौरखको बिउ हुर्किएर
परिश्रमको दाना भित्राउने मौसम

कस्सम यो मौसममा चलेको
चुनावी चटारो कताकता बेमौसमी लागिरहेछ मलाई
र पनि ,
खराबहरू मध्येमा कम खराब रोज्नु छ
साँच्चै
असलहरू मध्येमा बढी असल रोज्ने दिन कहिले आउला ?
हो त्यही दिनको प्रतीक्षामा छु म ।

पोखरा-११

# कविता

केवि. सञ्जाली

फलानो पार्टी
ढीसानो नेता
एक बट्टा अबिर
महँगा खाँदा
फूलमाला अनि
बधाई र जिन्दावाद
बुरूक्क उफ्राई
सेल्फी क्लिक अनि
पोष्टमा फेरि बधाई
पानी बाराबारको नारा
तिमी त्यो पार्टीको
अनि म यो पार्टीको
हिजोका विमुख छिमेकी
भोलिबाट पुनः मिलाप
उही कुटो कोदालो
आखिर पायौं के ?
छिमेकमा राजनीति देखायौं
गाउँमा पार्टीको गन्ध छिरायौ
अबीर अनि खाँदा लगायौ
यो गर्छु र त्यो गर्छु भन्यौ
अब जित्नेले के दियो तिमीलाई
हार्नेले नपाउने चाहिँ के के ?
धिक्कार तिम्रा अबुझ नारालाई
स्याबास् बिकाउ जनताहरूलाई
बुझ्नेलाई मुर्दावाद
नबुझ्नेलाई जिन्दावाद ।

धन्यवाद ॥

# कठघरा

लोचना अधिकारी

हरेक साँझ  कठघरामा  उभिन्छु म
अलिखित डायरीका पानाहरू
एक एक पल्टाउदै
बयान दिनु छ मैले दिन भरिका
उत्तर दिनु छ मैले हरेक प्रश्नहरूका
म हुनुको अस्तित्व  मेटाउदै
फिराद पत्र तयार गर्नु छ मैले
किन कि म छोरी हुँ

पराइको आँगन टेकेपछि
दैलोमा ढोगेर भित्र  पसे पछि
गर्नु छ मैले सबेर देखि अबेर सम्म नथाकि
सबै  कामहरू बन्नु छ मेसिन
सोधिदैन खाना सन्चो बिसन्चो पनि
एकआध घण्टा संघार नागेपछि
मेरा सखीहरूसँग पँधेरामा पालो कुरेको क्षण
एकैछिन  नाम्लो बिसाउदा आफन्तसँग बसेको
समयको खोजिन्छ हिसाब र मैले दिनु पर्छ
उभिएर  कठघरामा किन म कसैकि श्रीमती
अनि यो समाजकी बुहारी हुँ ।

मायाले हो या शंकाले बारबार लिईरहन्छ बयान
यो पापी समाज
आफैले जन्माएको छोरो समेत नमिठो पारामा भन्छ
आमा आज कहाँ थियौ ? के बात मार्यौ उतै अघायौ
मेरा पनि हुँदाहुन रहरहरू बाहिर निस्केर संसार हेर्ने
के गर्नु ? बृद्धा अबस्थामा पनि दिनु पर्छ बयान
उभिएर कठघरामा किन कि म आमा हुँ
बाँचुन्जेल कठघरामा उभिन तयार छ यो शरीर
किन कि म पित्रृ शत्ताको जाँतोमा पिसिएको
एक अद्‌भुत महिला हुँ र त कठघरामा उभिएर
दिईरहन्छु बयान किन म महिला हुँ ।

पोखरा–७, मासबार

# प्रकृति

बैरागी भिम बहादुर थापा

खोला नाला सुसेलीमा.......
खोला नाला सुसेलिमा संगीतको धुन मिठो लाग्छ
कोइली र झ्याँउकिरीले राष्ट्रको गीत गाए झैँ लाग्छ
बतास चल्दा पातहरू मच्ची मच्ची नाचे झैं लाग्छ
प्रकृतिको सुन्दरता भित्र त्यतै कतै हराउँ झै लाग्छ ।
सुन्दर लाग्छ हिमशृङ्खला.......

सुन्दर लाग्छ हिमशृङ्खला सेता मोती पहाडको
कल कल बग्ने झरना र छहरा सुन्दर लाग्छ बहावको
जब सप्तरङ्गी ईन्द्रेणीमा होली खेल्दा स्वर्ग त्यो
जिउँछन प्रकृति प्रेमीहरू तब हेर्दै सौन्दर्य मुहारको ।
बिहान घामको झुल्कोसंगै.......

बिहान घामको झुल्कोसंगै बुल बुलको स्वर गुञ्जिन्छ
भालेको डाको कुर्ले संगै जनको निद्रा बिउँझिन्छ
किसान दाइले हलो बोकी पौरखी कर्ममा लम्किँन्छ
प्रकृति जनलाई साथ दिन हरपल हरपल तम्सिरहन्छ ।
अस्ताउन थाल्छ जब सूर्य यहाँ......

अस्ताउन थाल्छ जब सुर्य यहाँ तसै चन्द्रमा उदाउँछ
कोइलीको कुहु कुहु बचनले वसन्तलाई बोलाउँछ
जब झर्छन् पुर्वका पात फक्रिन थाल्छन् फुलहरू
प्रकृतिको काखमा बसि रमाउन थाल्छन् जीवहरू ।

कास्की

# बाँचेको छु

उपेन्द्र तिमिल्सिना

बाँचेको छु
तिम्रो शहरमा
एक मुट्ठी श्वास बोकेर
मान्छेभित्र मानव खोज्दै
भौतारिदै र लतारिदै
अभागी जुत्ताको
तलुवा खियाउँदै
बाँचेको छु !
उही तिम्रो शहरमा !

भोक त भूलिसकेछु
प्यास मेटाउने तिर्सनामा
थकान त के भयो र !
पाटी पौवा नै लिलामीमा चढेपछि !
खिस्स दाँत देखाएरै भए पनि
अभाव त झन् छोपेकै छु !
तर पनि म बाँचेको छु
उही तिम्रो शहरमा !

दौरा सुरूवाल लाएर पनि
नाङ्गै देखिने भीडहरूमा
झुत्रो मुत्रो लाएर पनि
लाज त ढाकेकै छु !
शान्तिको धुन बजाउँदै
न्याय कुल्चने शहरमा
आफ्नै लागि कात्रो बोकेर
म बाँचेको छु!
मुर्दा शान्ति छाएको
उही तिम्रो शहरमा !!

– कागेश्वरी मनोहरा –५ , काठमाडौं

# पिता म आफैँ रहेछु दुःखको

माधव खतिवडा

खुसि खोज्न भनेर,
यस्सो फुर्सद निकालेर
अस्तिको शनिबार
माथि अग्लो डाँडामा चढेर
आँखा डुलाई हेरेँ।
बादल,कुहिरो, जङ्गल, ताल हेरेँ
कहिँ अडेन मन।
गाउँ ,शहर बस्तिहरूमा
आँखा चिम्लिएर
खुसि खोजि हेरेँ
मनैदेखि
भेटिएन कतै खुसी ।
थचक्क बसेर,
जब माथिमाथि आकासमा नियालिहेरेँ
कावा खाँदै उडिरहेको
चिलका एक हुलमा आँखा अडिए
आहा स्वतन्त्र कावा!
मनमनै रहर जन्मियो,
फेरि डाह जन्मिया ।
तत्क्षण मन बहकियो
आउँदो शनिबार फुर्सद निकालेर
ओई चिल पख् ,
मपनि चङ्गामा मन राखेर
माथिमाथिसम्म कावा खुवाउँछु ।
म फेरिपनि
चिल र चङ्गाबिचको स्वतन्त्रता बिर्सिएर।
डाहा जन्माउँछु।
फेरि पिता बन्छु
डाह,आर्हिस,घमण्डको
अलि अलि लय पक्डेको मन
भड्किन्छ र
अनि फेरि हुन्छ खुसि फुर.....।

– पोखरा

# केबलपुरे किसानको सम्झना

लक्ष्मण गौतम (हिमाली)

दुःखी र गरिब किसानकै लागि उनको मन नरम
पिपलु जस्तै छहारी दिन्थे गर्मीमा चरम
उनी त एक श्रीखण्ड रैछन् बनपाखा बसाउने
हरियो सुन्दर पहाड रैछन् मुल भई रसाउने
मान र सम्मान विभूषण कहिलै रोजेनन्
इज्जत बढ्ने सामन्ति पद उनले खोजेनन्
जनताको सम्मान उनले थाप्थे सामन्ति लिएनन्
दिनु नै पर्ने मान र सम्मान उनलाई दिएनन्
बोलाए उनलाई सदस्य खान प्रज्ञा प्रतिष्ठान
तुरून्तै उनले अस्विकार गरे लिएनन् कुनै मान
हे आशु कवि सुन्दर छवि सबैका प्यारा छन्
चम्किलो तारा बिलायो भन्दा रून्छ नि हाम्रो मन
किसानको खातिर संघर्ष गर्दै सकियो जीवन
हे जनकवि चम्किला रवि श्रद्धा र सुमन

# बदमासहरू !

लोकनाथ पुडासैनी

भारी बहुमतका साथ सागरले अध्यक्षको चुनाव जिते । प्रतिवद्धताअनुसार उनले गाउँमा एउटा भगवती मन्दिर निर्माण गर्न धन धान्यान्चल महायज्ञको आयोजना गरे । टाढा टाढादेखि भक्तजनहरू आए । सबैले आआफ्ना गच्छे अनुसार धनराशि दान गरे । मोटै रकम सङ्कलन भयो । सङ्कलित रकम अध्यक्षको जिम्मा लगाए । अनि मन्दिर निर्माणका लागि गाउँलेहरूले श्रमदान गरे ।

चारपाटा कुँदेर सुर मिलाइ ढुङ्गाको गारो लगाउन खप्पिस थिए बान्चोके ! थाम, झ्याल–ढोका र टुँडालहरूमा फूलबुट्टा कुँद्ने सीप भएका कर्मी थिए धने सार्की । हँसिया, खुर्पा, कुटो, कोदालो मात्र होइन तामा, पित्तलका सुन्दर वस्तुहरू बनाउने अर्का शिल्पकार थिए फ्याँचे ! दिन रात नभनिकन खट्ने तिनै तीन भाइको मुख्य शिल्प संयोजनमा त्यहाँ एक कलात्मक मन्दिर निर्माण कार्य सुसम्पन्न भयो । धुमेहरूले नौमती घन्काए । वटुकहरूका स्वस्तिवाचन सँगै फ्याँचेद्वारा निर्मित गजुर र भगवती मूर्तिको प्राण–प्रतिष्ठा गरी मन्दिरमा नित्य पूजा अर्चना आरम्भ गरियो ।

आफ्नै हातले निर्माण गरिएको मन्दिरको भव्यता देखेर बान्चोके, फ्याँचे र धनेहरू प्रफुल्लित हुँदै दङ्ग परे । अनि अरू सरह उनीहरूले पनि दुईहात जोड्दै चुँडेर ल्याएको भीमसेनपातीको मुन्टा चढाउन के लागेका थिए, पुजारीको रूखो बोली कानमा ठोक्कियो–

"ए..., डाम्ना हो ! मन्दिरभित्र चियाएर तिम्ले के गरेको त्यस्तो ? बिटुलिँदैन ? उता जाओ । मर्न नसकेका बदमासहरू !?"

भोलिपल्ट उनीहरू दलबल सहित चुच्चे, गल, गैंची बोकेर मन्दिरतिर लम्कँदै थिए ।

जराङबेसी , गोरखा

हाल, पोखरा ।

# परिवर्तन

लता के सी

म सरकारी कर्मचारी, सधैं ९ बजे घरबाट कार्यालय निस्किदा दुई सन्तानलाई विद्यालय छोडेर जाने गर्थें । आज नोभेम्बर ५ तारिख, अन्तराष्ट्रिय वातावरण दिवसको दिन । सधैंझैं समयमा नै हामी निस्कियौं । छोरी बाटोमा अलि हतार लाउँदै भन्दै थिइन्, बुवा अलि छिटो छिटो पुगौं न । ऊ हेर्नु त, बाटोभरि अरू विद्यालयका साथीहरू ञ वातावरण जोगाऔं, पृथ्वी बचाऔं भनेर नारा लगाउँदै निस्किन थालिसके । मलाई छिट्टै पुग्नु पर्यो । मेरो नेतृत्वमा कार्यक्रम संचालन गर्नु पनि थियो । म नै ढिलो पुगे भने त, जो अगुवा, उहीं बाटो हगुवा भनेजस्तो हुन्न र ?

छोरीलाई ढाडस दिंदै मैले भनैं नआत्तिऊ न छोरी । म समयमै पुर्याउँछु नि भनेर बाइकको गति बढाए । दिमागमा कुरा खेल्दै थियो, दुई सन्तान मेरा, कक्षा ८ मा ठूली छोरी पढदै छे । धेरै नै मिहिनेती, लगनशील र समझदार छे । तर कान्छो छोरो ५ मा पढछ । अल्छे र ल्वाँठ छ । एउटै आमाका सन्तान, स्वभावमा कति भिन्नता ?

उनीहरूको विद्यालय आइपुग्यो । भाइको पनि विचार गर्नू है छोरी । भनेर गेटमै बाई गरैं र म कार्यालयतर्फ हानिएँ । दिनभरिको कामको चाप, साँझ ६ बजे लखतरान भएर घर पुगैं । सपरिवार खाजा खायौं । छोरीले घरमा पनि आज वृक्षारोपण गर्नु पर्छ भनेर ५/७ वटा स्याउ, अम्बा आदि फलफूलका बिरूवा लिएर आएकी थिइन् । बुवा र छोरी मिलेर त्यसलाई रोप्यौं । छोरीले भनिन्, बुवा, यी बिरूवाहरूलाई आफ्नै सन्तानजस्तै माया गरेर हुर्काउने है । सधैं पानी हालौं । मलजल गरेपछि, स्याहार गरेपछि यी राम्रा हुन्छन्, सप्रिन्छन् अनि भविष्यमा मीठा र गुनिला फलहरू दिन्छन् नि ?

मैले स्याबास् छोरी भन्दै हस् भनैं । छोरीका कुरा सुनेर म गर्व गर्थें । तर छोरा ....... । मन खिन्न भयो । छोरीजस्तै छोरो पनि बनोस् भन्ने मेरो चाहानामा तुषारापात हुँदै थियो ।

ऊ कसैले भनेको मान्दैनथ्यो । मनको मालिक बन्न खोज्थ्यो । दिदी, हामी बुवा, आमा, शिक्षक, शिक्षिका सबै मिलेर संझाउँथ्यौं तर ऊ सुने

नसुनेझैं गर्थ्यौ । एउटा कानले सुनेर अर्को कानले उडाउने गर्थ्यो । कक्षामा पनि खासै बस्दैनथ्यो । बाहिर खेलेरै समय बिताउँथ्यो । कक्षा ५ कै प्रथम त्रैमासिक परीक्षामा ७ वटा विषयमा लागेपछि विद्यालयले सजाय पनि दियो । तर रिस देखाएर हो वा डरले हो ? २ दिनसम्म घर नै आएन । साथीको घरमा लुकेर बसेको रहेछ । थाहा पाएपछि उसलाई लिएर घर आएका थियौँ । सन्तान हो, केही तलबितल गर्ला कि भनेर स्कूलमा पनि कसैले केही नगर्नू भन्यौँ ।

बुवा, बुवा के सोच्नुभएको ? छोरीको सम्बोधनले म झसङ्ग भएँ । सम्हालिदैं भनैं, केही होइन छोरी, भाइलाई कसरी सही बाटो देखाउने भनेर सोचिराको नि ! झझ

छोरीले मलाई कुरो बुझाएर भनिन्, भाइको रूचि खेलकुदतिर छ, बुवा । उसलाई उसको इच्छाबमोजिम त्यतै लगाउनु पर्छ । ठूलो उन्नति गर्न सक्छ नि । पढेन भनेर चिन्ता नलिनु न बुवा । कुरो गर्दै हामी घरभित्र पस्यौँ । छोरीको कुराले मभित्र केही राहत मिलेको थियो । म र उनी साथी जस्तै बनेका थियौँ । घरका समस्याहरू एकआपसमा मिलेर समाधान खोज्ने गरेका थियौँ ।

समय आफ्नै तालमा भाग्दै थियो । वर्षदिन पुग्न के बेर ? छोरी जिल्ला स्तरीय परीक्षाका लागि कडा मिहिनेतमा जुटिन् । म उनलाई सहयोग पुर्याउन थालैं । हेर्दाहेर्दै परीक्षा नजिकियो । परीक्षाफल पनि आयो । छोरो ५ मै गुल्टियो । उता छोरी भने जिल्लाकै प्रथम भइन् । विद्यालयले सम्मान कार्यक्रममा हामीलाई पनि निमन्त्रण गरेको थियो । छोरोलाई पनि लिएर गयौँ । कार्यक्रममा, शिक्षाक्षेत्रका हस्तिहरू पनि उपस्थित थिए । सबैले छोरीलाई बधाई तथा भविष्यको लागि शुभकामना दिए । सफलताका साथ कार्यक्रम सकिदै गर्दा एउटा सूचना जारी भयो । एक महिनासम्म विद्यालय बिदा हुने र त्यसै बीचमा नयाँ कक्षाका लागि विद्यार्थीहरूको भर्ना गराउन पनि अनुरोध गरिएको थियो । छोरीले पाएको सम्मान, इज्जत र पुरस्कारले हामीमा निकै ठूलो गर्वानुभूति भएको थियो । हाम्रो नाक निकै अग्लिएको थियो । उतै नै रात्रिभोजको आयोजना थियो । केही तीतो केही मीठो पल समेटेर हामीले खाना खायौँ । खाइपिई हामी राति मात्र घर पुग्यौँ । मैले घरमा आएर छोरीलाई रू ५०००।– पुरस्कार दिएँ । छोरो नमीठोसंग हेर्दै थियो । एक प्रकारले ऊ त्यो नगद खोस्ने मुद्रामा देखिएको थियो । भाइको अनुहार पढदै दिदीले भाइलाई भनिन्, पैसा चाहियो ? किन ?

उसले कपाल कन्याउँदै भन्या, फूटबल जुत्ता किन्न, पर्सि म्याच छ, क्लबका । हस्, भोलि तँ र म किन्न जाने है त, ऊ दङ्ग पर्यो । लाग्यो, उसले ठुलै युद्ध जितेको थियो ।

एक महिनापछि विद्यालय खुल्यो । उनी भने कक्षा ९ मा पढन थालिन् तर ऊ कक्षा ५ मा बस्न मानेन । विद्यालय सारिदिन जिद्धी गर्न थाल्यो तर यो कदमले हामीलाई समस्या हुन्थ्यो । म उसलाई लिएर विद्यालय गएँ । कुराकानी गरेँ । अनुरोध गरेँ । फुटबल खेलमा दक्ष भएकै कारणले उसलाई कक्षा छ मा भर्ना मिल्यो । एक वर्षलाई समस्या टरेकोमा म पनि खुसी भएँ । केही दिनपश्चात् एकदिन साँझपख अचानक ऊ दिदीको छेउमा गयो र भन्यो, दिदी, गृहकार्य गर्न सिकाइदिनु न । उनले भाइको मन बुझिँन् र भनिन् नियमित रूपमा पढछस्, मिहिनेत गर्छस् भने मात्र सिकाउँछु । मैले तिम्रो जस्तो पढेर प्रथम भएँ भने सबैले मलाई माया गर्छन्, पुरस्कार र सम्मान दिन्छन्, हो ?
उनले सम्झाएर भनिन हो, भाइ । जीवनको मूल्य बुझेर हामीले पाइला बढायौँ भने सबैतिर हामीलाई सफलता मिल्छ नि ।
दिदीबाट उसले के सिक्यो कुन्नि ? त्यसपछि उभित्र धेरै परिवर्तनहरू देखिन थाले । त्यसपछि उसका क्रियाकलापहरूले कसैलाई पिरोलिनु परेन । उसमा आएको यो परिवर्तन हामी सबैको खुसी बोकेको थियो ।

तीनकुने , काठमाण्डौँ ।

# साँस्कृतिक रुपान्तरण

स्ट्रगल राना

जागेश्वर पेशाले अध्यापन गराउँछन् । त्रिभुवन विश्व विद्यालयको एउटा नाम चलेको आङ्गिक क्याम्पसमा उनी उप-प्राध्यापक छन् । एउटा अमूक पार्टीको सिफारिशमा उनी आंशिक शिक्षकको रूपमा क्याम्पसमा छिरेका थिए । आन्दोलन गरेर करारमा नियुक्ति लिए । केही वर्षपछि फेरि आन्दोलन गरेर स्थायी उप-प्राध्यापक बनेका हुन् ।

यी जागेश्वर आफुलाई महान् क्रान्तिकारी ठान्छन् । उनको नजरमा अरू सबै प्रतिक्रियावादी हुन् । गएका सबै कार्यक्रममा उनी वक्ता बन्छन् र क्रान्तिकारिताको सिद्धान्त सिकाइदिन्छन् । त्यहाँ उपस्थित सबैको उनले समिक्षा गर्छन् र को कहाँनेर क्रान्तिकारी हुन सकेन एक एक गरेर रौंचिरा विश्लेषण गरिदिन्छन् । माइक पाएपछि हत्तपत्त रोष्टम छोड्दैनन् । उनका कुरा कहिल्यै सिद्धिदैन । बोलिरहँदा यिनलाई हाइ काढ्दै नरिवल लिएर जुम्लाहात गर्दै पुराण सुनिरहेको भक्त झैँ आधा सुन्दै र आधा नसुन्दै यिनका भाषणको अन्त्यको प्रतिक्षामा बस्छन् । तर उनको धारा प्रवाह रोकिन मान्दैन ।

आजभोलि साँस्कृतिक रूपान्तरण यिनको अभियान हो । हाम्रो समाज कुसंस्कारको जञ्जालमा कसरी जकडिएको छ त्यो देखेर यिनी हैरान र दिक्दार छन् । केन्द्रदेखिका अरू साँस्कृतिक अभियन्ताहरूलाई यिनले आफुलाई जिल्ला भरिको सबभन्दा ठूलो र एकमात्र साँस्कृतिक योद्धा भनेर चिनाएका छन् । स्वभाविकैले काठमाडौंले यहाँ उनलाई मात्र चिन्दछ । त्यसैले कहिले काहीँ केन्द्रकाहरू आउँदा उनकै सक्रियता बढ्ने भयो ।

हालसालै मेरो उनीसँग भेट्ने काम थियो । म फोन सम्पर्क नगरी एक बिहान उनको घरमा गएँ । गेट खोलेर छिर्ने बित्तिकै पिँढीमा जुन दृश्य देखेँ म त  तीन छक परेँ । पिँढीमा कलात्मक तरिकाले चामलको पिठोको रेखी बनाइएको । त्यस माथि अनेकन टपरीहरूमा चामल, धान, दाल र अन्य वस्तुहरू राखिएका । पण्डितजीले एउटा किताब हेरेर सँस्कृतका शब्दहरू भट्याइरहेका । अनि पण्डितजीको अगाडी हाम्रा जागेश्वर कानमा जनै सिउरेर बसिरहेका । श्राद्ध रैंछ । म एउटा कुराले अचम्म मानेँ त्यो जनै कताबाट आयो ? किनभने मैले पहिल्यैबाट उनले जनै लगाएको कहिल्यै देखेको थिइन ।

पोखरा

# बाउबाजेको इज्जत !

लेखनाथ खनाल

रमेश स्कुलबाट आउदै थियो ! बाटैमा उसको साथीले जिस्कायो "बधाई छ तलाई रमेश" तेरो बिबाह आइतबार हुने भयो ! पर्सि शनिबार कपडा किन्ने रे । रमेशले पत्याएन के मजाक गरेको यार कसरी हुन्छ ? रन्कदै नजिकैको आफ्नो घर गयो ! आमालाई बोलायो आमा ? बुढी कता गैछन् ? केहीछिन पछि आँटीबाट है भन्दै जवाफ दिइन ! भोक लाग्यो खाजा के छ रमेशले सोध्यो ! तखताको थालमा भुटेका मकै छन खा भनिन ! ठेकीबाट अंखारामा मोहि सार्‍यो र गिलासमा राखेर मोहि र मकै खायो ।

३/४ घण्टाको बाटो हिडेर स्कुलबाट आएको थाकेर लखतरान थियो रमेश । झम्के साँझ परेको थियो आमाले साँझबत्ती बालिन् र रमेशको छेउमा आएर बसिन । अब धान कुटाउन परो, चामल पिन्न परो समय धेरै छैन भन्दै गुनगुन गर्न थालिन । किन किन ? रमेशले सोध्यो ,"ल तेरो बिहे गर्ने रे पर्सि आइतबर आज टिकोटालो भयो" बा र दाइ निम्ता भन्न गए आमाले सुनाइन् । रमेश छाँगाबाट खसे झै भयो ?

कहाँ कुन केटीसङ मेरो विवाह हुने भयो मेरो ? अनि म बिना नै केटाकेटी नदेखी कसरी टिकाटालो भयो ? रमेशले प्रश्न गर्‍यो । त्यही पहिला एकपटक कुरा चलेको थियो नि तैले हुँदैन गर्दिन भनेकी केटी ! हो त्यसै सङ तेरो बिहे हुने रे कुन्नि तेरा बाले के सोचेर कुरा टुङ्याए । रमेश पागल झै भयो । त्यतिबेला न टेलिफोन न मोबाइल कस्लाई के भन्ने ? बा र दाजु निम्ता भन्न हिँडिसकेका थिए । एक मनले रमेशले सोच्यो भागौं कि बरू ? तर बाउको इज्जतको सवाल छ । बाउबाजे पुराना गाउँका इज्जतदार मान्छे उनिहरूको इज्जतको लागि पनि केही भन्न र निर्णय लिन सकेन रमेशले ! लहैलहैमा केटाकेटी खेल जस्तो लाग्यो रमेशलाई आफ्नो बिबाहको कुरा ।

आइतबार आँगनमा बाजा बज्न थाले । सबै तिर बिहेको चहल पहल थियो । रमेशलाई दुलाहाको रूपमा सजाउन थालियो । डोलेहरू चाम्दानि लिएर अगाडि आए । रमेश ठाटिएर चाम्दानीमा चढेर दुलही लिन गयो ।

अहिले पनि रमेशलाई त्यो बाउबाजेको इज्जतको लागि गरिएको सम्झौताले जिस्काई रहन्छ । उस्को आफ्नै जिन्दगीले जिस्काई रहन्छ ।

अर्जुन चौपारी -६ दरौं , स्याङ्जा ।

# भोट

गीता तिवारी

आमा भोट त सूर्य मै दिनुपर्छ है जेठो छोराले भन्यो । रात्माटे गाउँका मणिराम उठेका छन् । हाम्रो घर आउने बाटो हाम्रै पाटी सरकारमा हुँदा पिच भएको हो । अझै बाँकी रहेका काम पनि गर्नुछ । यही पाटिले भत्ता दिएर तपाईलाई आफू खुशी खर्च गर्न पाउनु भएको छ । फेरि तपाईँकी बुहारीले पनि राजनीति नै गर्न थालेकी छन । के थाहा भोलि हाम्रो पनि आउन सक्छ ।

दिउँसो माइलो छोरा आमा भएको ठाउमा आएर बस्यो । दाजुभाइ छुट्टिएपछि दशैंमा भन्दा अरू बेला कहिल्यै उ आमा भएको ठाउँ मा आएको थिएन् । माइलो आएको देखेर आमा समेत छक्क परिन् । सुन्तला भएको प्लाष्टिक झोला आमाको हातमा राख्दै ढोग दियो र भन्यो ।

"आमा यसपटक को भोट रूखमा दिनुपर्छ है । अहिलेसम्म मैले भनेको मान्नुभएको छैन तर अहिले चाहिँ हाम्रो पार्टी मिलेका छन् । अहिले पल्ला गाउँका हरि दाइ उठेका छन् उनैलाई जिताउन पर्छ क्या । "अनि अर्को पटक उस्तै परे म पनि उठ्न सक्छु ।

भोलिपल्ट कान्छो छोरो आयो भन्यो आमा अस्ति बैशाखमा स्वतन्त्र उठेको धर्मेलाई भोट दिनु भनेको मानिनौ र दाइहरूकै पार्टीलाई भोट दियौ, आखिर हारे । अहिले चाहिँ मेरो पनि पाटी छ अब घण्टीमा भोट दिनुपर्छ है । नत्र कान्छो भन्न पर्दैन । बरू भोट हाल्न तिमिलाई मै लैजान्छु । कान्छोले कड्किएरै भन्यो ।

आमाले मनमनै भनिन "मोराहरू अरू बेलामा वास्तापास्ता गर्दैनन् जब चुनाब आउँछ अनि आउछन् स्वाङ पार्दै । "बृद्ध भत्ता बुझ्दा नाति नातिना झुमिन्छन चुनाव आउँदा छोराछोरी ।"

चुनावको एक दिन अघि नै सबैले पालैपालो आमालाई फोन गरे र आफ्नो आफ्नो पार्टीलाई भोट हाल्न सम्झाए ।

आमालाई म लैजान्छु भोट दिन आलोक नातिले भन्यो । हैन कान्छी बुहारीले लान्छिन् कान्छोले भन्यो ।

म एक्लै जान्छु आमाले भनिन् ।

मत पत्र लिएर आफूलाई मन परेको उ
उम्मेदवार र मन परेको पार्टिको चुनाव चिन्हमा पालैपालो छाप लगाईन् र मसि नलत्पतियोस् भनेर राम्रोसँग पट्याएर बाकसमा राखिन् । लौ भगवान, मैले भोट दिएका सबैले जितुन् भन्दै बाहिर निस्किइन् ।
बाहिर छोराबुहारी आमालाई कुरेर बसेका थिए । कान्छो छोराले सोध्यो "आमा मैले भनेको ठाउँमा भोट दियौ नि ?"
आमाले भनिन् "आखिर आमा हुम तिमीहरू जता सुकै लागे पनि मेरा लागि बराबरी छौ । त्यसैले मैले त सबै पानामा तीन तीन वटा छाप लगाई दिएर तिमिहरू सबैको भाग पुर्याइदिए । सबैले एकसाथ भने लौ आमाको भोट त बदर हुने भो । जम्मै लाई दिनुभएछ ।
आमाले मनमनै भनिन् "तिमीहरू मात्रै जान्ने छौ छत्तीस सालदेखि भोट दिएका हात हुन् ।

२०७९/८/१८ पोखरा

# प्रमुख आमन्त्रित व्यक्तित्व

अल्पविराम पोखरेली

साहित्यकारहरूद्वारा खप्तड निकुञ्जमा साहित्यिक कार्यक्रम तथा भोजको आयोजना गरिएको थियो । आमन्त्रित सबै साहित्यकारहरू सबैको उपस्थिति भएर आ-आफै परिकारहरू तयार पारेका थिए तर प्रमुख आमन्त्रित ब्यक्तित्व आई पुगेको थिएन । निर्धारित समय भन्दा सवा घण्टा पछि बल्लै आई त पुगे तर हुलिया अनौठो थियो । दौरा र रातो कोट पैन्ट पहिरेको टोपिको सट्टा पिक्याप घाककटिमा टाई र दायाँ बायाँ आककखामा कालो र सेतो चश्मा । एउटा खुट्टामा चप्पल र अर्को खुट्टामा कालो छाला जुत्ता लगाएको प्रमुख आमन्त्रित ब्यक्तित्वको त्यो हुलिया देखेर धेरै जना साथीहरू अकमक्क परे, त्यो देखेर अध्यक्ष साहित्यकारले भन्यो "हालै सम्पन्न निर्वाचन पश्चात उहाँ हाम्रो देशको हुनेवाला प्रधानमन्त्री ।"

०७९ मङ्सिर १०

# सताको सकस

शोभा लामिछाने

बिहानै झिसमिसेमा श्रीमान् मर्निङ वाकमा निस्कन्छन् । सुनसान घरमा, दोस्रो तल्लाको बाल्कोनीबाट संस्कृता वरपर चिहाउँछे । बाटोमा हिंड्ने मानिसको लस्कर बाक्लै छ । पल्लो घरको बाल्कोनी तिर ध्यान केन्द्रीत गर्छे । श्रुतीको घरको त्यो हल पनि सुनसान देखिन्छ । दस बर्ष अगाडि, श्रुतिको नवनिर्मित घरको त्यही सुन्दर हलमा बर्थ डे मनाएको झलझली याद आउँछ संस्कृतालाई । "अब काठमाडौंवासी भएपछि, यसमा नाइनास्ति कहाँ गर्न पाइन्छ र ?" करैकरमा अनारको जुस जस्तै देखिने, हल्का गुलियो पेय पदार्थ पहिलोपटक चाखेकि थिइ उसले । अलिकति थपेर घुटुक्क पारेपछि थकान र सँकोच दुबै हराएर कति आनन्दसँग नाचेकि थिइ उ श्रुतीको बर्थ डे पार्टीमा ।

दोस्रोपटक आफ्नै घरमा आँफै आयोजक भएर सबैलाई पिलाएर आफू पनि पिएकि थिइ । सँस्कृताको श्रीमान् उसलाई बडो प्यारले हौसाईरहेका थिए – "चियर्स ! अब बल्ल सोसाइटीका भाउजुहरूसँग स्टाटस मिल्ने भयो मेरो बुढीको ।"

त्यसपछि सुरू भए सँस्कृताका रमाइला दिनहरू । चाडपर्व, तिज, दशैँ तिहारका पालै पालो खाने भोजहरू । न्युइयर, विकइन्ड, बर्थडे, सबैमा वाइन सहितको पार्टी र नृत्य । मटन रोष्ट, ग्रिल्ड चिकन, बार्बिकि, सेकुवा लगाएतका परिकार, साथमा आइसक्रिम र केक पनि । कहिले दोहोरी साँझमा गएर वाइन, कहिले व्यापारमा मुनाफा धेरै भए वाइन । घाटा लागे पनि वाइन । घरमा पाहुना आएर जमघटमा वाइन । एक्लै भएर बोर फिलिङ हटाउन वाइन । वाइन पछि "वियर", "रम", "ह्विस्की", अन्य के के हो लेवल लेवलका सबै मदिराहरू निको लाग्न थाल्यो उसलाई । अनि दैनिकी नै बन्यो पिउनु र नाच्नु अझ श्रीमान को पनि साथ भएपछि त सुनमा सुगन्ध भैहाल्यो ।

नाच्नुमा संस्कृताको सौख मात्रै हैन, प्रमुख आनन्दी क्षण पनि थियो । बालकैदेखि, मन्दिरका भजनहरू, स्कुलका कार्यक्रम, तीज, तिहारका भैली गीत आदिमा नाच्ने गर्थी । किशोरी हुँदा समाज परिवर्तनको राजनैतिक अभियानमा पनि ऊ कस्सिएर, दिलोज्यानले नाचेकी थिइ, रक्तिमका शक्तिशाली राष्ट्रवादी गीतहरूमा ।

"त्यो बेलाको नाचको रौनक नै बेग्लै", स्मृतिमा हराउँदा हराउँदै, अचानक सँस्कृताको मष्तिस्कमा उर्जा सँचार भयो । उसलाई याद आयो, ती धुन, ती शब्दहरू "हारे हतगडि हातमा, जिते यो सिँगो सँसार, भन्दै उठ्दैछन् वीर, बोक्दै क्रान्तिको औजार, स्मृतिमै जोशिएर मुट्ठी पार्दै दाहिने हात उठाइ । अचानक ह्विलचेयर पछाडि तिर गुड्यो, हत्तपत्त दाहिने हातले ब्रेक थिची सँस्कृताले । अनि बिस्मय साथ नियाली 'देब्रे पाटो पक्षाघात' भएको आफ्नै शरीरलाई ।

# चार मुक्तक

डा. पुष्पा के.सी. भण्डारी

प्रकृति हो शाश्वत बुझ्दछन् ती ज्ञानी
झलमल्ल घाम कलकल त्यो पानी
साथैमा जाने त फगत कर्म नै रहेछ
त्यसैले नगर्नु गल्ती हेर जानीजानी !

तिम्रो नाममा कविता लेखियो, लेखियो कहानी पनि
बग्दै गरेको पानी देखियो, देखियो जवानी पनि
स्थिर त केही रहेनछ प्रकृतिमा सबै बग्दै गरेका थिए
मीराको झैँ प्रेम गर्नेहरू देखियो, देखियो दिवानी पनि !

मोती टिप्न डुबेकाहरू कहाँ सबै फर्कन्छन् र !
गोही र सार्कहरूबाट कहाँ सबै तर्कन्छन् र !
कठै ती समुन्द्रको चाल नबुझी फालहाल्नेहरू
बरू मर्छन् तर कहाँ यताउता सर्कन्छन् र !

कसैको जित हुँदा कसैको हार हुनेभयो ।
मत परिणाम हेर्दा खकुरीको धार हुनेभयो ।
राजनैतिक स्थिरताको आशा कमै देखियो
बोझिलो भविष्य जनतालाई भार हुने भयो ।

पोखरा -१९, लामाचौर ।

# तीन मुक्तक

शकुन ज्ञवाली

अरूले नचिने नचिनून् मलाई तर मेरो बेशीं गाम ले चिनून्
अर्काले उचालेर होइन मलाई मेरै आफनै काम ले चिनुन्
यसको नातेदार उसको नाता अर्काको साइनोले हुदै होइन
बरू मलाई थोरैले चिनून् तर मेरो आफनै नाम ले चिनून्

कहिलेकाँहि त लाग्छ हजुर न्याउली जस्तै हुने गर्छु
कल्पनामा घरको आँगन त्यही मुलबाटो छुने गर्छु
देश छोडेर हिंडेको म गफ लगाए जस्तो लाग्ला
नपत्याउलान् कोहीले तर नेपाल सम्भी रूने गर्छु।

सधै रिझाउन सकिदैन कोहीलाई चाकडी कसैको खास नगर
आफनो कर्तब्य गर सधै तर अर्काबाट कहिल्यै आश नगर,
जिन्दगी ले मलाई यहा सम्म आँउदा यौटा कुरा राम्ररी सिकायो
माया र स्नेह गर सबैलाई तर जो पायो उसलाई विश्वास नगर।

# गजल

रामकुमार श्रेष्ठ 'फुच्चे'

मैदान अनि चौतारी सब सुनसान छ फर्क युवा ।
मान्छेमान्छेमै लुछाचुडी हानाहान छ फर्क युवा ॥

तिमी छदा मेलापात भारापर्म सबथोक चल्थ्यो,
मुग्लानपस्यौ खेतबारीमै मकैधान छ फर्क युवा ।

जन्तीअनि मलाम जाने युवा छैनन् अचेलगाऊँमा,
बुढापाका सबमा तिम्रो गुणगान छ फर्क युवा ।

थला पर्यो ढिकीजाँतो दमका रोगी आमासँगै,
सबका सामू समय नै बलवान छ फर्क युवा ।

चाडवाडमा चहलपहल भट्टिहोटल ऊस्तै हुन्न,
कतिपिउँछौ रोजीछाडी तानातान छ फर्क युवा ।

सूर्यपाल, लमजुङ
हाल–दमौली

# गजल

दिलिप दोषी

यो भव सागर तरेरै जाने हो
दुई दिने चोला मरेरै जाने हो ।

किन घमण्ड ओकल्दछन् मान्छेहरू
एकदिन त माटोमा सरेरै जाने हो ।

जब हुन्छ जिन्दगीको अन्तिम दिन
जौतिल र फूल छरेरै जाने हो ।

पैसा पैसा भनेर कति दिन मर्नु
गोजीबिनाको कात्रो धरेरै जाने हो ।

को हो आफन्त ? कहाँ राख्छौ धन
सकेको राम्रो गरेरै जाने हो ।

# केही हाइकु

कृष्णप्रसाद पौडेल

देशको माया...
साधारण मान्छेमा
न कि नेतामा ।

आफ्नै आँगन
परदेश समान
कारण शक्ति ।

गाई अभाव
कृषकको गोठमा
छ अनुदान ।

लाखौं लगानी
परभूमिका लागि
प्राप्ति हजार ।

आफ्नै भूभाग
सुरक्षा असमर्थ
परको ताक्ने ।

आफू निष्क्रिय
भाषा ज्ञान प्राप्तिमा
दोष अरूमा ।

प्रकृति प्रेम
भाषणमा केन्द्रित
वन विनाश ।

पितृकार्यमा
बोलाइन्छन् दुर्जन
न कि बान्धव ।

आपत्ति पर्दा
बैठकको आह्वान
नपरे चुप ।

भनाइ उच्च
व्यवहारमा क्षुद्र
खोज्ने सम्मान ।


अनुसूची-५

(नियम ४ को उपनियम (२) सँग सम्बन्धित)

**पत्रपत्रिका प्रकाशित गर्ने अस्थायी प्रमाणपत्र**

सि.नं.

दर्ता नं.: ३५८/०७८/७९



श्री तारा प्रसाद तिंसिना

सम्पादक

***सृजना आलोक शृङ्खला, त्रैमासिक पत्रिका ।***

महाशय,

तपाईलाई निम्न विवरणको पत्रपत्रिका प्रकाशन गर्नको लागि मिति २०७८/०५/२७ को निर्णयानुसार यो अस्थायी प्रमाणपत्र दिइएको छ ।

१. **पत्रपत्रिकाको विवरण :**

- क) नाम : **सृजना आलोक शृङ्खला**
- ख) किसिम : त्रैमासिक
- ग) भाषा : नेपाली
- घ) आकार: २१ x १४ से.मि.
- ङ) पृष्ठ संख्या : १२०
- च) छापिने न्यूनतम संख्या : ५०० प्रति
- छ) प्रकाशित हुने स्थान : पोखरा म.न.पा.,वडा नं १, बगर कास्की ।
- ज) प्रकाशित हुने दिन : हरेक तीन महिनाको अवधिमा ।

२. **पत्रपत्रिकाको कार्यालय रहने स्थान :**

- (क) म.न.पा : पोखरा म.न.पा.
- (ख) वडा नं. : १६
- (ग) जिल्ला : कास्की

३. **प्रकाशकको नाम :**

- क) नाम : साहित्य शृङ्खला, पोखरा ।
- ख) ठेगाना : पोखरा म.न.पा. वडा नं. ३, कास्की ।

४. **मुद्रकको नाम र ठेगाना** : आदर्श अफसेट प्रिन्टर्स, पोखरा-१, बगर कास्की ।

५. **अन्य विवरण :**

*कार्यालयको छाप*

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की

**स्थानीय अधिकारीको :**

सही :-

नाम :- ध्रुवसिंह खड्का

दर्जा :- प्रशासकीय अधिकृत

कार्यालय :-जिल्ला प्रशा.का.,कास्की

मिति :- २०७८/०५/२७ गते ।

ध्रुवसिंह खड्का
प्रशासकीय अधिकृत

__नोटः__ *पत्रिकाको नाम छपाई गर्दा एकै हरफ र एउटै फन्ट साइजमा छाप्ने व्यवस्था गर्नु हुन ।*

# परिश्रमी प्रतिभा पुरस्कार-२०७५ : सङ्क्षिप्त चिनारी

साहित्य शृङ्खला, पोखरा

नेपाली हास्य व्यङ्ग्य साहित्य र कलाका क्षेत्रमा योगदान दिने साधक वा संस्थाहरूलाई यथोचित कदर हुन सकोस् : त्यस्ता कलाकारहरूलाई प्रेरणा मिलोस् भन्ने हेतुले पोखरा महानगरपालिका–१२, कुँडहरचोक निवासी नारायण बहादुर पण्डित/नारायण परिश्रमीद्वारा हाललाई रू. १,००,१०५।– (अक्षेरूपी एक लाख एक सय पाँच) को अक्षयकोषको स्थापना गरिएको र त्यसको प्राप्त व्याजबाट प्रत्येक वर्ष पुरस्कार वितरण गर्ने यसको उद्देश्य रहेको छ । यसको सञ्चालक र व्यवस्था साहित्य शृङ्खला, पोखराले गर्नेछ । यस सम्बन्धी निम्न अनुसार प्रावधानहरू रहेका छन् :

१. उक्त अक्षयकोषको रकम गण्डकी विकास बैंकको चिप्लेढुङ्गा शाखामा मुद्दती खाता नं. 0010240021863900002 मा निक्षेप गरिएको छ । सो रकमको व्याज त्रैमासिक रूपमा सोही बैंकको बचत खाता नं. 0010120021863900001 मा जम्मा हुनेछ ।

२. उक्त कोषको रकमको सञ्चालन अक्षयकोषका संस्थापक/संरक्षक नारायण परिश्रमी र साहित्य शृङ्खला, पोखराका कोषाध्यक्षको संयुक्त दस्तखतमा हुनेछ ।

३. सो पुरस्कारको राशि रू. १०,००१।– (अक्षेरूपी दश हजार एक रूपैयाँ) र सम्मान पत्र सहितको हुनेछ र पुरस्कारको राशि समयानुकूल वृद्धि हुन सक्नेछ ।

४. प्रतिभा छनोटका लागि साहित्य शृङ्खला, पोखराका अध्यक्ष/संयोजक वा संस्थाले तोकेको प्रतिनिधि–१ जना, संस्थापक/संरक्षक/वा प्रतिनिधि–१ जना र प्रगतिशील/प्रगतिवादी साहित्यकार १ जना गरी ३ सदस्यीय उपसमिति बनाइने छ र पुरस्कार वितरणपछि सो समिति स्वतः भङ्ग हुनेछ ।

५. छनोट उपसमितिले सिफारिस गरेको व्यक्ति वा संस्थालाई कार्य समितिको पूर्ण बैठकले अनुमोदन गर्नु पर्नेछ ।

६. प्रतिभा छनोट गर्दा हास्यव्यङ्ग्य, प्रगतिशील लेखन सम्बन्धी स्रष्टा साहित्यकार, कलाकार सङ्घ संस्थालाई प्राथमिकता दिइनेछ ।

७. प्रभित छनोट, पुरस्कार वितरण र यस अक्षयकोष सञ्चालन सम्बन्धी कुनै अवरोध, समस्या वा बाधा अड्चन आई परेमा संस्थापक/संरक्षक समेतको राय सुझाव लिई साहित्य शृङ्खला, पोखराको कार्य समितिले नै त्यसको व्यवस्थापन गर्नेछ ।

८. पुरस्कार वितरण अक्षयकोषका संस्थापक/संरक्षक र साहित्य शृङ्खला, पोखराका अध्यक्ष र प्रमुख अतिथिबाट संयुक्त रूपमा गरिने छ ।

९. माथि प्रस्तुत सर्तहरू फेरबल वा थपघट गर्ने सम्पूर्ण अधिकार साहित्य शृङ्खला, पोखरामा निहित हुनेछ । अनुकूल समयमा यस सम्बन्धी विनियम तयारी गरिनेछ ।

साहित्य शृङ्खला, पोखराको अक्षयकोषदाता/आजीवन सदस्यहरूको विवरण यस प्रकार रहेको छ :

| क्र.सं. | नाम | रकम |
|---|---|---|
| १ | यादवराज उपाध्याय | ६,०००/– |
| २ | पद्मराज ढकाल | ५,००५/– |
| ३ | नारायण परिश्रमी | ५,००५/– |
| ४ | विष्णु 'अल्पविराम' | ११,१०१/– |
| ५ | मदन भण्डारी | ५,०००/– |
| ६ | लक्ष्मण गौतम 'हिमाली' | ५,०००/– |
| ७ | काजी गाउँले | ५,०००/– |
| ८ | स्ट्रगल राना | ५,०००/– |
| ९ | यमबहादुर राना | ५,०००/– |
| १० | छवि सुवेदी विजयी | ५,०००/– |
| ११ | सूर्य खड्का 'बिखर्ची' | ५,०००/– |
| १२ | रामराज रेग्मी | ५,०००/– |
| १३ | लोकनाथ पुडासैनी | ५,०००/– |
| १४ | निर्मला न्यौपाने | ५,०००/– |
| १५ | विजया कोइराला | ५,०००/– |
| १६ | छविलाल आचार्य | ५,०००/– |
| १७ | तारा प्रसाद तिमिल्सिना | ५,०००/– |
| १८ | लक्ष्मी थापा | ५,०००/– |
| १९ | धन बहादुर नेपाली | ५,०००/– |
| २० | मञ्जु गुरूङ | ५,०००/– |
| २१ | नारायण बाँस्तोला 'श्रमपन्थी' | ५,०००/– |
| २२ | परशुराम कोइराला | ५,०००/– |
| २३ | रमाकान्त बराल | ५,०००/– |
| २४ | निर्मल सापकोटा | ५,०००/– |
| २५ | सङ्गम सांस्कृतिक मञ्च नेपाल | ५,०००/– |
| २६ | सिर्जना र असार साहित्यिक समूह | ७,०००/– |
| २७ | लीला पण्डित के.सी. | ५,०००/– |
| २८ | विमलमान गुभाजू | २५,०००/– |
| २९ | प्रा.डा. रविलाल अधिकारी | ५,०००/– |
| ३० | रह शर्मा (शशिकिरण रेग्मी) - चितवन | ५,०००/– |
| ३१ | विजया सुवेदी 'उदासी' | ५,०००/– |
| ३२ | माधव खतिवडा | ५,०००/– |
| ३३ | इ. शर्मिला गौतम तिमिल्सिना | ५,०००/– |
| ३४ | पूरण श्रेष्ठ | ८,०००/– |
| ३५ | यादव चन्द्र भुर्तेल | ५,०००/– |
| ३६ | टेकनाथ बराल | ५,०००/– |
| ३७ | डा. कृष्णराज अधिकारी | ५,०००/– |
| ३८ | नुमराज बराल | ५,०००/– |
| ३९ | लक्ष्मीप्रसाद पौडेल 'कलपित' | ५,०००/– |
| | **जम्मा** | २,२७,१११/– |